# हरिभक्त बुढाथोकीको उपन्यासकारिता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत

नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको

दसौँ पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

**कल्पना भट्ट**

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर


२०६९

# हरिभक्त

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सममाजिकशास्त्र सङ्कायअन्तर्गत एम्.ए. दोस्रो वर्षकी विद्यार्थी श्री कल्पना भट्टले **हरिभक्त बुढाथोकीको उपन्यासकारिता** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पार्नु भएको यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

डा. खगेन्द्रप्रसाद लुइटेल
(शोधनिर्देशक)
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मिति : २०६९/०५/०२

# स्वीकृतिपत्र

डा. देवीप्रसाद गौतम ...................................

(विभागीय प्रमुख)

डा. खगेन्द्रप्रसाद लुइटेल ...................................

(शोधनिर्देशक)

डा. सुष्मा आचार्य ...................................

(बाह्य परीक्षक)

मिति : २०६९/०५/१४

शोधपत्र मूल्याङ्कन समिति

# कृतज्ञताज्ञापन

**हरिभक्त बुढाथोकीको उपन्यासकारिता** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष दसौं पत्रको प्रयोजनको लागि आदरणीय गुरु डा. खगेद्रप्रसाद लुइटेलको निर्देशनमा तयार पारेकी हुँ । आफ्नो कार्यव्यस्तताका बीच पनि यो शोधपत्र तयार गर्ने सन्दर्भका सही मार्गनिर्देशन गराएर अघि बढ्न उत्प्रेरित गरी आवश्यक सल्लाह दिनुहुने गुरुप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्रको तयारीका क्रममा आवश्यक पर्ने सामग्री एवम् जानकारी प्रदान गर्नुहुने शोध नायक हरिभक्त बुढाथोकी तथा उहाँको परिवारप्रति म सदा कृतज्ञ रहने छु । यसैगरी शोध नायकका बारेमा थप जानकारी र सामग्री उपलब्ध गराइदिनुहुने दाइ दुर्गा पौडेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसैगरी सामग्री सङ्कलनका क्रममा सहयोग पुऱ्याउने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय र नेपाली केन्द्रीय विभागको पुस्तकालयलाई हार्दिक धन्यवाद अर्पण गर्दछु ।

आर्थिक तथा व्यावहारिक समस्याहरूसँग सङ्घर्ष गर्दै आफ्नो जीवन मेरो अध्ययन कार्यको सहयोगमा बिताई मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुऱ्याउने मेरा पूजनीय पिता द्विजराज भट्ट र माता जानकी भट्टप्रति म आजीवन ऋणी रहने छु ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा मलाई कम्प्युटर टङ्कण तथा काटछाट गर्न सहयोग गर्ने भाइ धर्म मिश्र प्रति आभार प्रकट गर्दछु । साथै प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्नुहुने मेरा मित्रहरूप्रति आभार प्रकट गर्दछु ।

अन्तमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि. वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेश गर्दछु ।

शैक्षिक सत्र : २०६५/०६६

क्रमाङ्क : १२

मिति : २०६९/०५/२

..........................

शोधार्थी

**कल्पना भट्ट**

नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

# विषयसूची

**पहिलो परिच्छेद : शोधपरिचय** **१-५**

१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ शोधपत्रको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य र महत्त्व ४

१.६ शोधकार्यको सीमाङ्कन ४

१.७ सामग्रीसङ्कलन विधि ४

१.८ शोधविधि ४

१.९ शोधपत्रको रूपरेखा ५

**दोस्रो परिच्छेद : हरिभक्त बुढाथोकीको संक्षिप्त परिचय** **६-१३**

२.१ हरिभक्त बुढाथोकीको जीवनी ६

२.१.१ जन्म र बाल्यकाल ६

२.१.२ शिक्षादीक्षा ६

२.१.३ विवाह र सन्तान ७

२.१.४ आर्थिक अवस्था ७

२.१.५ सम्मान र पुरस्कार ८

२.२ हरिभक्त बुढाथोकीको व्यक्तित्व ८

२.२.१ साहित्यिक व्यक्तित्व ८

२.२.१.१ नाटककार व्यक्तित्व ९

२.२.१.२ कवि व्यक्तित्व ९

२.२.१.३ गीतकार व्यक्तित्व ९

२.२.१.४ उपन्यासकार व्यक्तित्व १०

२.२.१.५ कथाकार व्यक्तित्व १०

२.२.१.६ निबन्धकार व्यक्तित्व ११

२.२.१.७ सम्पादक व्यक्तित्व ११

२.२.२ साहित्येतर व्यक्तित्व १२

२.२.२.१ जागिरे व्यक्तित्व १२

२.२.२.२ समाजसेवी व्यक्तित्व १२

२.२.२.३ प्राविधिक लेखक व्यक्तित्व १३

**तेस्रो परिच्छेद : हरिभक्त बुढाथोकीको औपन्यासिक यात्रा १४-१६**

३.१ पृष्ठभूमि १४

३.२ पहिलो चरण १४

३.३ दोस्रो चरण १५

३.४ निष्कर्ष १६

**चौथो परिच्छेद : हरिभक्त बुढाथोकीका उपन्यासको विश्लेषण १७-८५**

४.१ उपन्यास विश्लेषणको प्रारूप १७

४.१.१ कथानक १७

४.१.२ सहभागी १८

४.१.३ परिवेश १८

४.१.४ उद्देश्य १९

४.१.५ दृष्टिबिन्दु १९

४.१.६ भाषाशैलीय विन्यास २०

४.२ हरिभक्त बुढाथोकीका उपन्यासको विश्लेषण २०

४.२.१ 'सन्तान' उपन्यासको विश्लेषण २१

४.२.१.१ परिचय २१

४.२.१.२ कथानक २१

४.२.१.३ सहभागी २७

४.२.१.४ परिवेश ३३

४.२.१.५ उद्देश्य ३४

४.२.१.६ दृष्टिबिन्दु ३५

४.२.१.७ भाषाशैलीय विन्यास ३५

४.२.१.८ निष्कर्ष ३६

४.२.२ 'बहुरूपी साधु' उपन्यासको विश्लेषण ३८

४.२.२.१ परिचय ३८

४.२.२.२ कथानक ३८

४.२.२.३ सहभागी ४३

४.२.२.४ परिवेश ४७

४.२.२.५ उद्देश्य ४८

४.२.२.६ दृष्टिबिन्दु ४९

४.२.२.७ भाषाशैलीय विन्यास ४९

४.२.२.८ निष्कर्ष ५०

४.२.३ 'आरतीका आँसु' उपन्यासको विश्लेषण ५२

४.२.३.१ परिचय ५२

४.२.३.२ कथानक ५२

४.२.३.३ सहभागी ५८

४.२.३.४ परिवेश ६४

४.२.३.५ उद्देश्य ६५

४.२.३.६ दृष्टिबिन्दु ६६

४.२.३.७ भाषाशैलीय विन्यास ६७

४.२.३.८ निष्कर्ष ६८

४.२.४. 'मनसराको चिहान' उपन्यासको विश्लेषण ६९

४.२.४.१ परिचय ६९

४.२.४.२ कथानक ६९

| | | |
|---|---|---|
| ४.२.४.३ | सहभागी | ७४ |
| ४.२.४.४ | परिवेश | ८० |
| ४.२.४.५ | उद्देश्य | ८१ |
| ४.२.४.६ | दृष्टिबिन्दु | ८२ |
| ४.२.४.७ | भाषाशैलीय विन्यास | ८२ |
| ४.२.४.८ | निष्कर्ष | ८४ |
| **पाँचौं परिच्छेद : हरिभक्त बुढाथोकीको औपन्यासिक प्रवृति** | | **८६-९६** |
| ५.१ परिचय | | ८६ |
| ५.२ हरिभक्त बुढाथोकीको औपन्यासिक प्रवृति | | ८६ |
| ५.३ निष्कर्ष | | ९५ |
| **छैठौं परिच्छेद : उपसंहार** | | **९७-१०२** |
| सन्दर्भग्रन्थसूची | | १०३ |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

नेपाली साहित्यको विभिन्न विधामा कलम चलाउने सामाजिक यथार्थवादी साहित्यकार हरिभक्त बुढाथोकी (१९९७) को प्रमुख विधा उपन्यास नै हो । तेरथुम जिल्लाबाट प्रकाशित हुने **खहरे** पत्रिकामा कविता लेखेर साहित्यमा प्रवेश गरेका बुढाथोकीको पहिलो प्रकाशित कृति **वसन्त कोपिला** (२०१७) नाटक हो । यस बाहेक उनले कथा, उपन्यास, कविता, गीत आदिमा कलम चलाएको पाइन्छ ।

हरिभक्त बुढाथोकीको आजसम्मको साहित्यिक यात्राका क्रममा एकदर्जन पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । त्यसमा पनि सबैभन्दा बढी औपन्यासिक कृतिहरू नै रहेका छन् । उनका हालसम्म **सन्तान** (२०२९), **आमाको उपहार** (२०२९), **बहुरूपी साधु** (२०३०), **आरतीका आँसु** (२०३९), **मनसराको चिहान** (२०४०) जस्ता औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । उपन्यास बाहेक उनको एउटा **वसन्त कोपिला** (२०१७) नाटक, **हाम्रो देश हाम्रै भविष्य** (२०६२) गीति कवितासङ्ग्रह र **मूलको सङ्लो पानी** (२०६४) गीतसङ्ग्रह प्रकाशित भइसकेका छन् । साहित्यिक कृति बाहेक उनका **सवारी ज्ञान** (प्राविधिक २०२६), **ड्राइभिङ शिक्षा** (प्राविधिक २०३२), **मोटर ड्राइभिङ** (प्रश्नोत्तर २०६५), **ड्राइभिङ लाइसेन्स गाइड बुक** (प्राविधिक २०६२) जस्ता साहित्येतर कृतिहरू पनि प्रकाशित छन् । यी बाहेक उनका विभिन्न पत्रपत्रिकामा फुटकर कथा, निबन्ध, एकाङ्की, गीत र लेख रचनाहरू छरिएर रहेका छन् ।

सामाजिक विषयलाई अँगालेर लेखिएका हरिभक्त बुढाथोकीका उपन्यासमा नेपाली नारीका कारुणिक कथा, सौता-सौताबीचको झगडा, मानवबेचबिखन, आमाको माया नपाएका बालबालिकाको मनस्थिति, युवायुवतीबीचको आत्मिक र शारीरिक प्रेम जस्ता कुराहरूलाई औपन्यासिकीकरण गरिएको पाइन्छ । बुढाथोकीका उपन्यासमा विषय र घटनाहरूको सजिव चित्र उतारिएको पाइन्छ । सामाजिक यथार्थवादी धारामा टेकेर उपन्यास लेख्ने उपन्यासकार बुढाथोकीका औपन्यासिक कृतिहरूको गहन अध्ययन गरी उनको समग्र उपन्यासकारिताको अध्ययन हुन सकेको छैन । यस शोधकार्यमा उनका औपन्यासिक कृतिहरूको अध्ययन गरी उनको समग्र उपन्यासकारिताको अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यका विविध विधामा कलम चलाएर पनि ओझेलमा परेका सामाजिक उपन्यास लेखन परम्पराका एक हस्ति हरिभक्त बुढाथोकीका प्रकाशित उपन्यासहरूको केन्द्रीयतामा रही यस शोधका लागि निम्नलिखित समस्याहरू रहेका छन् -

१. हरिभक्त बुढाथोकीको जीवनी र व्यक्तित्व केकस्तो छ ?

२. औपन्यासिक विधा तत्त्वका आधारमा बुढाथोकीका उपन्यासहरू केकस्ता रहेका छन् ?

३. हरिभक्त बुढाथोकीका औपन्यासिक प्रवृतिहरू केकस्ता रहेका  छन् ?

## १.३ शोधपत्रको उद्देश्य

हरिभक्त बुढाथोकीको उपन्यासकारितालाई मूल समस्या मानी अध्ययन गरिने प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् -

१. हरिभक्त बुढाथोकीको जीवनको अध्ययन गर्नु ।

२. औपन्यासिक विधातत्त्वका आधारमा उनका उपन्यासहरूको विश्लेषण गर्नु ।

३. बुढाथोकीका औपन्यासिक प्रवृतिहरूको निरुपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यासकार हरिभक्त बुढाथोकीका उपन्यासहरूका बारेमा त्यति अध्ययन हुन सकेको छैन । उनका उपन्यासहरूमा लेखिएका प्रकाशकीय, मन्तव्य र भूमिका बाहेक कसैले कहीँ पनि सुव्यवस्थित र विस्तृत अध्ययन गरेको पाइँदैन । उनका उपन्यासका बारेमा भएका केही पूर्वअध्ययनहरूलाई कालक्रमिक ढङ्गले निम्नानुसार प्रस्तुत गरिएको छ -

कृष्णप्रसाद पाठकले **सन्तान** (२०२९) उपन्यासमा बुढाथोकीलाई विषय प्रधान उपन्यासकार र घटनाहरूको सजीव चित्रण गर्ने उपन्यासकारका रूपमा उल्लेख गरेका छन् ।

वामदेव पाहाडीले **मनसराको चिहान** (२०४०) उपन्यासमा उपन्यासकार बुढाथोकीलाई घटना र नाटकीय उतार चढावको कुशल संयोजन गर्ने उपन्यासकार भनी उल्लेख गरेका छन् ।

जयराज पन्तले **आँसुको सौगात** (२०४४) उपन्यासमा उपन्यासकार बुढाथोकी भावना, यथार्थता र जागिरे जीवनका तीतामिठा अनुभूतिको चित्रण गर्न खप्पिस छन् भनी उल्लेख गरेका छन् ।

डा. खगेन्द्रपसाद लुइटेलले **मनसराको चिहान** (दो. सं. २०६१) उपन्यासमा उपन्यासकार बुढाथोकीलाई नेपाली उपन्यासको फाँटमा सामाजिक उपन्यासकारका कित्तामा पर्ने उपन्यासकार हुन् भन्दै यस उपन्यासमा अतिशयोक्तिपूर्ण काल्पनिकताको तानाबाना भन्दा बढी यथार्थको छनक भेटिन्छ त्यसैले यो सामाजिक यथार्थमूलक उपन्यास हो भनी उल्लेख गरेका छन् ।

दुर्गा पौडेलले **हरिभक्त बुढाथोकीको जीवनी, व्यक्तित्व र कृतित्व** (२०६५) नामक स्नातकोत्तर शोधग्रन्थमा उपन्यासकार बुढाथोकीलाई विषयप्रधान र घटनाहरूको सजीव चित्रण गर्ने सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा चिनाएका छन् ।

डा. खगेन्द्रप्रसाद लुइटेलले 'तेरथुम जिल्लाको साहित्यिक सर्वेक्षण' (**तीनजुरे** २/१, २०६६) मा तेरथुम जिल्लाका उपन्यासहरूको चर्चा गर्ने क्रममा उपन्यासविधामा कलम चलाएर राष्ट्रिय स्तरमा विशिष्ट योगदान पुऱ्याउने तेरथुमे उपन्यासकारमा हरिभक्त बुढाथोकी देखापर्छन भनेका छन् ।

डा. खगेन्द्रप्रसाद लुइटेलले **नेपाली उपन्यासको इतिहास** (२०६९) मा बुढाथोकीलाई समग्रमा सामाजिक प्रेमप्रणयमूलक विषयवस्तुलाई त्यसैअनुरूपको सहभागी र परिवेशको निर्माण गरी सोद्देश्यमूलक ढङ्गले प्रायः तृतीय पुरुष दृष्टिबिन्दु तथा सरल भाषिक विन्यासका माध्यमबाट उपन्यासको सिर्जना गर्ने सामाजिक यथार्थवादी उपन्यासकार हुन् भनी उल्लेख गरेका छन् ।

गङ्गादेवी कार्कीले **तेरथुम जिल्लाका उपन्यासकारका उपन्यासहरूको अध्ययन** (२०६९) नामक स्नातकोत्तर शोधग्रन्थमा हरिभक्त बुढाथोकीका सन्तान, बहुरूपी साधु र आरतीका आँसु उपन्यासको विश्लेषण विभिन्न कोणबाट गरेकी छन् ।

हरिभक्त बुढाथोकीका उपन्यासहरूका बारेमा छिटफुट रूपमा कहीँ कहीँ टिप्पणी र चर्चा-परिचर्चा गरिए पनि विस्तृत अध्ययन भएको पाइँदैन । प्रस्तुत शोधपत्रमा उनको उपन्यासकारिताको विस्तृत अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

नेपाली साहित्यका बहुमुखी प्रतिभा हरिभक्त बुढाथोकी नेपाली सामाजिक यथार्थवादी उपन्यास परम्पराका एक हस्ति हुन् । बुढाथोकीका पाँचओटा उपन्यास प्रकाशित भए पनि उनका उपन्यासहरूका बारेमा व्यस्थित अध्ययन हुन नसकेको सन्दर्भमा उनको उपन्यासकारिता केलाउने प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ । यसका साथै बुढाथोकीको औपन्यासिक व्यक्तित्वका बारेमा अध्ययन विश्लेषण गर्न चाहने जोसुकै व्यक्ति र अध्यताहरूलाई पनि यस शोधकार्यले थप जानकारी र सहयोग पुऱ्याउने हुँदा यस शोधकार्यको महत्त्वपूर्ण भूमिका रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका एक हस्ति बुढाथोकीका विभिन्न व्यक्तित्व रहेका छन् । यस शोधकार्यमा भने उनका प्राप्त उपन्यासहरूको मात्र अध्ययन विश्लेषण गरी उनको औपन्यासिक व्यक्तित्वको मात्र अध्ययन गरिएको छ ।

## १.७ सामग्रीसङ्कलन विधि

यस शोधपत्रको तयारी गर्दा पुस्तक र पत्रपत्रिकाको अध्ययन बढी गरिने हुँदा सामग्रीसङ्कलनमा मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

## १.८ शोधविधि

यस शोधर्कायमा जीवनीपरक, प्रभावपरक, कृतिपरक समालोचना पद्धतिको यशोचित प्रयोग गरी सङ्कलित सामग्रीहरूको अध्ययन व्याख्यात्मक, विश्लेषणात्मक र विवरणात्मक ढङ्गले गरिएको छ ।

## १.९ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित अनुसार परिच्छेद र शीर्षकमा तयार पारिको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : हरिभक्त बुढाथोकीको संक्षिप्त परिचय

तेस्रो परिच्छेद : हरिभक्त बुढाथोकीको औपन्यासिक यात्रा

चौथो परिच्छेद : हरिभक्त बुढाथोकीका उपन्यासको विश्लेषण

पाँचौं परिच्छेद : हरिभक्त बुढाथोकीका औपन्यासिक प्रवृति

छैटौं परिच्छेद : उपसंहार

सन्दर्भग्रन्थसूची

# दोस्रो परिच्छेद

# हरिभक्त बुढाथोकीको संक्षिप्त परिचय

## २.१ हरिभक्त बुढाथोकीको जीवनी

### २.१.१ जन्म र बाल्यकाल

हरिभक्त बुढाथोकीको जन्म पिता सनकसिंह बुढाथोकी र आमा भगवती बुढाथोकीका दोस्रो सन्तानका रूपमा वि.स.१९९७ असार २४ गते तेरथुम जिल्ला सिम्ले गा.वि.स.को बयरबुङ गाउँमा भएको हो ।[१] गरिब परिवारमा जन्मेका बुढाथोकीले सानैदेखि दुःख बेहोर्नु परेको थियो ।

छोराहरूमा जेठा भएकाले घरायसी काममा आमालाई सहयोग गर्नु र भाइबहिनीहरूको हेरचाह गर्ने अभिभारा उनको थियो । सानैदेखि चलाख, इमानदार र गम्भीर प्रकृतिका बुढाथोकीले आफ्नो बाल्यकाल तेरथुम मै बिताएको पाइन्छ ।

### २.१.२ शिक्षादीक्षा

एघार वर्षको उमेरमा अक्षराम्भ गरेका बुढाथोकीले आफ्ना बाबुबाटै घरमै साउँ अक्षर पढ्न लेख्न सिकेका थिए । विद्यालय प्रवेश गर्नु अघि उनले भानुभक्तीय रामायणका बालकाण्ड, सुन्दरकाण्ड, उत्तरकाण्ड, प्रह्लाद भक्तिकथा कण्ठस्थ गर्नुका साथै तमसुकको बेहोरा लेख्न पढ्न सिकेका थिए ।[२] उनले पन्ध्र वर्षको उमेरमा कक्षा तीनमा भर्ना भई विद्यालयीय जीवन सुरु गरे । अध्ययन बीचमा खण्डित र बाधित हुँदै वि. स. २०२० मा महेन्द्ररात्री विद्यालय विराटनगरबाट प्रवेशिका उत्तीर्ण भए ।[३] उनले महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगरबाट २०२३ सालमा आइ. कम. गरी घरको दुःखपूर्ण अवस्थाका कारण प्रहरीको असइ पदमा जागिर गरे ।[४] उनको उच्च शिक्षा हासिल गर्ने धोको नमरेकाले २०२९ सालमा महेन्द्र बहुमुखी क्याम्पस धरानबाट बी.ए. उत्तीर्ण गरे उनको औपचारिक

---

१. दुर्गा पौडेल, **हरिभक्त बुढाथोकीको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (काठमाडौँः त्रिभूवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, (२०६५), पृ. ५ ।

२. ऐजन, पृ. ९ ।

३. ऐजन, पृ. १० ।

४. ऐजन ।

शिक्षा यतिमै सीमित रहेको देखिन्छ ।[५] त्यसपछि नेपाली साहित्यको स्वाध्यायन गरी विविध विधाका साहित्यिक कृतिहरूको रचना पनि गरिरहेका छन् ।

### २.१.३ विवाह र सन्तान

हरिभक्त बुढाथोकीको पहिलो विवाह बाह्र वर्षको उमेरमा वि.स.२००९ माघ २१ गते खेमादेवी  बोहोरासँग र दोस्रो विवाह तीस वर्षको उमेरमा २०२७ सालमा मिना महर्जनसँग भएको देखिन्छ ।[६] बाबु आमाको रोजाइमा सानैमा बिहे गरेका बुढाथोकीले पछि आफ्नो रोजाइले अर्को विवाह गरे । उनका जेठी श्रीमतीबाट क्रमशः विमला, कमला (साहित्यिक नाम कमला सरुप), शर्मिला र चिरञ्जिवी गरी तीन छोरी र एक छोरा छन् भने कान्छी श्रीमतीबाट बन्दना एक मात्र छोरी छन् ।[७] उनले कमला बाहेक सबै छोराछोरीको विवाह गरिसकेका छन् । हाल बुढाथोकी दुई श्रीमतीका साथ सुखपूर्ण जीवन बिताइरहेका छन् ।

### २.१.४ आर्थिक अवस्था

निम्नवर्गीय क्षेत्री परिवारमा जन्मेका हरिभक्त बुढाथोकीको आर्थिक अवस्था कमजोर रहेको देखिन्छ । उनको परिवारिक आयस्रोत भनेको खेतीपाती थियो । त्यो पनि आकासे पानीमा भर पर्नु पर्ने भएकाले कुनै वर्ष खडेरी परे घरमा खानको धौ धौ पर्दथ्यो । घरको अभावपूर्ण अवस्थाले उनको परिवारले निकै दुःख बेहोर्नु परेको थियो । आर्थिक अवस्था कमजोर भएका कारणले बुढाथोकीले आफ्नो अध्ययन सँगसँगै विद्यालयमा पढाउने, चलचित्र भवनमा टिकट बेच्ने, ट्युसन पढाउने काम गरेको देखिन्छ ।[८] प्रवेशिका उत्तीर्ण गर्नु अघि नै २०१७ सालमा गाउँमा चन्दा सङ्कलन गरी सामुदायिक रूपमा विद्यालय खोली त्यहाँका शिक्षक भई काम गरेका थिए ।[९] त्यसै क्रममा उनले औलो उन्मुलन सङ्घको क्षेत्रीय कार्यालयमा जुनियर क्लर्क भई रु.१२५ प्रतिमहिना तलबमा अस्थायी जागिर गरे ।[१०] २०२४ काठमाडौँ आई प्रहरीको असइ पदमा जागिर खाई इन्सपेक्टर सम्म भएका थिए । बुढाथोकीले विभिन्न अभाव र समस्यासँग जुध्दै आफ्नो पौरखमा उभिएर पारिवारिक आर्थिक अवस्थालाई

---

५ . ऐजन ।
६ . ऐजन ।
७ . ऐजन ।
८ . ऐजन, पृ. २६ ।
९ . हरिभक्त बुढाथोकीबाट प्राप्त जानकारी ।
१० . पूर्ववत, पृ. १५ ।

सुदृढित गर्दै लगेको देखिन्छ । पहाडी दुर्गम ठाउँमा जन्मेका बुढाथोकीको आर्थिक स्थिति हाल राम्रै छ । हाल उनी काठमाडौँमा घर बनाइ बसेका छन् ।

### २.१.५ सम्मान र पुरस्कार

हरिभक्त बुढाथोकीले नेपाली साहित्यमा पुऱ्याएको योगदान, समाज सेवा र प्रहरी क्षेत्रमा गरेको कार्यको कदर गर्दै विभिन्न सम्मान तथा पुरस्कार प्रदान गरिएको देखिन्छ । महिला संगठनद्वारा सम्पादित **महिला बोल्छिन्** राष्ट्रिय पत्रिका मार्फत लिइएको राष्ट्रव्यापी निबन्ध पतियोगितामा तृतीय पुरस्कार (२०२९ र २०३०), **शुभराज्याभिषेक पदक** (२०३१), **प्रहरी सेवा पदक** (२०३९), **जनमतसङ्ग्रह पदक** (२०४६), प्रहरी प्रधान कार्यालयबाट प्रकाशित **प्रहरी** त्रैमासिक (हाल द्वैमासिक) प्रकाशनमा रचना पठाई योगदान पुऱ्याउनु भई साहित्यिक रचनातर्फ प्रथम पुरस्कार (२०५९), सनातन धर्म सेवा समीति झापाद्वारा सम्मानपत्र (२०६२), **मूलको सङ्लो पानी** गीतसङ्ग्रहका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अनेसासद्वारा **हरिभक्त कटुवाल स्मृति सर्वोत्कृष्ट गीति साहित्य पुरस्कार** (२०६५) जस्ता पुरस्कार तथा सम्मानले सम्मानित भएका छन् ।[११] राष्ट्रियस्तरदेखि अन्तर्राष्ट्रियस्तरसम्म चर्चित बुढाथोकीले यिनै सम्मानहरूबाट विभूषित हुने मौका पाएका छन् ।

## २.२ हरिभक्त बुढाथोकीको व्यक्तित्व

आफ्नो कार्यप्रति लगनशील एवम् सक्रिय रूपमा लागिपर्ने हरिभक्त बुढाथोकीको व्यक्तित्वका विभिन्न पाटाहरू रहेका छन् । सामाजिक, साहित्यिक, साहित्येतर लेखन र प्रहरी क्षेत्रमा गरेको योगदानका कारण उनको व्यक्तित्व बहुआयामिक बन्न पुगेको छ ।

### २.२.१ साहित्यिक व्यक्तित्व

साहित्यका प्रायः सबै विधामा कलम चलाएका हरिभक्त बुढाथोकीका नाटककार, कवि, गीतकार, उपन्यासकार, कथाकार, निबन्धकार र सम्पादक व्यक्तित्वहरू रहेका छन् । विद्यार्थी जीवनदेखि नै साहित्य क्षेत्रमा प्रवेश गरेका बुढाथोकी हालसम्म पनि साहित्य क्षेत्रमा लागि रहेका छन् । उनको साहित्यिक व्यक्तित्व उपन्यास र गीतमा बढी देखिन्छ । बुढाथोकीको साहित्यिक व्यक्तित्वलाई क्रमशः यसरी अध्ययन गरिएको छ ।

---

[११]. ऐजन, पृ. १७ ।

### २.२.१.१ नाटककार व्यक्तित्व

हरिभक्त बुढाथोकीले नाटक विधाबाट साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । उनको **वसन्त कोपिला** एकमात्र नाटक २०१७ सालमा प्रकाशित भएको हो । यो नाटक लेख्दा उनी कक्षा सातमा पढ्थे ।[१२] देवकोटाको **मुनामदन**बाट प्रभावित बुढाथोकी सुरुमा मुनामदन जस्तै काव्य रचना गर्ने सुर गरेको तर पछि त्यस रचनाले नाटकको रूप लिएको कुरा बुढाथोकी बताउँछन् ।[१३] **वसन्त कोपिला** सामाजिक यथार्थवादी नाटक हो । यसमा धनी र गरिबबीचको प्रेम, सामन्तीले रैती वर्गमाथि गरेको शोषणका घटना प्रस्तुत गरिएको छ । नाटकमा बुढाथोकीले प्रेमविवाहको विजय देखाई रुढिवादी परम्पराको विरोध गरेका छन् ।

### २.२.१.२ कवि व्यक्तित्व

हरिभक्त बुढाथोकीले कविता क्षेत्रमा पनि आफ्नो कलम चलाएका छन् । कविता क्षेत्रमा उनी पचासको दशक पछि मात्र सक्रिय रूपमा देखा परेका हुन् । यस भन्दा पहिले १५ वर्षको उमेरमा तेरथुम जिल्लाबाट प्रकाशित हुने **खहरे** पत्रिकामा कविता लेखेको कुरा बुढाथोकी बताउँछन् ।[१४] उनको २०६२ मा **हाम्रो देश हाम्रै भविष्य** नामक गीति कवितासङ्ग्रह प्रकाशित भएको छ । दुई खण्डमा विभाजित यस सङ्ग्रहमा पहिलो खण्डमा गीत र दोस्रो खण्डमा कविता सङ्कलित रहेका छन् । यस गीति कविता सङ्ग्रहमा १८ ओटा कविता रहेका छन् । प्रगीतात्मक संरचनामा आबद्ध उनका कविताको सङ्गठन प्रायः आदि, मध्य र अन्त्यको क्रममा क्रमिक ढङ्गले विस्तारित छन् ।[१५] उनका कविताको मूल विषयवस्तु गरिबी, रोग, भोक, पीडा, भष्टाचार, दुराचार, बुढ्यौलीमा जीवनको स्मरण, प्रेम, चिन्ता, प्रेम प्रणय, मिलन विछोड सामाजिक विसङ्गति जस्ता अनेक विषय रहेका छन् ।[१६] उनका प्रायः जसो कवितामा अतीतको स्मरण र वर्तमानको चित्रण पाइन्छ । यिनका कवितामा सरल भाषा र वर्णनात्मक शैलीको प्रयोग पाइन्छ ।

### २.२.१.३ गीतकार व्यक्तित्व

हरिभक्त बुढाथोकीलाई साहित्यकार व्यक्तित्वका रूपमा चिनाउने एक महत्वपूर्ण पक्ष गीतकार व्यक्तित्व हो । बुढाथोकीका **हाम्रो देश हाम्रै भविष्य** (२०६२) र **मूलको सङ्लो पानी**

---

[१२]. हरिभक्त बुढाथोकीबाट प्राप्त जनकारी ।
[१३]. ऐजन ।
[१४]. ऐजन ।
[१५]. खगेन्द्रप्रसाद लुइटेल, 'पुराना पिढीका नयाँ कवि हरिभक्त बुढाथोकीको सिर्जनाधर्मिता', हरिभक्त बुढाथोकी **हाम्रै देश हाम्रै भविष्य** ( काठमाडौं : विराज बुढाथोकी २०६२) ।
[१६]. ऐजन ।

(२०६४) नामक दुईओटा गीतसङ्ग्रह प्रकाशित छन् । **हाम्रो देश हाम्रै भविष्य** गीति कविता सङ्ग्रहमा ६५ ओटा र **मूलको सङ्लो पानी** गीतिसङ्ग्रहमा १७६ ओटा गीतहरू रहेका छन् । उनका गीतहरू फुटकर रूपमा **गरिमा, मिर्मिरे, भानु, प्रहरी** लगायतका पत्रपत्रिकामा पनि प्रकाशित भएका पाइन्छन् । यसका अतिरिक्त उनका **आँखाको नानीमा** र **मन मुटु** गीतिक्यासेट पनि प्रकाशित भएका छन् । **नगरे अभिमान कहिले** गीतिएल्बममा पनि उनका पाँचओटा गीतहरू रहेका छन् । बुढाथोकीका गीतहरूमा राष्ट्रप्रेम, मानवीय प्रेमप्रणय, बाल्यकालीन संस्मण, अभावमय जिन्दगी छोरी विदाइको पीडा आदि भावहरू व्यक्त भएका छन् । नारी पुरुष दुवैको पेमाग्रह, दृढता, प्रणय, अनुनयविनय, आशङ्का, प्रतीक्षा,आक्रोश, अतीतको प्रेमस्मरण, प्रेममा लीनता, मानसिक तुष्टिको चाहना, प्रकृतिको सिर्जनरूपी अटल, अमर र अजर मायाको कामना, प्रेमबन्धन, प्रेमालाप आदिको चित्रण पाइन्छ ।[१७] बुढाथोकीका गीतहरूमा प्रेमप्रणयका साथै राष्ट्रप्रेम, बाल्यकालीन संस्मरण, अभावमय जिन्दगी, छोरी विदाइको पीडा आदि भावहरू पनि व्यक्त भएका छन् ।

### २.२.१.४ उपन्यासकार व्यक्तित्व

हरिभक्त बुढाथोकीको साहित्यिक व्यक्तित्वको चर्चा गर्नुपर्दा सबै भन्दा महत्त्वपूर्ण पक्ष उपन्यासकार व्यक्तित्व हो । उनका पाँचओटा उपन्यासहरू प्रकाशित छन् । बुढाथोकी २०२९ सालमा **सन्तान** सामाजिक उपन्यास लिएर नेपाली उपन्यास जगत्मा देखापरेका हुन् । त्यसपछि उनका **आमाको उपहार** (२०२९), **बहुरूपी साधु** (२०३०), **आँसुको सौगात** (२०३९), **मनसराको चिहान** (२०४०) जस्ता औपन्यासिक कृतिहरू प्रकाशित भएका पाइन्छन् । २०३९ सालको **आँसुको सौगात** शीर्षकको उपन्यास २०४४ सालमा **आरतीका आँसु** शीर्षकमा पुनः मुद्रित भएको पाइन्छ । बुढाथोकी मूलतः सामाजिक यथार्थवादी धाराका मौलिक उपन्यासकार हुन् । उनका उपन्यासमा यथार्थवादका साथै बालमनोविज्ञानको समेत प्रयोग पाइन्छ । प्रेमको संयोग तथा वियोग माथिल्लो वर्गले तल्लो वर्गलाई गरेको शोषण, सौता सौताबीचको झगडा, मानवबेचबिखन जस्ता कुराहरू उनका उपन्यासमा पाइन्छ ।

### २.२.१.५ कथाकार व्यक्तित्व

अनेक विधामा कलम चलाएका हरिभक्त बुढाथोकीले कथा विधामा पनि कलम चलाएका छन् । उनका हालसम्म तेह्रओटा कथाहरू प्रकाशित भएका छन् । उनका बाह्रओटा

---

[१७]. ऐजन ।

कथाहरू **प्रहरी** पत्रिकामा र एउटा कथा रोटरी पत्रिकामा प्रकाशित छन् । उनका प्रकाशित कथाहरू 'समस्या', 'मैले पनि सम्झे मेरी आमालाई' ( १५/१, २०३१), 'रूपको दोष' (१७/१,२०३३), 'मेरो डायरीबाट एउटा स्मरण' (१७/३,२०३३), 'झड्केलो माया' (१९/१४,२०३५), 'कोठामा बन्द गरिएको रहेछ' (२०/२,२०३६), 'उज्यालो सिउँदोमा सिन्दुर' (२०/४,२०३६), 'फलामे डन्डीबाट च्याइरहने छु' (२३/३,२०३९), 'मिलनको दीप जलिरहेथ्यो' (३९/५,२०५९), 'सत्यको जीत हुन्छ' (४४/२,२०५९), 'कामना राजसंस्थाको' (४४/५,२०५९), 'सदुपयोगमा मन लगाऊ' (रोटरी, सन् २००४), 'पैसा र प्रेम' (४५/५,२०६०) रहेका छन् । उपर्युक्त कथाहरू मध्ये दुईओटा कथा सत्य घटनामा आधारित रहेका छन् । बुढाथोकीका कथामा गाउँघरमा घट्ने गरेका यर्थाथ घटनाहरूको चित्रण पाइन्छ । उनको कथाको विषय प्रेम तथा आर्थिक अभावका कारण मान्छेले गर्ने कुकर्म नै रहेका छन् ।[१८] प्रेमलाई मुख्य विषय बनाइएर लेखिएका उनका कथाहरूमा आर्थिक अभावका कारण मान्छेले भोग्नुपर्ने दुःख, पीडाको चित्रण पाइन्छ ।

### २.२.१.६ निबन्धकार व्यक्तित्व

हरिभक्त बुढाथोकीले केही फुटकर लेख निबन्धहरू पनि प्रकाशित गरेका छन् । उनका 'न्याय नपाए गोर्खा जानु', 'आदर्श नारी श्री ५ ऐश्वर्य', 'जसको संरक्षरणमा हामी बाँचेका छौँ', 'राजभक्ति र नेपाल प्रहरी', 'शाहवंश र आधुनिक नेपाल प्रहरी', 'मेरो विगत र रोटरी सदस्य', 'एउटा मिठो यात्रा' गरी आठओटा निबन्धात्मक लेखहरू प्रकाशित छन् ।[१९] उनका प्रायः सबै निबन्धहरू प्रहरी सम्बन्धी र राजारानीको स्तुतिगान सम्बन्धी रहेका छन् । 'एउटा मिठो यात्रा' निबन्ध भने जर्मनी र अमेरिका भ्रमण गर्दा त्यहाँ भोगेका दुःखसुखका घटनाहरूको वर्णन गरिएको यात्रा निबन्ध हो ।

### २.२.१.७ सम्पादक व्यक्तित्व

हरिभक्त बुढाथोकीले विभिन्न पत्रपत्रिकाहरूको सम्पादन पनि गरेका छन् । उनले २०२९ देखि २०३१ सम्म **प्रहरी** र २०४२ देखि २०४८ सम्म **सवारी संसार** पत्रिकाको सम्पादक भई काम गरेको पाइन्छ ।[२०] हाल उनी रोटरी क्लब अफ पशुपतिबाट प्रकाशित

---

[१८]. दुर्गा पौडेल, **हरिभक्त बुढाथोकीको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शाधपत्र, (काठमाडौँः त्रिभूवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०६५) पृ. २३ ।

[१९]. ऐजन, पृ. २५ ।

[२०]. ऐजन, पृ. २४ ।

हुने रोटरी क्लब अफ पशुपति नामक सोभिनियर वार्षिक पत्रिकाको सम्पादक मन्डलको सदस्यका रूपमा काम गरिरहेका छन् ।

### २.२.२ साहित्येतर व्यक्तित्व

विभिन्न व्यक्तित्वका धनी हरिभक्त बुढाथोकीको साहित्येतर व्यक्तित्व पनि त्यतिकै प्रखर देखिन्छ । उनका साहित्येतर व्यक्तित्वमा जागिरे, समाजसेवी र प्राविधिक लेखक व्यक्तित्व रहेका छन् । उनको साहित्येतर व्यक्तित्वलाई क्रमशः यसरी अध्ययन गरिएको छ ।

#### २.२.२.१ जागिरे व्यक्तित्व

हरिभक्त बुढाथोकीले पहिलो जागिरको रूपमा विराटनगर जलजला चलचित्र भवनमा टिकट बेच्ने काम गरेका थिए । उनी ९-१० कक्षाको अध्ययनका लागि विराटनगर आउँदा दुई वर्ष टिकट बेच्ने काम गरे । एस. एल. सी. दिएर पहाड फर्केपछि एक वर्ष बालमकर प्राइमरी स्कुलमा पढाउने काम गरे ।[२१] त्यसपछि विराटनगर महेन्द्र क्याम्पसमा आइ. कम. पढ्दा त्यहाँ उनले जागिरको रूपमा गङ्गाबाबु मास्केका छोराछोरीलाई ट्युसन पढाउने काम गरे ।[२२] त्यसैक्रममा उनले औलो उन्मुलन सङ्घको क्षेत्रीय कार्यालयमा जुनियर क्लर्क भई रू.१२५ प्रति महिना तलबमा अस्थायी जागिर गरे । औलो उन्मुलन सङ्घमा अस्थायी रूपमा जागिर गरिरहेका बुढाथोकी स्थायी जागिरको खोजीमा काठमाडौँ आई २०२४ सालमा प्रहरीको असइ पदमा जागिरे भए । प्रहरीको जागिरको क्रममा विभिन्न ठाउँमा जिल्ला प्रहरी प्रमुख भएर रहँदा बुढाथोकीले ठूलो जनसम्पर्क स्थापना गरेका थिए ।[२३] आफ्नो कतर्व्यमा सधै लागिपर्ने बुढाथोकी २०३१ सालमा इन्सपेक्टर पदमा नियुक्ति भए । करिब सोह्र वर्ष प्रहरी सेवामा काम गरेर २०४० सालमा उनले प्रहरी सेवाबाट राजिनामा दिए । यसरी बुढाथोकीले विभिन्न क्षेत्रमा काम गरेको देखिन्छ ।

#### २.२.२.२ समाजसेवी व्यक्तित्व

हरिभक्त बुढाथोकी समाजसेवामा लागेका व्यक्ति हुन् । विभिन्न सङ्घसंस्थामा आबद्ध बुढाथोकी सहयोगी मिलनसार प्रकृतिका व्यक्ति हुन् । उनी २०६० सालदेखि अन्तर्राष्ट्रिय सामाजिक संस्था रोटरी क्लब अफ पशुपतिको रोटरियन भएका छन् ।[२४] सामाजिक

---

[२१]. ऐजन, पृ. २६ ।
[२२]. ऐजन ।
[२३]. ऐजन, पृ. २८ ।
[२४]. हरिभक्त बुढाथोकीबाट प्राप्त जानकारी ।

सङ्घसंस्थालाई सहयोग गर्नुपर्छ भन्ने धारणा राख्ने बुढाथोकीले झापा त्रिफला राष्ट्रिय पुस्तकालय, सनातन धर्म सेवा समीति झापा, मन्दिर निर्माण आदि कार्यका लागि आर्थिक सहयोग गरेका छन् ।[२५] त्यसैगरी काठमाडौँ जिल्ला चावहिल स्थित ( हाल ज्ञानेश्वर) मातृ नेपाल अपाङग सङ्घमा आबद्ध अनाथ बालबालिकाको लागि आजीवन दिनको एक किलो चामल दिई विगत केही वर्षदेखि सहयोग गर्दै आइरहेका छन् ।[२६] हाल बुढाथोकी रोटरी क्लब अफ पशुपतिमा आबद्ध भई काम गरिरहेका छन् ।

### २.२.२.३ प्रविधिक लेखक व्यक्तित्व

हरिभक्त बुढाथोकी नेपालमा नेपाली भाषामा पहिलोपटक ड्राइभिङ सम्बन्धी पुस्तक लेख्ने व्यक्ति हुन् । २०२६ सालमा उनी प्रहरीको असइ पदमा रहँदा ड्राइभिङ सिक्ने क्रममा दुर्घटनामा परेछन् । राम्रोसँग ड्राइभिङ सिक्नको लागि बजारमा सो सम्बन्धी पुस्तक खोज्दा नपाएपछि आफूजस्ता सिकारुहरूले दुर्घटनाको सिकार हुनु नपरोस् भनी २०२६ सालमा ड्राइभिङ सम्बन्धी सवारी ज्ञान पुस्तक लेखी प्रकाशित गरे ।[२७] उनले २०३२ सालमा अर्को आधुनिक ढाँचामा ड्राइभिङ शिक्षा नामक पुस्तक पनि प्रकाशित गरेका छन् । बुढाथोकीले लेखेका ड्राइभिङ सम्बन्धी पुस्तकको निकै महत्त्व रहेको देखिन्छ ।

---

[२५]. पूर्ववत, पृ. २८ ।
[२६]. पूर्ववत ।
[२७]. ऐजन ।

# तेस्रो परिच्छेद

# हरिभक्त बुढाथोकीको औपन्यासिक यात्रा

## ३.१ पृष्ठभूमि

हरिभक्त बुढाथोकीले २०२४ सालमा **सन्तान** नामक उपन्यासबाट उपन्यास लेखनको यात्रा सुरु गरेका हुन् । वि. सं. २०२९ सालमा **सन्तान** उपन्यास प्रकाशनमा आएपछि बुढाथोकीको औपन्यासिक यात्रा औपचारिक रूपबाट सुरु भएको हो । सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएको यो यथार्थवादी उपन्यास हो । त्यसपछि २०२९ सालमा **आमाको उपहार** प्रकाशित भएको देखिन्छ । हाल यो उपन्यास प्राप्त नभएकाले त्यसमा केकस्ता प्रवृति थिए भन्न सकिँदैन । वि. सं. २०३० सालमा **बहुरूपी साधु** नामक जासुसी उपन्यास प्रकाशित भएको देखिन्छ । २०३९ सालमा लामो समयको अन्तरालपछि **आँसुको सौगात** र २०४० सालमा **मनसराको चिहान** प्रकाशनमा आएको देखिन्छ । पछिल्ला दुई उपन्यासले पहिलेका उपन्यासहरू भन्दा अलि भिन्नै प्रवृतिलाई अँगालेर नयाँ मोड लिएको देखिन्छ । युवायुवतीबीचको प्रेम कथालाई विषय बनाएर लेखिएका पछिल्ला यी दुई उपन्यासमा सामाजिक यथार्थवादका साथै मनोवैज्ञानिक यथार्थको पनि प्रयोग भएको देखिन्छ । बुढाथोकीका हालसम्म पाँचओटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । यिनै उपन्यासहरूलाई आधार मानेर यहाँ उनको सिङ्गो औपन्यासिक यात्रालाई निम्नलिखित दुई चरणमा विभाजन गरिएको छ ।

## ३.२ पहिलो चरण (वि.सं. २०२९ देखि २०३० सम्म)

२०२९ सालको **सन्तान** उपन्यासको प्रकाशनदेखि २०३० को **बहुरूपी साधु** उपन्यासको प्रकाशनसम्मको अवधिलाई औपन्यासिक यात्राको प्रथम चरणको रूपमा राख्न सकिन्छ । बुढाथोकीको यस चरणमा **सन्तान** (२०२९), **आमाको उपहार** (२०२९) र **बहुरूपी साधु** (२०३०) जस्ता तीनओटा उपन्यासहरू प्रकाशनमा आएका छन् । **सन्तान** उपन्यासमा नारीहरूको सौताप्रतिको डाह, सन्तान प्राप्तिको चाहना, सन्तानप्रतिको मायालाई मुख्य विषय बनाइएको पाइन्छ । सन्तान नजन्मदा पुरुषले त्यसको कारण पत्ता लगाउनुको सट्टा बहुविवाह गरेको, त्यसबाट उत्पन्न भएको समस्या, आफ्नो सन्तानको रक्षाको लागि आफ्नो पति छोडेर हिँड्ने नारीको कारुणिक अवस्था र गाउँका सामन्तहरूले सोझासिधा गाउँलेहरू

माथि गरेको शोषण र दमनको चित्रण यस उपन्यासमा गरिएको छ । जासुसी घटनामा आधारित **बहुरूपी साधु** उपन्यासमा मानवबेचबिखनको घटनालाई मुख्य विषय बनाइएको पाइन्छ । आर्थिक विपन्नताका कारण विदेशिनु परेका युवायुवतीहरूको अवस्था, नेपाली चेलीहरूलाई रोजगारीको आश्वासन दिएर बम्बई लगि बेच्ने गरेको बहुरूपी दलालहरूको यथार्थ चित्रण यस उपन्यासमा गरिएको छ ।

बुढाथोकीको यस चरणका सबै उपन्यासहरू सामाजिक विषयमा केन्द्रित रहेका छन् । समाजमा घट्ने गरेका यथार्थ घटनाहरूको प्रस्तुति पाइने यस चरणका उपन्यासमा बालमनोविज्ञानको प्रयोग पनि गरिएको पाइन्छ । निम्नवर्गका पात्रहरूको चयन गरी उनीहरूको समस्यालाई बुढाथाकीले देखाएका छन् । सामजिक रुढिवादी अन्धविश्वास, अन्याय, अत्याचार, शोषण, सामाजिक विसङ्गति, नारीले भोग्नु परेको पीडा, समाजमा हुने आपराधिक प्रवृति, तत्कालीन समाज, संस्कृति, राष्ट्रप्रेम, मातृत्वको चित्रण यस चरणका उपन्यासमा पाइन्छ ।

## ३.३ दोस्रो चरण (वि.सं. २०३१ देखि हालसम्म)

२०३१ सालदेखि हालसम्मको अवधिलाई हरिभक्त बुढाथाकीको औपन्यासिक यात्राको दोस्रो चरणका रूपमा राख्न सकिन्छ । यस अवधिमा हालसम्म **आँसुको सौगात** (२०३९) र **मनसराको चिहान** (२०४०) गरी दुईओटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । **आँसुको सौगात** उपन्यास २०४४ सालमा **आरतीका आँसु** शीर्षकमा पुनः मुद्रित भएको पाइन्छ । **आरतीका आँसु** उपन्यासमा आमा नहुँदा बालकको मानसिकतामा परेको असर र युवायुवतीबीचको शरीरिक र आत्मिक प्रेमलाई मुख्य विषय बनाइएको पाइन्छ । आमा नहुँदा बालकमा पर्ने मनोवैज्ञानिक असर, आफ्नो यौनवासना पूरा गरी अलपत्र छोडेर हिड्ने युवाप्रवृति, आत्मिक प्रेमका लागि मरिमेट्ने आदर्श प्रेमीहरूको चित्रण यस उपन्यासमा गरिएको छ । त्यस्तै **मनसराको चिहान** उपन्यासमा नारीले भोग्नुपरेको पीडा, युवायुवतीबीचको शारीरिक र आत्मिक प्रेम, समयमा यथार्थबोध नहुँदा पात्रहरूले भोग्नुपरेको दु:ख पीडालाई चित्रण गरिएको छ ।

हरिभक्त बुढाथोकीको यस चरणका उपन्यासमा सामाजिक यथार्थवादका साथै मनोवैज्ञानिक यथार्थवादको प्रयोग पनि भएको देखिन्छ । यस चरणका उपन्यासमा मुख्य रूपमा युवायुवतीबीचको शारीरिक र आत्मिक प्रेमलाई चित्रण गरिएको छ । सामाजिक

रुढिवादी, अन्धविश्वास, समाजमा नारीले भोग्नुपरेको पीडा, जातीय संस्कार, संस्कृति, विदेशमा नेपाली कामदारले भोग्नुपरेको दुःख, देशप्रेम, जातिप्रेम, मानवीय बाध्यता, भाग्यवादी दृष्टिकोण, आदर्श प्रेम जस्ता कुरा यस चरणका उपन्यासमा पाइन्छ ।

## ३.४ निष्कर्ष

हरिभक्त बुढाथोकीका हालसम्म पाँचओटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । उनका **सन्तान**, **आमाको उपहार**, **बहुरूपी साधु**, **आरतीका आँसु** र **मनसराको चिहान** औपन्यासिक कृतिहरू रहेका छन् । **सन्तान** उपन्यासबाट नेपाली उपन्यास जगत्मा देखापरेका बुढाथोकीको औपन्यासिक यात्रालाई दुई चरणमा विभाजन गरिएको छ । उनका सबै उपन्यासहरू सामाजिक विषयलाई आधार बनाएर लेखिएका छन् । पहिलो चरणका उपन्यासमा निम्नवर्गीय जीवनको दुःख, पीडा, सङ्घर्ष, रुढिवादी अन्धविश्वास, सामाजिक विसङ्गति, नारीले भोग्नु परेको पीडा, मातृत्व आदिको चित्रण पाइन्छ । दोस्रो चरणका उपन्यासमा युवायुवतीबीचको प्रेमकथालाई मुख्य विषय बनाइएको छ ।

# चौथौ परिच्छेद

# हरिभक्त बुढाथोकीका उपन्यासको विश्लेषण

## ४.१ उपन्यास विश्लेषणको प्रारूप

साहित्यका विविध विधाहरूको आआफ्नै संरचक घटक वा अवयवहरू भएझैँ उपन्यास पनि निश्चित अवयवहरूको मेलबाट निर्माण भएको हुन्छ । साहित्यका अन्य विधाहरूझैँ उपन्यास पनि एउटा विशिष्ट संरचना भएकाले यसलाई निर्माण गर्ने आफ्नै विभिन्न अवयवहरू छन् ।[२८] उपन्यासलाई आकृति प्रदान गर्ने वा उपन्यासको निर्माण गर्ने विभिन्न अवयवहरूलाई नै यसका संरचक घटक भनिन्छ ।[२९] यी अवयवहरू नै उपन्यासका तत्त्व हुन् । यहाँ उपन्यासका कथानक, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, र भाषाशैलीय विन्यासजस्ता तत्त्वहरूलाई मुख्य तत्त्व स्वीकारेर तिनको सामान्य परिचय दिइएको छ ।

### ४.१.१ कथानक

कथानक उपन्यासको अनिवार्य तत्त्व हो । यसले उपन्याको मुल ढाँचा निर्माण गर्ने काम गर्दछ । कथानकमा एक वा एक भन्दा धेरै कथाहरू समेटिएको हुन्छ । घटना, कार्यव्यापार र आवश्यकताअनुसार द्वन्द्वको संयोजनबाट कथानक निर्मित हुन्छ र यसले मूलतः कालक्रमद्वारा शृङ्खलित घटनावली तथा कार्यव्यापारको योजनालाई जनाउँछ ।[३०] कथानक भनेको कालक्रमिक शृङ्खलामा विन्यस्त घटनाहरूको पुञ्ज हो ।[३१] घटनाहरूको विकास आदि, मध्य र अन्त्यको शृङ्खलामा आबद्व भएको हुन्छ । कथानकमा घटनाहरूको विकास अप्रत्याशित रूपमा नभई सहज रूपमा भएको हुनुपर्छ । उपन्यासमा कौतूहल जगाउने खालको कथानक हुनुपर्छ । कौतूहल तथा उत्सुकता जगाउने खालको कथानक भएमा मात्र उपन्यास रोचक बन्दछ । पाठकले पढ्दै जाँदा औत्सुक्य नै जागरुक हुँदैन भने त्यस्तो रचना पट्यार लाग्दो हुन्छ । कथानकमा द्वन्द्व पनि हुनुपर्छ । परस्परविरोधी दुई व्यक्ति, शक्ति वा परिस्थितिका बीचमा हुने सङ्घर्षलाई द्वन्द्व भनिन्छ ।[३२] द्वन्द्व बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ । कुनै सहभागीको अन्य सहभागी, समाज, प्रकृति, भौतिकजगत् आदिका

---

[२८]. खगेन्द्रप्रसाद लुइटेल, **नेपाली उपन्यासको इतिहास,** (काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान, २०६९), पृ. ३९ ।
[२९]. ऐजन, पृ. ३९ ।
[३०]. ऐजन, पृ. ४० ।
[३१]. ऐजन, पृ. ४१ ।
[३२]. ऐजन, पृ. ४३ ।

बीचमा हुने सङ्घर्षलाई बाह्य द्वन्द्व भनिन्छ ।[३३] सहभागीविशेषको मनका दुई विरोधी भाव वा विचारहरूका बीचमा हुने सङ्घर्षलाई आन्तरिक द्वन्द्व भनिन्छ ।[३४] यसरी निर्माण भएको कथानकले उपन्यासका घटनाक्रमलाई बाँध्दै लगेको हुन्छ । यसरी सम्पूर्ण उपन्यास कथानककै शृङ्खलामा आबद्ध भएको हुन्छ ।

### ४.१.२ सहभागी

कृतिमा आउने चरित्र वा पात्रलाई सहभागी भनिन्छ । उपन्यासमा घटनाको विकास गर्न र गति प्रदान गर्न आउने सहभागीहरूको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । साहित्यिक सन्दर्भबाट हेर्दा कृति वा सङ्कथनमा संलग्न वा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ ।[३५] पात्रहरू मानवका अतिरिक्त जनावर तथा निर्जीव वस्तुहरू पनि हुन्छन् । कृतिमा प्रयुक्त सहभागीहरू लिङ्ग, कार्य, प्रवृति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा स्त्री, पुरुष, प्रमुख, सहायक, गौण, अनुकूल, प्रतिकूल, गतिशील, स्थिर, वर्गीय, व्यक्तिगत, नेपथ्य, बद्ध र मुक्त प्रकारका हुन्छन् । यी विभिन खालका चरित्रहरूका बीचमा हुने पारस्परिक सम्बन्ध तथा द्वन्द्वले कथानकलाई जीवन्त बनाउँनुका साथै सहभागीहरूलाई सक्रिय तुल्याउँछ ।[३६] कृतिमा पात्रहरू आआफ्नै वैयक्तिक विशेषता लिएर आएका हुन्छन् । पात्रका माध्यमबाट नै उपन्यासकारले आफ्ना विचारहरू सम्प्रेषण गरेका हुन्छन् ।

### ४.१.३ परिवेश

कृतिमा प्रयुक्त सहभागीहरूले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ ।[३७] उपन्यासमा समेटिएको देश, काल र वातावरण नै परिवेश हो । देशले कार्यव्यापार सम्पन्न हुने स्थान, कालले कार्यव्यापार सम्पन्न हुने समय तथा वातावरणले कार्यव्यापारबाट उत्पन्न पाठकीय प्रभावलाई जनाउँछ ।[३८] उपन्यासमा प्रयोग गरिएका पात्रहरूले गर्ने कार्य, घटनाहरू घट्ने समय र स्थान विशेषको रीतिस्थिति, चालचलन, आचार, व्यवहार, रहनसहन, वेशभूषा, सोचाइ अनुभव आदि पनि परिवेश भित्र पर्छन । परिवेश बाह्य र आन्तरिक गरी दुई किसिमका हुन्छन् । बाहिरको भौतिक परिवेशलाई बाह्य र मानसिक परिवेशलाई आन्तरिक परिवेश भनिन्छ । परिवेशभित्र

---

३३. ऐजन, पृ. ४४ ।
३४. ऐजन ।
३५. ऐजन ।
३६. ऐजन, पृ. ४५ ।
३७. ऐजन, पृ.४९ ।
३८. ऐजन ।

समेटिने समयवृत्त देश, काल, वातावरण र परिस्थितिले कथानकको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

### ४.१.४ उद्देश्य

कुनै पनि कृति निश्चित प्रयोजनका लागि लेखिएको हुन्छ । बिना उद्देश्य कुनै पनि साहित्यिक कृतिको रचना गरिदैन । हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा साहित्यिक सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रूपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तर्निहित हुन्छ ।[३९] त्यसैले उपन्यास लेख्नुको पनि आफ्नै उद्देश्य रहेको हुन्छ । आधुनिक उपन्यासको प्रमुख उद्देश्य विशेषतः जीवनका  कुनै पक्षविशेषको यथार्थको चित्रर्ण गर्नु नै हुन्छ ।[४०] उपन्यासभित्र व्यक्ति, समाज, संस्कृति, इतिहास, सभ्यता, धर्म, क्षेत्र आदि मध्ये कुनै न कुनै कुराको पक्षपोषण गरिएको हुन्छ । त्यसैले उपन्यासभित्र भन्न खोजेको वा देखाउन खाजेको विविध पक्ष वा पाटोलाई नै उद्देश्य भन्न सकिन्छ ।

### ४.१.५ दृष्टिबिन्दु

उपन्यासभित्र कथावाचक वा पात्र हिड्ने बाटो वा उभिने ठाउँ नै दृष्टिबिन्दु हो । कुन उपन्यास कुनको आख्यान हो र त्यसलाई भन्ने समाख्याता को हो भन्ने कुरा नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दु उपन्यास प्रस्तुतीकरणसँग सम्बन्धित तत्त्व हो । कृतिमा वस्तु, सहभागी, घटना आदि प्रस्तुत गर्ने समाख्याताको कोण वा परिपेक्ष्य नै दृष्टिबिन्दु हो ।[४१] रचनाकारले कथा भन्नका लागि अनेक दृष्टिबिन्दुको चयन गर्छ । कृतिको प्रस्तुति खासगरी प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुमा  गरिन्छ र कतिपय कृतिमा मिश्रित दृष्टिबिन्दुको पनि प्रयोग गर्न सकिन्छ ।[४२] लेखक कथा भन्दा बाहिर रहेर पात्रका माध्यमले आख्यान प्रस्तुत गर्छ भने तृतीय पुरुष दृष्टिबिन्दु हो । तृतीय पुरुष दृष्टिबिन्दु सर्वज्ञ, सीमित र वस्तुगत गरी तीन प्रकारको हुन्छ । समाख्यातालाई कर्ता, कार्यव्यापार, घटना आदि बारेमा सर्वज्ञझैँ आवश्यकीय सम्पुर्ण जानकारी हुने दृष्टिबिन्दुलाई सर्वज्ञ दृष्टिबिन्दु भनिन्छ ।[४३] सीमित दृष्टिबिन्दुमा समाख्याताले आफूलाई कृतिभित्रका कुनै न कुनै एक सहभागीविशेष वा सहभागीहरूका मन भित्र प्रवेश गरेर तिनका विचार एवं अनुभूतिभित्र समाहित गरी तृतीय

[३९]. ऐजन, पृ. ५१ ।
[४०]. ऐजन ।
[४१]. ऐजन ।
[४२]. ऐजन, पृ. ५२ ।
[४३]. ऐजन, पृ. ५३ ।

पुरुषमा समाख्यान प्रस्तुत गर्छ ।[४४] वस्तुगत दृष्टिबिन्दुमा समाख्याता कुनै पनि पात्रको मनभित्र प्रवेश नगरी आफ्ना सामु घटित घटना लाई जस्ताको तस्तै प्रस्तुत गर्छ ।[४५] समाख्याताले 'म, हामी' पात्रका माध्यामबाट कथा भन्छ भने त्यो प्रथम पुरुष दृष्टिबिन्दु हुन्छ । प्रथम पुरुष दृष्टिबिन्दु केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ । समाख्याता स्वयम् प्रमुख सहभागीका रूपमा आई समाख्यान गर्छ भने केन्द्रीय दृष्टिबिन्दु हुन्छ र समाख्याता आफू गौण वा तटस्थ पात्रका रूपमा आई अर्को सहभागीको कथा भन्छ भने त्यो परिधीय दृष्टिबिन्दु हुन्छ ।

### ४.१.६ भाषशैलीय विन्यास

भाषा कृति प्रस्तुत गर्ने माध्यम हो । भाषाकै माध्यमबाट लेखकले आफ्नो विचार कृतिमा प्रकट गरेको हुन्छ । भाषालाई सिलसिला र कलात्मक ढङ्गबाट मिलाएर लेखिएको रचना नै उत्कृष्ट हुन्छ । कृतिको संरचक घटकका सन्दर्भमा भाषाशैलीय विन्यास भनेको भाषा (सङ्केतक, सङ्कृतित), शैली (चयन अग्रभूमीकरण, प्रयुक्ति विविधता), बिम्ब, प्रतीक, अलङ्कार, मिथ आदिको व्यस्थापन हो ।[४६] भाषाकै माध्यमबाट साहित्यिक कृतिको रचना गरिन्छ । भाषाले साहित्यिक कृतिलाई मूर्त तुल्याउँछ । उपन्यासमा क्लिष्ट र दुरूह नभएर सरल, सहज, बोधगम्य र सम्प्रेषणीय भाषाको प्रयोग गरिनु पर्छ ।[४७] शैली भाषिक अभिव्यक्तिको ढङ्ग वा तरिका हो । शैलीले साहित्यिक कृति लेखिने तरिका वा लेखकले आफ्ना भाव वा विचारलाई पाठकसामु अभिव्यक्त गर्दा प्रयोग गर्ने ढाँचालाई जनाउँछ ।[४८] उपन्यासभित्र प्रयुक्त सबै तत्त्वहरूको आधारमा मात्र उपन्यास पूर्ण हुँदैन यसमा प्रयोग गरिएको भाषा र शैलीलाई व्यवस्थित र शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिनुपर्छ ।

## ४.२ हरिभक्त बुढाथोकीका उपन्यासको विश्लेषण

हरिभक्त बुढाथोकीले अन्य विधाका साथै उपन्यास विधामा पनि कलम चलाएका छन् । बुढाथोकीका हालसम्म पाँचओटा उपन्यासहरू प्रकाशित भएका छन् । उनले वि.सं. २०२४ सालमा **सन्तान** नामक सामाजिक उपन्यास मार्फत उपन्यास लेखनको यात्रा सुरु गरेका हुन् । यो उपन्यास २०२९ सालमा प्रकाशित भएको थियो । सामाजिक विषयमा

[४४]. ऐजन, पृ. ५४ ।
[४५]. ऐजन ।
[४६]. ऐजन, पृ. ५५ ।
[४७]. ऐजन, पृ. ५६ ।
[४८]. ऐजन ।

आधारित यस उपन्यासमा नारीमा हुने सन्तान प्राप्तिको चाहना, आमाको सन्तानप्रतिको माया, सौता सौताबीचको ईर्ष्यालाई प्रस्तुत गरिएको छ । त्यस्तै २०२९ सालमा **आमाको उपहार** नामक उपन्यास प्रकाशित भयो । यो उपन्यास हाल अप्राप्य छ । त्यसपछि २०३० सालमा **बहुरूपी साधु** नामक जासुसी कथामा आधारित लघु उपन्यास प्रकाशित भयो । यस उपन्यासमा मुख्यतः मानवबेचबिखनका घटनाको वर्णन गरिएको छ । त्यस्तै धेरै समयको अन्तरालपछि २०३९ सालमा **आँसुको सौगात** र २०४० सालमा **मनसराको चिहान** उपन्यासहरू प्रकाशित भए । २०३९ को **आँसुको सौगात** २०४४ सालमा **आरतीका आँसु** शीर्षकमा पुनः प्रकाशित गरिएको पाइन्छ । बुढाथोकीको हालसम्म प्रकाशित पाँचओटा उपन्यासहरूमा आमाको उपहार अप्राप्य भएकाले यहाँ उनका प्राप्त चारओटा उपन्यासको मात्र उपन्यासका तत्त्वलाई उपन्यास विश्लेषणको प्रारूप मानेर अध्ययन गरिएको छ ।

### ४.२.१ सन्तान उपन्यासको विश्लेषण

#### ४.२.१.१ परिचय

हरिभक्त बुढाथोकीको उपन्यास लेखनका दृष्टिले **सन्तान** पहिलो उपन्यास हो । यो उपन्यास २०२४ सालमा लेखेर २०२९ सालमा प्रकाशनमा आएको हो । यो उपन्यास ४६ परिच्छेद र २०२ पृष्ठमा संरचित छ । पूर्वदीप्ति शैलीमा लेखिएको यस उपन्यासको पहिलो परिच्छेदमा विक्रम जेल परेको चौध वर्ष भइसकेको घटना र ऊ किन जेल पऱ्यो भन्ने प्रश्नको जवाफ त्यसपछिका अन्य परिच्छेदहरूमा वर्णनात्मक रूपमा गरिएको छ । उपन्यासभित्रका परिच्छेदहरूको आयाम एकै किसिमको नभई फरक फरक किसिमका छन् । परिच्छेद १५ दुई पृष्ठमा आबद्ध सबैभन्दा छोटो परिच्छेद हो भने परिच्छेद ४६ सोह्र पृष्ठमा आबद्ध सबैभन्दा ठूलो परिच्छेद हो । आयाम विस्तारका दृष्टिले परिच्छेद विभाजनमा सन्तुलन देखिदैन ।

#### ४.२.१.२ कथानक

**सन्तान** उपन्यासको सुरुआत ज्ञानविक्रम चौध वर्षदेखि जेल जीवन बिताईरहेको घटनाबाट भएको छ । विक्रम आफ्ना सेता दारीमाथि टप्किरहेका आँसु पुछ्दै ठूलीलाई सम्भेर बसेको हुन्छ । यस्तैमा पालेले विक्रमलाई चिठी दिन्छ तर विक्रमले चिठी फर्काइदिन्छ । यसभन्दा अघि पनि यस्ता धेरै चिठीहरू उसले फर्काइसकेको हुन्छ । यसपटक उसलाई चिठी पढ्ने मन लाग्छ र पुनः पालेसँग चिठी माग्छ । चिठीमा पारसले आफ्ना सबै चिठीहरू फिर्ता

आएको र बाबुले आफूलाई माया नगरेको गुनासो पोखेको हुन्छ । यसपछि उपन्यासमा विक्रम जेल पर्नुभन्दा अगाडिका घटनाहरूको वर्णन गरिएको छ ।

ठूलीबाट सन्तान नभएपछि विक्रमले अर्को बिहे गर्छ । कान्छी श्रीमती (रञ्जना) बाट दुई छोरा (दिवेश र कालु) र एक छोरीको जन्म हुन्छ । छोरी भने जन्मेको दुई महिनामा मर्छे । यसबीचमा ठूली माइत गएर बसेकी हुन्छे । ठूली नहुँदा घरको कामधन्दा लथालिङ्ग भएकाले विक्रमले ठूलीलाई पुनः घरमा भित्र्याउँछ ।

झगडालु स्वभावकी रञ्जना ठूलीसँग निहुँ खोजेर झगडा गरिरहन्छे । ऊ घरको कामधन्दा पनि केही गर्दिन । जसले गर्दा ठूलीले एक्लैले घरको र खेतबारीको सबै काम गर्नु पर्दथ्यो । रञ्जनाको त्यस्तो चाला देखेर विक्रमले ठूलीलाई घरको र रञ्जनालाई खेतको काम जिम्मा दिन्छ ।

गाँउपञ्चायतको चुनावमा विक्रम ७ नं. वडाबाट उम्मेदवार बनेर चुनाव जित्छ । गाउँको सामन्त रामदल विक्रमलाई बधाई दिन उसको घरमै आउँछ । रामदल गाउँको ठूलो साहू थियो । रामदलको अगाडि विक्रम साधारण गरिब किसान थियो । तर रामदल र विक्रमको मित्रता कसरी जोडियो यसको रहस्य गाउँमा कसैले बुझेका थिएनन् । आफ्ना गाउँले माथि अत्याचार गर्ने रामदल विक्रमलाई खाँचोगारो पर्दा खुलेर सहयोग गर्दथ्यो । बेला मौकामा दिवेश र कालुलाई लुगा पनि किनिदिन्थ्यो । एकपटक उसले रञ्जनाका लागि हीराजडित सुनको औंठी पनि दिएको थियो ।

एकरात ठूली रूँदै विक्रमलाई रञ्जनाले आफूमाथि गरेको अत्याचार सबै सुनाउँछे । त्यस रात ठूली विक्रमलाई आफ्ना निम्ति पुत्रेष्टि पुराण लगाइदिन आग्रह गर्छे । विक्रमले पनि ठूलीको आग्रहलाई पुरा गरिदिन्छ । दसैंको बेला ठूली घरमा दसैंको टिका थापेर माइत जान्छे । ठूलीको माइती गाउँमा रोटेपिङ हालेको हुन्छ । पूर्णिमाको रातमा ठूली पनि आफ्ना सङ्गीहरूसँग पिङ खेल्न जान्छे । घर फर्कने बेला सङ्गीहरू छुटेकाले ऊ एक्लै फर्कदै गर्दा बाटोमा रामदलबाट बलात्कृत हुन्छे । ठूली आफ्नो सतित्वमा दाग लगाउने रामदललाई सजाय दिने विचार गर्छे तर आफ्नै इज्जत जाने डरले चुप रहन्छे ।

रामदलको कुकर्मका कारण ठूली गर्भवती हुन्छे । ठूलीको अवस्थाले रञ्जनाको मनमा हलचल मचिन्छ । ठूली गर्भवती भएपछि विक्रमले रञ्जनालाई दिएको तालाचाबी खोसेर आफ्नो हातमा लिन्छ । एकदिन त उसलाई पिट्छ पनि । विक्रमले पनि मुख फेरेपछि रञ्जना

त्यस घरमा बस्न सक्दिन र आफ्नो कुम्लोकुटुरो च्यापेर माइती जान्छे । ठूलीको छोरा जन्मन्छ । छोराप्रति उसलाई घृणा लागेर आउँछ र त्यसलाई मार्ने विचार गर्छे । तर पुत्र स्नेहले उसलाई रोक्छ र छोरालाई मार्न सक्दिन । एकदिन गाउँमा खटिराको महामारी फैलिएको बेला ठूली महामारीको डरले आफ्नो छोरो पारसलाई लिएर  माईत जान्छे । रञ्जनाको छोरो दिवेश त्यही महामारीले मर्छ । दिवेश मरेको तीन दिनपछि नोकर छत्रे पनि मर्छ  । माईतमै हुँदा एकरात ठूलीले सपनामा साक्षात भगवान आएर तिम्रो छोराको एउटा आँखा छैन उसको विवाहको दिन उसले दुबै आँखा देख्न पाउँछ तर उसको ग्रहले ऊ पाँच वर्ष पुगेपछि बाबुहीन हुने योग छ भनी अन्तर्ध्यान भएको देख्छे । यो कुरा आमालाई भन्छे र अरू कसैलाई नभन्न आग्रह गर्छे ।

एकदिन काशीका एक बाबाजी घुम्दाघुम्दै ठूलीको गाउँमा आइपुग्छन् । विक्रम तिनै बाबाजीलाई घरमा बोलाएर सबैको चिना देखाउँछ । पारसको चिना होरी बाबाजीले ऊ पाँच वर्षको लागेपछि बाबु र छोरा दुईमा एकजाना मनुपर्ने योग भएको बताउँछ ।

पारस पाँचवर्ष पुग्न लागेपछि विक्रमले मंगलेलाई बोलाएर पारसलाई मेला हेर्न लग्ने र त्यहाँबाट मावलीमा जानेभनि लगेर बाटोमा मार्ने योजना बनाउँछ । विक्रमको योजना ठूलीले चाल पाउँछे र योजना सफल हुन दिन्न । पारसको पाँचौं जन्मदिनमा घरमा दुई मुरी चारूको होम गरिदिने भनेर आगनमा ठूलो खाडल खनिन्छ । दसदिन अघि जसलाई मार्नका लागि त्यत्रो षड्यन्त्र रचेको थियो आज त्यसका लागि यत्रो धुमधाम खर्च गरेर जन्मदिन मनाउन लागेको देखेर ठूलीको मनमा शङ्का उत्पन्न हुन्छ । होम गर्न भनी बनाएको खाडलमा पारसलाई नै होमिदिने योजना बनाएको विक्रमको जाल ठूलीले बुझ्नेपछि त्यसै राति पारसलाई लिएर ठूली घर छोडेर जान्छे ।

ठूलीले घर छोडेको केही दिनमा विक्रमकी आमा मर्छे । त्यसपछि घरमा विक्रम र कालु मात्र रहन्छन् । मातृस्नेहबाट बन्चित भएको कालु विक्रमले पनि हेरविचार नगर्दा गाउँका बदमास केटाहरूको साथमा लागेर चोरी गर्दै हिड्छ । एकपटक माइला मुखियाको घरमा चोरी गर्दै गर्दा पक्रिएको कालुलाई विक्रमले रू. २०० जरिमाना तिरेर छुटाउँछ ।

रामनवमीको मेला भर्न गएका बेला विक्रमले त्यहाँ ठूलीले आफ्ना नाममा लेखेको चिठी पाउँछ । चिठीमा ठूलीले रामदलले आफूमाथि गरेको सबै कुकृत्य उल्लेख गरेकी हुन्छे । घरबाट भागेर आफू पाटन आएर एउटी बुढी आमैको घरमा बसेको तर बुढीले आफूलाई

विदेशी दलालसँग बेचिसकेको त्यसैले यो पत्र लेखेर पारसलाई त्यही छोडेर आफू एक्लै त्यहाबाट हिड्ने कुरा लेखेकी हुन्छे । ठूलीको चिठी पढेपछि विक्रम कालुलाई लिएर पाटन जान्छ । पाटनमा विक्रम बुढीको घरको पूर्वपट्टि चित्रकारको पसलमा काम गर्न थाल्छ । एकदिन बुढीले पारसलाई पिटेर घरबाट निकालिदिन्छे । बुढीले घरबाट निकाले पछि रूँदै गरेको पारसलाई विक्रमले मानवताको नाताले आफ्नै नजिकैको चिनारू होटलमा काम गर्न लगाइदिन्छ ।

एकरात ठूलीले सपनामा विक्रमलाई रञ्जना नमरेकी र ऊ आसाममा आफ्ना नातेदारको घरमा बसेकी छ भनेर भन्छे । त्यसपछि विक्रम रञ्जनाको खोजीमा आसाम पुग्छ र रञ्जना त्यहाँबाट पनि हिडेको खबर पाउँछ । आसामबाट हिडेको १५ दिनपछि विक्रमले एउटा पत्रिकामा रञ्जना अस्पतालमा भर्ना भएको र कसैले चिनेको भए मणिपुर अस्पतालमा आउनु भन्ने सूचना पढ्छ । विक्रम रञ्जनाको खोजीमा अस्पताल पुग्छ । बिरामी रञ्जना विक्रम आफ्नो खोजीमा त्यहाँसम्म आएको देखेर खुसी हुन्छे । रञ्जनाको स्वास्थ्य ठिक भएपछि विक्रम र रञ्जना पाटन आउँछन् ।

विक्रमको पारसप्रतिको नराम्रो व्यवहार देखेर रञ्जना दिग्दार हुन्छे । रञ्जनाको ढिपीले विक्रम पारसलाई नोकर बनाएर पहाड लैजान्छ । पारसलाई आफ्नो बाबु को हो भन्ने थाहा हुँदैन् । विक्रमले रञ्जनालाई आफू पारसको बाबु भनेर नचिनाउनु भनेको हुनाले रञ्जनाले पारसलाई तिम्रो बाबु विदेश पैसा कमाउन गएको तीन वर्षपछि आउँछ भनी झूठो कुरा भन्छे । विक्रमको घरमा पारस नोकर बनेर बस्छ । पारसप्रति कालुको व्यवहार पनि राम्रो हुँदैन ।

एकदिन दसैँका लागि चिउरा कुट्न भनी गाउँका आइमाईहरू रञ्जनाको घरमा भेला हुन्छन् । बेलुकी झमक्क साँझ परेकाले कान्छीले पारसलाई साथी लिएर घर जान्छे । राति कान्छीको घरबाट पारस नआउने भएकाले रञ्जनाले कालुलाई पारसको ओछ्यानमा सुताएकी हुन्छे । राति विक्रम पारसलाई मार्ने सुर कसेर आउँछ । पारसको ओछ्यानमा सुतेको कालु हो भन्ने थाहा नपाएको विक्रम पारस भनी कालुलाई मार्न पुग्छ । कालुलाई मारेपछि विक्रम आफ्नौ छोरा मारे भनेर आत्महत्या गर्न खोज्छ । तर रञ्जनाले कालु विक्रमको छोरा नभएर पारस भएको बताउँछे र विक्रमबाट सन्तान नहुँने कुरा थाहा पाएपछि आफूले रामदलसँग सम्बन्ध गासेको र उसका तीनओटै सन्तान रामदलबाट भएको

रहस्य विक्रमलाई भन्छे । कालुलाई मारेकाले विक्रम जेल जान्छ । यही घटना नै उपन्यासको सुरुमा आएको छ ।

प्रस्तुत उपन्यास आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । सामाजिक विषयवस्तुमा लेखिएको **सन्तान** उपन्यासको मूल कथानक ज्ञानविक्रमको जीवनसँग सम्बन्धित छ । उपन्यासमा आदिदेखि अन्त्यसम्म विक्रमको जीवनसँग सम्बन्धित कथावस्तु रहेको छ । विक्रमको जीवनमा आएका उतार चढाव, उसले जीवनमा भोग्नुपरेको दुःख, पीडा, सङ्घर्षको कथा नै उपन्यासको मूल कथा हो । पूर्वदीप्ति शैलीमा लेखिएको यस उपन्यासको पहिलो पच्छिेदमा विक्रम जेल परेको चौध वर्ष भइसकेको घटना छ र ऊ किन जेल पऱ्यो भन्ने प्रश्नको जवाफ त्यसपछिका अन्य परिच्छेदहरूमा वर्णनात्मक रूपमा गरिएको छ । विगत् चौध वर्षदेखि कारागारमा रहँदै आएको विक्रमले पारसले लेखेको चिठी पढेर आफ्नो विगतको जीवन कथा स्मरण गरेको प्रसङ्गबाट कथानकको आरम्भ भएको छ । ठूलीबाट सन्तान नभएपछि विक्रमले रञ्जनालाई बिहे गर्नु, दुई सन्तानकी आमा रञ्जनाले ठूलीप्रति क्रुर व्यवहार गर्नु, निसन्तान ठूलीमा सन्तान प्राप्तिको चाहना तिब्र हुनु र त्यसका निम्ति पुत्रेष्टि पुराण लगाउनु, दसैँको मेलाबाट घर फर्कदा ठूली गाउँको साहू रामदलबाट बलात्कृत हुनु र ठूली गर्भवती हुनु, ठूली गर्भवती भएपछि रञ्जनाको मनमा द्वन्द्व उत्पन्न हुनु जस्ता सङ्घर्षविकासका घटनाले कथानकलाई अगाडि बढाएको देखिन्छ । ठूलीको छोरा जन्मेपछि रञ्जना घर छोडेर जानु, पारस पाँच वर्षको लागेपछि बाबु र छोरा दुईमा एकको मृत्यु हुनेछ भन्ने फिरन्ते बाबाको कुरोले विक्रमका मनमा चिसो पस्नु, विक्रमले पारसलाई मार्ने षड्यन्त्र रच्नु, विक्रमको षड्यन्त्र चाल पाएकी ठूली पारसलाई लिएर घर छोडेर जानु, ठूलीको चिठी पढेर विक्रमले पारस आफ्नो छोरा होइन भन्ने रहस्य थाहा पाउँनु र पाटन जानु, रञ्जनालाई खोजी घर फर्कनु जस्ता घटना कथानकका सङ्कटावस्थाका शृङ्खला हुन् । पारसको रहस्य थाहा पाएको विक्रमले पारसलाई घृणा गर्न थाल्नु र पारसप्रतिको ईर्ष्याको ज्वालाले विक्रमले पारस भनी पारसको ओछ्यानमा सुतेको कालुलाई गला थिचेर मार्नु उपन्यासको चरम स्थिति हो । भूलवश आफ्नै छोरालाई मारेपछि विक्रम पागल जस्तो भएर खुकुरी समाती आत्महत्या गर्न खोज्नु, कालुको मृत्युले आहात भएकी रञ्जनाले दिवेश र कालु विक्रमको छोरा नभइ रामदलको छोरा भएको रहस्य उद्घाटन गर्नु सङ्घर्षह्रासका घटना हुन् र कालुलाई मारेको अपराधमा विक्रम जेल जानु कथानकको उपसंहार हो । यस उपन्यासको कथानक वर्तमानबाट भूतकालतिर हिडेर पुनः वर्तमानतिर फर्केको छ ।

पूर्वदीप्तिशैलीमा उपन्यास अगाडि बढेपनि उपन्यासको कथानक जटिल नभएर सरल किसिमको रहेको छ ।

उपन्यासको कथा आरम्भबाट नै पाठकमा प्रशस्त कौतूहल जन्मन्छ । विक्रम कसरी जेल परेको होला ? विक्रमले पारसको चिठीहरू किन फिर्ता गरेको होला ? पारस कसको सन्तान होला ? जस्ता खुलदुलीहरू उब्जन्छ । उपन्यासको मध्यतिर गाउँको सामन्त रामदलले विक्रमलाई किन राम्रो मानेको होला ? रामदलबाट बलात्कृत भएकी ठूलीको के स्थिति होला ? यो कुरा विक्रमले थाहा पाउला कि नपाउला, घर छोडेर गएकी रञ्जना फेरि फर्केर आउली कि नआउली, विक्रमको पारसलाई मार्ने योजना सफल होला कि नहोला, घर छोडेर गएकी ठूलीको स्थिति के होला ? पारस आफ्नो छोरा होइन भन्ने कुरा विक्रमकले थाहा पाएपछि विक्रमले के गर्ला ? जस्ता घटनाहरूले पाठकको मनमा प्रशस्त खुल्दुली उब्जाउँछ ।

**सन्तान** उपन्यासको कथानकमा द्वन्द्वको प्रयोग प्रयाप्त देखिन्छ । मूलतः बाह्य द्वन्द्व ठूली र रञ्जनाका बीच, ज्ञानविक्रम र रामदलका बीच र पारस र कालुका बीच देखिन्छ भने रामदलबाट बलात्कृत भएकी ठूलीका मनमा उत्पन्न आन्तरिक द्वन्द्व तीब्र रूपमा देखिन्छ । रूँदै आएको कालुलाई देखेर ठूलीले कुटेकी होली भनेर रञ्जनाले ठूलीलाई तथानाम गाली गर्नु ए थुप्री चोसे, यस घरमा तैले राजै पो चलाउन आटिस होइन् ? कुन तेरा बाबुको सम्पती खाएर यहाँ मनपरी गर्छेस् ? तँलाई लाज लाग्दैन (पृ. ११) ? गाउँपञ्चायतको चुनावको दिन घरमा कोही नहुँदा ठूली खेतमा काम गर्न गइन भनी रञ्जनाले ठूलीलाई मनपरी गाली गर्नु, ठूली एक्लै बसेर रूनु, मेलाबाट फर्कदै गर्दा रामदलले ठूलीलाई जबरजस्ती बलात्कार गर्नु, ठूली गर्भवती भएपछि विक्रमले रञ्जनालाई जिम्मा दिएको तालाचाबी खोसी उसलाई पिट्नु, आफ्नो घरमा लुगा र चामल चोर्दै गर्दा पक्रिएको कालुलाई माइला मुखियाले किलामा बाँधेर कुट्नु, पारसले आफ्नो सुट र जुत्ता लगाएको देखेर कालुले पारसलाई रगत बग्ने गरेर कुट्नु, रामदलले ठूलीलाई बलात्कार गरेको थाहा पाएको विक्रमले रामदललाई गाली गर्नु र लौराले हान्नु, पारस भनी विक्रमले भूलवश पारसको ओछ्यानमा सुतिरहेको कालुको गर्धन निमोठेर मार्नु जस्ता बाह्य द्वन्द्व उपन्यासमा देखिन्छ ।

त्यसैगरी उपन्यासमा आन्तरिक द्वन्द्व पनि देखिन्छ । आन्तरिक द्वन्द्व अन्य पात्रहरू भन्दा यस उपन्यासकी प्रमुख नारी पात्र ठूलीमा बढी देखिन्छ । रामदलबाट बलात्कृत भएपछि ठूलीमा आन्तरिक द्वन्द्व सुरु भएको छ । रामदललाई सजाय दिन उसको कर्तुत

समाजका अगाडि भण्डाफोर गरू कि नगरू भन्ने विषयलाई लिएर ठूलीका मनमा द्वन्द्व उत्पन्न भएको छ । रामदललाई कसरी सजाय दिने भन्ने कुरामा ऊ मनमा अनेक कुरा खेलाउँछे । अन्त्यमा रामदलको कुकर्म समाजका अगाडि आए आफ्नै बेज्जत हुँने डरले चुप रहन्छे । त्यस्तै ठूली गर्भवती भएपछि रञ्जनाका मनमा पनि द्वन्द्व उत्पन्न भएको छ । रञ्जना सौताका रिसले ठूलीको छोरालाई मार्न खोज्छे तर सक्दिन र अन्तमा अपराधबोधले घर नै छोडेर जान्छे । त्यस्तै पारस रामदलको छोरा हो भन्ने थाहा पाएपछि ईर्ष्या र घृणाले विक्रमको मनमा उत्पन्न द्वन्द्वले त दुर्घटना नै निम्त्याएको छ ।

### ४.२.१.३ सहभागी

**सन्तान** बहुलपात्र भएको उपन्यास हो । भूमिकाका आधारमा यसमा विक्रम, ठूली र रञ्जना प्रमुख पात्रका रूपमा रहेका छन् । यिनीहरूले जीवनमा भोगेका दुःख, पीडा र निराशाको कथा नै यस उपन्यासको प्रमुख प्रस्तुति हो । रामदल, कालु र पारस उपन्यासका सहायक पात्रका रूपमा आएका छन् । त्यसैगरी दिवेश, विक्रमकी आमा, माइला मुखिया, बूढी आमै, मंगले, छत्रे, मानवीरे, धनेमगर, रञ्जनाकी काकी, चित्रकार जस्ता पात्रहरू गौण पात्रका रूपमा आएका छन् ।

लिङ्गका आधारमा उपन्यासमा स्त्रीका तुलनामा पुरुष पात्रहरू बढी देखिन्छन् । उपन्यासमा विक्रम, पारस, दिवेश, कालु, रामदल, छत्रे, मंगले, माइला मुखिया, बूढीको छोरो, विदेशी, मानवीरे, चित्रकार, धनेमगर पुरुष पात्रका रूपमा आएका छन् भने ठूली, रञ्जना, विक्रमकी आमा, कान्छी, बूढी आमै, बूढीकी बुहारी, रञ्जनाकी काकी जस्ता स्त्री पात्रहरू रहेका छन् ।

प्रवृतिका आधारमा यस उपन्यासमा अनुकूल र प्रतिकूल चरित्र बोकेका पात्रहरू रहेका छन् । अनुकूल पात्रहरूमा विक्रम, ठूली, पारस, दिवेश, विक्रमकी आमा, छत्रे, कान्छी, मंगले, चित्रकार, धनेमगर, रञ्जनाकी काकी, होटलवाला आदि रहेका छन् भने प्रतिकूल पात्रहरूमा रञ्जना, कालु, रामदल, माइला मुखिया, बूढी आमै, विदेशी, मानवीरे जस्ता पात्रहरू रहेका छन् ।

स्वभावका आधारमा यस उपन्यासमा गतिशील र स्थिर पात्रहरू रहेका छन् उपन्यासमा विक्रम, रञ्जना, मंगले, मानवीरे आदि चरित्रहरू गतिशील चरित्रका रूपमा आएका छन् । त्यस्तै ठूली, पारस, दिवेश, कालु, विक्रमका बाबुआमा, छत्रे, रामदल, कान्छी,

माइला मुखिया, बूढी आमै, मानवीरे, चित्रकार, धनेमगर, रञ्जनाकी आमा, होटलवाला आदि स्थिर चरित्रका रूपमा आएका छन् ।

जीवनचेतनाका आधारमा उपन्यासमा वर्गगत पात्रका रूपमा विक्रम, ठूली, रञ्जना, पारस, दिवेश, छत्रे, मंगले, चित्रकार, धनेमगर, रञ्जनाकी काकी, होटलवाला आएका छन् भने व्यक्तिगत पात्रका रूपमा रामदल, कालु, माइला मुखिया, मानवीरे आएका छन् ।

आसन्नताका आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । यस उपन्यासमा प्रायः सबै पात्रहरू मञ्चीय छन् भने विक्रमका बाबुआमा, बूढीका छोराबुहारी, विदेशी, चित्रकार जस्ता पात्रहरू नेपथ्य रूपमा आएका छन् ।

आबद्धताका आधारमा हेर्दा उपन्यासमा विक्रम, ठूली, रञ्जना, रामदल, पारस बद्ध पात्र हुन् । त्यस्तै दिवेश, कालु, छत्रे, कान्छी, मंगले, विक्रमकी आमा, माइला मुखिया, बूढी आमै, विदेशी, मानवीरे, चित्रकार, धनेमगर, रञ्जनाकी काकी, होटलवाला जस्ता पात्रहरू मुक्त पात्र हुन् । यी पात्रहरूलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

| क.सं. | आधार पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १. | विक्रम | + | - | + | - | - | → | - | + | - | + | - | - | + | + | - |
| २. | ठूली | - | + | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| ३. | रञ्जना | - | + | + | - | - | - | ← | + | - | + | - | - | + | + | - |
| ४. | रामदल | + | - | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| ५. | पारस | + | - | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| ६. | कालु | + | - | - | + | - | - | + | - | + | - | + | - | + | - | + |
| ७. | दिवेश | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| ८. | छत्रे | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| ९. | मंगले थापा | + | - | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| १०. | माइला मुखिया | + | - | - | - | + | - | + | - | + | - | + | - | + | - | + |
| ११. | मानवीरे | + | - | - | - | + | - | + | + | - | - | + | - | + | - | + |
| १२. | चित्रकार | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १३. | धने मगर | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १४. | होटलवाला | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |

उपर्युक्त आधारमा यहाँ प्रमुख पात्रहरूको संक्षिप्त चरित्रचित्रण गरिएको छ ।

## १. विक्रम

विक्रम **सन्तान** उपन्यासको प्रमुख पुरुष पात्र हो । मध्यम वर्गीय परिवारको विक्रम यस उपन्यासको केन्द्रीय पुरुष पात्र हो । उपन्यासको कथानक विक्रम र उसको परिवारको इतिवृतमा घुमेको छ । ठूलीबाट सन्तान नभएपछि विक्रमले अर्को बिहे गरेको छ । कान्छी श्रीमती रञ्जनाबाट तीनओटा सन्तान जन्मन्छन् तर ती विक्रमका हुँदैनन् । रञ्जनाका सन्तान आफ्ना होइनन भन्ने थाहा नभएको विक्रम भ्रममा बाँचेको पात्र हो । आफ्नो कर्तव्यप्रति सचेत भएकाले नै उसले ठूलीका निम्ति पुत्रेष्टि पुराण लगाएको छ । सोझो मनको विक्रमले रामदलले आफ्ना छोराछोरीका लागि कपडा किन्दा, रञ्जनालाई सुनको औँठी दिदा पनि रामदलको स्वार्थलाई बुझ्न सकेको छैन् । गाउँमा कसैलाई सारोगारो पर्दा सहयोग गर्ने, कसैसँग नरिसाउने, मिलनसार स्वभावका कारण विक्रमले गाउँपञ्चायतको चुनावमा पनि विजय हासिल गरेको छ । फिरन्ते बाबाले पारसको चिना हेरेर ऊ पाँच वर्षको लागेपछि उसका ग्रहले बाबु र छोरामा एकजना मर्ने भनेपछि पारसलाई मार्न अनेक षड्यन्त्र रच्ने विक्रम अन्धविश्वासले गाजिएको पात्र हो । उसको यही कमजोरीले गर्दा नै ठूलीले उसलाई छोडेर गएकी छ र उसको घर लथालिङ्ग भएको छ । उपन्यासको सुरुमा अनुकूल प्रवृतिको विक्रम उपन्यासको अन्त्यतिर प्रतिकूल प्रवृतिको देखिएको छ । उपन्यासको सुरुमा खुसी, सुखी जीवन बिताइरहेको विक्रम ठूली र रञ्जनाका छोराहरू आफ्ना होइनन् भन्ने थाहा पाएपछि दुःखमा पर्छ । समय र परिस्थितिले उसलाई नराम्रो काम गर्न लगाएको छ । पारस आफ्नो छोरो होइन भन्ने थाहा पाएपछि विक्रम पारसलाई घृणा गर्न थाल्छ र उसलाई आफ्नो घरको नोकर बनाएर राख्छ । कालुले पारसलाई रगत बगुञ्जेलसम्म कुट्ता पनि ऊप्रति सहानुभूति देखाउँदैन । पारसप्रतिको घृणाका कारण उसको हत्या गर्न उद्यत भएको विक्रमले पारस भनी कालुलाई मार्न पुगेको छ । मानवीय दुर्बलताको सिकार भएको विक्रम घृणा र आवेशमा आएर अपराधी भएको छ । यसरी उपन्यासमा विक्रम अनुकूल र प्रतिकूल दुवै चरित्रको पात्रका रूपमा देखिएको छ । उसको जीवनमा आएका उतार चढावले गर्दा उसको स्वभावमा पनि परिवर्तन देखिएकाले ऊ उपन्यासको गतिशील पात्र हो । विक्रमलाई उपन्यासबाट झिकिदिने हो भने उपन्यासको संरचाना ध्वस्त हुने भएकाले ऊ उपन्यासको बद्ध पात्र हो । उपन्यासको सबै ठाउँमा देखापर्ने विक्रम मञ्चीय पात्र हो । विक्रम उपन्यासमा निम्नवर्गीय जीवनको प्रतिनिधित्व गर्ने

वर्गीय पात्र हो । डर, त्रास र घृणाले गर्दा आफ्नो जीवन नै अस्तव्यस्त बनाएर जेल जीवन भोगिरहेको ऊ मानवीय कमजोरी भएको यथार्थ पात्र हो ।

यसरी उपर्युक्त भनाइका आधारमा हेर्दा विक्रम प्रमुख, अनुकूलबाट प्रतिकूलतर्फ उन्मुख, गतिशील, वर्गीय, मञ्चीय, बद्ध पुरुष पात्रका रूपमा उपन्यासमा आएको छ ।

## २. ठूली

ठूली उपन्यासमा प्रमुख नारी पात्रका रूपमा आएकी छ । विक्रमकी जेठी श्रीमती ठूली निसन्तान छे । सन्तान नहुँदा दुःखी भएकी ठूली सौताको क्रुर व्यवहार सहन बाध्य भएकी छ । सरल, मिलनसार स्वभावकी ऊ कसैसँग पनि रिस राख्दिन । निसन्तान भए पनि आफ्नो व्यवहारले विक्रमको मन जित्न सफल भएकी ऊ एक आसल पत्नी हो । अरूले जस्तो व्यवहार गरे पनि आफ्नो घरप्रतिको जिम्मेवारीलाई पूर्ण रूपमा निभाउने कर्तव्यशील पात्र हो । ऊ सौताको नराम्रो व्यवहार सहेर बसेकी दुःखी पात्र हो । उसको दुःखले उपन्यासमा कारुणिकताको सञ्चार भएको छ । सौताले तथानाम गाली गर्दा पनि एक शब्द नफर्काउने, सहेर बस्ने, आफूमा भएको अत्याचारको प्रतिकार गर्न नसक्ने कमजोर चरित्रकी पात्र हो । कमजोर भएकै कारण ऊ रामदलबाट बलात्कृत भएपछि उसलाई सजाय दिलाउन सकेकी छैन् । पत्नीत्व भन्दा मातृत्व प्रबल भएका कारण ठूली विक्रमले पारसलाई मार्ने षड्यन्त्र रचेपछि पारसलाई लिएर घर छोडेर गएकी छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म उसको स्वभावमा परिवर्तन नदेखिएकाले ऊ अनुकूल, सत् चरित्र भएकी स्थिर पात्र हो । कसैको अहित नचिताउने ठूली सौताले तथानम गाली गर्दा पनि सौताको नराम्रो चिताएकी छैन बरू उसले छोडेर गएपछि उसका छोराहरूलाई माया ममता दिएर हुर्काएकी छ । गाउँमा खटिराको महामारी फैलिएको बेला विक्रम, कालु र विरामी दिवेशलाई छोडेर आफ्नो छोरा पारसलाई लिएर माइत जान्छे । यहाँनिर ठूलीको स्वार्थले उसलाई प्रतिकूल जस्तो बनाएको छ तर पनि उपन्यासभरी उसको अनुकूल चरित्र नै देखिन्छ । रुढिवादी मान्यताले किचिएकी ठूली सन्तान प्राप्तिका लागि विक्रमलाई पुत्रेष्टि पुराण लगाइदिन अनुरोध गर्छे । मेरो दुःखको तपाई साँच्चै साथी हुनुहुन्छ भने मेरो निम्ति एउटा सानो पुत्रेष्टि पुराण लगाइदिनोस (पृ. ३३) । विक्रमले सौता भित्र्याउँदा पनि आफ्नो घरप्रतिको जिम्मेवारी पूरा गर्ने ठूली सामान्य नारी पात्रका रूपमा आएकी छ । पहिले सन्तान नहुँदा पीडाले पिरोलिएकी ठूली सन्तान जन्मेपछि उसको रक्षाका लागि घर नै छोडेर हिड्छे । यसरी ऊ उपन्यासमा अशिक्षित निम्नवर्गीय नारी जीवनको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । नारीमा हुने

स्वाभाविक गुण भएकी सौताको पीडा भोग्ने यथार्थ पात्र हो । नेपाल र नेपालीलाई माया गर्ने ठूलीमा देशप्रेमको भावना पनि रहेको छ । देशप्रेमकै कारण ऊ विदेशी दलालहरूसँग बेचिएपछि उनीहरूसँग जानुभन्दा पारसलाई नेपालमै छोडेर भागेर अन्तै गएकी छ । पारसको मनमा नेपाली गरेर खान्छ, मागेर खान जान्दैन भन्ने प्रभाव पार्न खोजेकी हुँ (पृ. १४०) । यसैले नेपालको फल यही कै माटोमा छोडेर जाने मेरो अन्तिम अभिलासा छ (पृ. १४२) । उपन्यासको कथानकलाई पूर्णता दिन आउने ठूली बद्ध र पटक पटक देखा परेर प्रमुख नारी भूमिका निर्वाह गर्ने मञ्चीय पात्र हो । ऊ सोझी, सरल र पात्र हृदय भएकी उपन्यासकी नायिका हो ।

**३. रञ्जना**

विक्रमकी कान्छी श्रीमती रञ्जना उपन्यासमा प्रमुख नारी पात्रका रूपमा आएकी छ । विक्रमले ठूलीबाट सन्तान नभएपछि रञ्जनालाई बिहे गरेर ल्याएको हो । रञ्जना आफ्नो सन्तान जन्मेपछि निसन्तान ठूलीलाई हेप्ने, गाली गर्ने दया नभएकी पात्र हो । ठूलीको छोरा जन्मेपछि सौताका रिसले उसको छोरालाई नै मार्न खोज्छे । झगडालु प्रवृतिकी रञ्जना उपन्यासको सुरुमा सौतासँग निहुँ खोजेर झगडा गर्ने, ठूलीलाई तथानाम गाली गर्ने, घरको काम केही नगर्ने स्वभावका कारण प्रतिकूल स्वभावकी देखिएकी छ भने उपन्यासको अन्त्यतिर सौताको छोरा पारसलाई आमाको माया दिने, पहिले आफूले गरेको गल्तिमा पछुताउने अनुकूल पात्रका रूपमा देखा परेकी छ । त तैले राजै पो चलाउन आटिस ? कुन तेरा बाबुको सम्पति खाएर यहाँ मनपरी गर्छेस (पृ. ११) ? पारसलाई कालुको भन्दा बढी माया दिएर आमाप्रति उसले दिने श्रापको बदला शुभकामनाको फूल चढाइदिनोस् ! न मेरो ठूलीप्रति वैराग्य थियो न त पारसप्रति नै छ (पृ. १७५) । दुई सन्तान जन्माएकी र विक्रमकी प्यारी भएकाले घमण्डले मातेकी पात्र हो । ठूलीको छोरा भएपछि सौताका रिसले घर नै छोडेर जाने ईर्ष्यालु स्वभावकी पात्र हो । उपन्यासमा निम्नवर्गीय परिवारकी एउटी सौताको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । पुत्रष्टि पुराण लगाएर सन्तान जन्मन्छ भन्ने रुढिवादी कुरामा विश्वास नगर्ने रञ्जना दुई वर्षसम्म सन्तान नहुँदा विक्रमको वीर्य परीक्षण गराउने शिक्षित पात्र हो । विक्रमबाट सन्तान नहुँने कुरा थाहा पाएपछि रामदलसँग अनैतिक सम्बन्ध राखेर पनि सन्तान जन्माउँने अस्तित्ववादी चेतना भएकी पात्र हो । घर छोडेर गएपछि दुः ख पाएपछि आफूले पहिले ठूलीमाथि गरेको अन्यायको अपराधबोध भएपछि उसमा परिवर्तन देखिएको छ । उपन्यासको अन्त्यतिर उसमा पारस र घर व्यवहारप्रति जिम्मेवारी बोध

भएको छ । यसरी रञ्जनाको स्वभावमा परिवर्तन देखिएकाले ऊ गतिशील पात्र हो । उपन्यासबाट झिक्न नमिल्ने बद्ध र मञ्चीय पात्र हो । ऊ अनुकूल र प्रतिकूल दुवै चरित्र बोकेकी सामान्य नारी पात्रका रूपमा उपन्यासमा आएकी छ ।

यसरी रञ्जना उपन्यासकी प्रमुख, नारी, गतिशील, प्रतिकूलबाट अनुकूलतर्फ उन्मुख वर्गीय, बद्ध र मञ्चीय पात्र हो ।

उपर्युक्त प्रमुख पात्रका साथै उपन्यासमा सहायक र गौण पात्रहरूको पनि उपस्थिति रहेको छ । उपन्यासमा रामदल, पारस र कालु सहायक र दिवेश, विक्रमकी आमा, माइला मुखिया, बूढी आमै, धने मगर, मंगले थापा, छत्रे, मानवीरे, चित्रकार, रञ्जनाकी काकी, कान्छी, होटलवाला जस्ता गौण पात्रहरू देखापरेका छन् । रामदल उपन्यासमा गाउँको धनीमानी साहूका रूपमा देखापरेको छ । तीनओटा बिहे गरेको रामदल गाउँको सामन्त हो । ऊ अर्काकी छोरी बुहारी माथि आँखा लगाउने, उनीहरूलाई बलात्कार गर्ने उपन्यासको प्रतिकूल पात्र हो । विक्रमको कमजोरीको फाइदा उठाएर रञ्जनासँग अनैतिक सम्बन्ध गास्ने, ठुलीलाई बलात्कार गर्ने, गाउँलेहरूमाथि अत्याचार गर्ने रामदल व्यक्तिगत पात्र हो । उपन्यासको केही परिच्छेदमा मात्र देखा पर्ने ऊ मञ्चीय र बद्ध पात्र हो । पारस उपन्यासमा ठूलीको छोराको रूपमा आएको छ । बाबुआमाको माया नपाएको टुहुरो पारस दुःखी पात्र हो । कसैसँग झगडा नगर्ने, अरूको कुभलो नचिताउने पारस अनुकूल पात्र हो । रञ्जनाको छोरो कालु गाउँका बदमास केटाहरूसँग लागेर बिग्रिएर चोरी गर्दै हिड्ने, पारसलाई आफ्नो सुट र जुत्ता लगायो भनेर गाली गरी रगताम्य हुने गरी कुट्ने उपन्यासको प्रतिकूल पात्रको रूपमा देखिएको छ । त्यस्तै उपन्यासमा प्रमुख पात्रको सहयोगीका रूपमा थुप्रै पात्रहरू पनि आएका छन् । यिनीहरूको उपस्थिति उपन्यासको एक दुई ठाउँमा मात्र देखिन्छ । रञ्जनाको छोरो दिवेश खटिराको महामारीमा परि मरेको छ । माइला मुखियाको घरमा चोरी गर्दै पक्रिएको कालुलाई खाँबामा बाँधेर पिट्ने विक्रमको गाउँलेका रूपमा देखापरेको छ । बूढी आमै ठूलीलाई आफ्नो घरमा बस्न दिएर सहयोग गर्ने र मौका छोपि विदेशीसँग बेचिदिने सहरीया समाजकी कुपात्रका रूपमा देखिएकी छ । चित्रकार र धने मगर पाटनमा विक्रमलाई सहयोग गर्ने पात्र हुन् । चित्रकार विक्रमलाई आफ्नो पसलमा काम दिएर सहयोग गर्ने र धने मगर विक्रमको पसलमा काम गर्न बसेको नोकर हो । मंगले विक्रमले पारसलाई मार्न भनी बोलाएको पात्र हो । छत्रे विक्रमको घरमा काम गर्न बसेको नोकर हो । ऊ खटिराको महामारीमा परी मरेको छ । रञ्जनाकी काकी आसाममा बस्ने रञ्जनाका माइतीका रूपमा

देखापरेकी छ । त्यस्तै ठूलीकी आमा, भाउजू, सँगीहरू, ललितादेवी, मणिपुर हस्पिटलका डाक्टर, नर्स, पाले, हस्पिटल छेउछाउका होटलेहरू, पाटनको होटले, कान्छी, चिउरा कुट्न आएका आइमाईहरू आदि उपन्यासमा सूच्य पात्रका रूपमा देखा परेका छन् ।

### ४.२.१.४ परिवेश

**सन्तान** उपन्यास पूर्वी पहाडी जिल्ला तेरथुम, काठमाडौँ, पाटन, रक्सौल, विरगञ्ज, कलकता, आसामसम्मको सेरोफेरोमा घुमेको छ । यसमा पूर्वी पहाडको समाज, त्यहाँको जीवनशैली, रहनसहन, त्यहाँको परम्परा, त्यस वरपरको दृश्य मुख्य रूपमा चित्रण गरिएको छ । पहाडको दुर्गम गाउँबाट विभिन्न पेसा गर्न आसामतर्फ जने नेपालीहरूको जीवनशैली पनि यसमा चित्रण गरिएको छ । यसको घटना समय ठ्याक्कै यही समयको भन्ने नतोकिए पनि ज्ञनविक्रम गाउँपञ्चायतको चुनावमा उठेको कुराले उपन्यासको घटना समय पञ्चायतकालतिरको हो भन्न सकिन्छ । कर्कले गाउँपञ्चायतको चुनाव हुँने भो । ७ नं. वडाबाट विक्रम पनि उम्मेदवार उठे (पृ. २०) । एउटीबाट सन्तान नहुँदा त्यसको कारण पत्ता नलगाएर अर्को विवाह गर्ने, सन्तान प्राप्तिका निम्ति पुत्रेष्टि पुराण लगाउने, फिरन्ते बाबाका कुरामा विश्वास गर्ने, सपना रुढिवादी जस्ता कुरामा विश्वास गर्ने अन्धविश्वासले गाजिएको त्यसबेलाको नेपाली समाजको चित्रण गरिएको छ । सोझा गाउँलेहरू माथि शोषण, अत्याचार गर्ने सामन्तहरूको अन्त्य नभएको समाज, घरायसी कामकाज खेतीपाती, वस्तुभाउ पालेर जीवन धान्ने निम्नवर्गीय किसानहरूको सजीव अवस्थाको चित्र प्रस्तुत उपन्यासमा गरिएको छ । धेरै जस्तो बेठी लगाएर खेत रोपिन्थ्यो । अन्नको राम्रो उब्जनी भएपछि त्यसैको विक्रीबाट आएको पैसाले नून, तेल, लुगाफाटो गरिकन पनि धेरै रकमको बचत हुन्थ्यो (पृ. ९०) । दसैँमा टिका थाप्न माइती जाने, नायाँवर्ष र दसैँमा मेला लाग्ने, बेठी लगाएर खेत रोप्ने जस्ता परम्पराको चित्रण यसमा गरिएको छ । पहाडी दुर्गम गाउँबस्तीमा रुढिवादी अन्धविश्वास व्याप्त रहेको तर छोराछोरीलाई पढाउनुपर्छ भन्ने चिन्तनले केही गति लिएको पञ्चायतकालीन समाजको चित्रण यस उपन्यासमा गरिएको छ ।

सन्तान नहुँदाका पीडाको प्रस्तुति पाइने यस उपन्यासको वातावरण दुःखद र त्रासद छ ।[४९] निम्नवर्गीय नेपाली परिवारको सामाजिक यथार्थको उद्घाटन गरिएको उपन्यासमा त्रासद र निराश जिन्दगीको वातावरण छाएको पाइन्छ । डर, त्रास, घृणा, आवेश र

[४९]. ऐजन, पृ . १९७ ।

अपराधबोधले पात्रहरूको जीवन अस्तव्यस्त बनेको छ । आफू मर्ने डरले विक्रमले पारसलाई मार्न अनेक षड्यन्त्र रचेको छ र सन्तानको रक्षाका लागि ठूली घर छोड्न बाध्य भएकी छ । ठूलीको सन्तान जन्मेपछि अपराधबोधले रञ्जना घर छोडेर हिडेकी छ । अत्याधिक घृणा र आवेशमा आएर विक्रमले पारस भनी कालुलाई मार्न पुगेको छ । यसरी पात्रमा भएको मानवीय कमजोरीले गर्दा उपन्यासमा त्रासद वातावरणको सिर्जना भएको छ ।

### ४.२.१.५ उद्देश्य

**सन्तान** उपन्यासको मूल उद्देश्य सामाजिक यथार्थको चित्रण गर्नु रहेको छ । मानव जीवनमा सर्वाधिक महत्त्व सन्तानको हुन्छ भन्ने कुरा देखाउने मुख्य उद्देश्य रहेको यस उपन्यासमा बालविवाह र बहुविवाहबाट उत्पन्न समस्या, सौतेनी डाहका साथै राष्ट्रियप्रेमको भावना पनि अभिव्यञ्जित छ ।[५०] त्यस्तै मातृस्नेहबाट बञ्चित बालकको मानसिकता, नेपाली संस्कृति, धर्म, विश्वास र सत्यता देखाउनु पनि उपन्यासको उद्देश्य रहेको छ । विक्रमको वीर्यदोष थाहा पाएपछि रञ्जनाको निम्ति सन्तानको भोक आफ्नो सतित्व भन्दा पनि ठुलो हुन गएको छ । सन्तानकै लागि ठूलीले घर छोडेकी छ । सौताका रिसले रञ्जनाले घरको सबै अन्न बेच्ने, घरको काम धन्दा नगर्ने जस्ता काम गरेकी छ । गाउँका सामन्त साहूहरूले सोझा किसानमाथि गर्ने अत्याचार, शोषण, नारीमाथि गर्ने यौनशोषणलाई उपन्यासले राम्ररी उद्घाटन गर्ने लक्ष्य लिएको छ ।

पैसाका लागि मानिसले जस्तोसुकै कुकर्म पनि गर्न सक्छ भन्ने देखाउनु पनि उपन्यासको उद्देश्य रहेको छ । पाटनमा बूढीका घरमा बसेकी ठूलीलाई बेचेर विदेशीबाट पैसा लिएको प्रसङ्गबाट थाहा हुन्छ । आमाबाबु दुवै नहुँदा पारसले भोग्नु परेको दुःख उसको मानसिकता देखाएर छोराछोरीका लागि बाबुआमाको महत्त्वलाई देखाउन खोजिएको छ । समाजमा व्याप्त रहेको बालश्रमलाई देखाउनु पनि यसको उद्देश्य रहेको छ । नौ वर्षको पारसले होटलमा जुठा भाडा माझेको र विक्रमका घरमा नोकर बसेको कुराले बालमश्रमलाई देखाएको छ । उपन्यासमा देशप्रेमको भावना पनि पाइन्छ । ठूलीको म पतिव्रता नभए पनि नेपालव्रता अवश्य छु भन्ने र नेपालको माटोमा जन्मी हुर्की यहीको माटोमा मिल्ने इच्छाले देशप्रेमको भावना सबैमा हुनुपर्छ भन्ने सन्देश सम्प्रेषित गर्नु उपन्यासको उद्देश्य रहेको छ । त्यसैगरी नेपाली इमान्दार हुन्छन् र नेपालीको इमान्दारीप्रति

[५०]. ऐजन, पृ . १९७ ।

भारतीयहरू पनि विश्वस्त भएको कुरा भारतको एक होटलमा होटलवालाले विक्रमलाई उधारोमा भात खुवाएको प्रसङ्गबाट थाहा हुन्छ । पूर्वी पहाडी जीवनशैली त्यहाँको समाजमा व्याप्त बालविवाह, बहुविवाह, त्यसबाट उत्पन्न समस्या, सौता सौताबीचको ईर्ष्या, नारीमा हुने सन्तान प्राप्तिको चाहना, समाजमा व्याप्त रुढिवादी अन्धविश्वास, सामन्त वर्गको शोषण अत्याचार जस्ता कुरालाई यथार्थ रूपमा चित्रण गर्नु नै उपन्यासको मुख्य उद्देश्य रहेको छ ।

### ४.२.१.६ दृष्टिबिन्दु

**सन्तान** उपन्यासको दृष्टिबिन्दु तृतीय पुरुष सर्वदर्शी रहेको छ । उपन्यासकार स्वयम्ले उपन्यासका सम्पूर्ण घटना, क्रियाव्यापार, द्वन्द्व, परिवेशको वर्णन गरेका छन् । विक्रम, ठूली, रञ्जना, रामदल, पारस, कालु, मंगले, छत्रे आदि पात्रहरू उपस्थित गरेर ऊ पात्रका माध्यमले सारा उपन्यासको कथावस्तु, परिवेश आदि ओकलेका छन् । कुनै पात्रमा केन्द्रित नभएर सबै घटना, प्रकृतिचित्रण, संवाद तथा पात्रका मानसिक उथलपुथल समेत उपन्यास भन्दा बाहिरै बसी कथयिताले वर्णन गरेको हुनाले यसमा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दु रहेको छ ।

विक्रम, ठूली, रञ्जना उपन्यासका प्रमुख पात्रका रूपमा आएका छन् । यिनीहरूको केन्द्रीयतामा उपन्यासको सम्पूर्ण कथावस्तु घुमेको छ । यिनै पात्रहरूले जविनमा भोग्नु परेको दुःख, पीडा, सङ्घर्ष उपन्यासमा उपन्यासकारले वर्णन गरेका छन् । सन्तानका लागि विक्रमले अर्को बिहे गर्नु, सन्तानका लागि रञ्जनाले रामदलसँग अनैतिक सम्बन्ध गास्नु, सन्तानका लागि ठूलीले घर छोड्नु, पारस आफ्नो छोरा होइन भन्ने थाहा पएपछि आवेशमा आएर विक्रमले पारस भनी कालुलाई मार्नु जस्ता यथार्थ घटनाहरूको प्रस्तुतिबाट मानव जीवनमा सन्तानको जति महत्त्व हुन्छ त्यति अरू कुनै चिजको हुँदैन भन्ने कुरा अगि सारिएको छ ।

### ४.२.१.७ भाषाशैलीय विन्यास

**सन्तान** उपन्यासको भाषा कथ्यस्तरको सरल, ग्रामीण परिवेशले युक्त छ । यस उपन्यासमा पात्रानुकूल सरल, सहज र स्वभाविक भाषिक विन्यास पाइन्छ ।[५१] वर्णनात्मक शैलीका साथै संवादात्मक शैलीले उपन्यासलाई रोचक बनाएको छ ।

---

[५१] . ऐजन, पृ . १९७ ।

ठूलीले भनी - "कान्छी तिमी त घरधन्दामा सारै सिपालु छ्यौ रे होइन ?"
"भद्रेकी दिदी हेरी त म के जान्दछु र ? उसका त हातै मीठा छन्"
ठट्यौली परामा कान्छीले भनी (पृ. ८७)

ठाउँठाउँमा छोटाछोटा संवाद, थेगो, उखानहरूको प्रशस्त प्रयोग भएको पाइन्छ । रिस खा आफू बुद्धि खा अर्को (पृ. १५), दुई स्वास्नीको पोइ कुना पसी रोई (पृ. १७), असी पुगी बसी खाने (पृ. २३), काम गर्ने कालु मकै खाने भालु (पृ. ३६), कमलो पाइ कुरुकुरु खाई (पृ. ४१), माइतीको एक वचन घरको दस वचन (पृ. ४२), आफै राँड देशै भाँड (पृ. ६१), अनिकालमा बीऊ जोगाउनु हुलमुलमा जीउ जोगाउनु (पृ. ९३), एक कान दुई कान मैदान (पृ. १०५), मुखमा राम राम बगलीमा छुरा (पृ. ११९) जस्ता उखानहरूको प्रयोग पाइन्छ । त्यस्तै पियुष, पाषाण, ग्रामीण, दम्पती, हृदय, शिर, वातावरण, हर्ष, शनैशनै आदि तत्सम शब्द बाबु, आमा, गाउँ, पानी, आँखा, भात, कुकुर, दाइ, भाइ, दुध आदि जस्ता तद्भव शब्द सुक्कसुक्क, भ्याँइभ्याँइ, ध्वारार्र, ह्वारह्वारती, टनटन, छुनुमुनुछुनुमुनु, च्याङच्याङ, खस्याकखुसुक, फ्यात्त, सुरुसुरु, टुकुटुकु, कुरुकुरु आदि अनुकरणात्मक शब्द र इज्जत, नतिजा, डाक्टर, गरिब, साइकल, दुनिया, सम्पती, रेडियो, अस्पताल, मालिक्नी, टर्च, इलाका, इन्कार आदि जस्ता आगन्तुक शब्दले उपन्यास सिगारिएको छ । छोटा मीठा सरल वाक्य उखान टुक्काको उचित संयोजनले उपन्यास आलङ्कारिक बन्न गएको छ । त्यस्तै उपन्यासमा प्रयोग भएका गीतले उपन्यास रोचक बनेको छ । उपन्यामा प्रयोग भएको गीतको अंश यस्तो रहेको छ -

गाई त मरे हजुर, जुत्ताको तलुवा
मै त मरे हजुर, सिरानी बालुवा (पृ. ११७) ।

यसरी यस उपन्यासमा तत्सम, तद्भव र आगन्तुक शब्द अनि विभिन्न किसिमका उखान, टुक्का, सूक्ति आदिको अलङ्कारमय भाषा र वर्णनात्मक शैलीले उपन्यासलाई काव्यात्मक बनाएको छ ।

### ४.२.१.८ निष्कर्ष

**सन्तान** सामाजिक यथार्थवादी उपन्यास हो । उपन्यासमा पूर्वी पहाडको सेरोफेरोमा त्यहाँको यथार्थ जीवनको चित्र उतारिएको छ । उपन्यासको मूल कथानक विक्रम, ठूली र रञ्जनासँग सम्बन्धित रहेको छ । उनीहरूको जीवनमा आएको उतार चढाव, दुःख, सुख, पीडा सङ्घर्षका कथा नै उपन्यासमा आएको छ । कथानक वर्तमानबाट भूतकालतर्फ हिडेर

फेरि वर्तमानमा आएर टुङ्गिएको भए पनि उपन्यासका घटनाहरू सुव्यवस्थित रूपमा अगाडि बढेका छन् । पूर्वदीप्तिशैलीमा उपन्यास अगाडि बढे पनि यसको कथानक जटिल नभएर सरल किसिमको रहेको छ । सबै वर्ग, क्षेत्र, स्तरका प्रमुख, सहायक, गौण, सत्, असत्, पुरुष तथा स्त्री पात्रको चयनले उपन्यास स्तरीय बन्न पुगेको छ । उपन्यासमा नेपालको पूर्वी पहाडी जिल्ला तेरथुमको रहनसहन, परम्परा, त्यहाँको जीवनशैलीका साथै काठमाडौँ, पाटन, वीरगञ्ज, कलकता, आसामसम्मको परिवेशको चित्र उतारिएको छ । मूल रूपमा तेरथुमको सेरोफेरो त्यहाँको रीतिरिवाज, संस्कृति, भाषा, सभ्यता, प्राकृतिक वातावरणको चित्र उपन्यासमा पाइन्छ । उपन्यासमा विवाहित पुरुषले सन्तान नभएपछि त्यसको काराण पत्ता नलाई सौता भित्रयाउने प्रवृतिले परिवारमा कस्तो असर पर्छ भन्ने कुरा देखाउन खोजिएको छ । त्यस्तै उपन्यामा पहाडको सङ्घर्षपूर्ण जीवन, सामन्ती साहूहरूको शोषण, अत्याचार, रुढिवादी अन्धविश्वास, त्यसबाट उत्पन्न समस्या, सौतेनी डाह, सन्तान नहुँदाको पीडा जस्ता यथार्थ कुराको प्रस्तुति पाइन्छ । उपन्यासमा ठूलीबाट सन्तान नहुँदा विक्रमले अर्को बिहे गर्नु, सन्तानका लागि रञ्जनाले रामदललसँग अनैतिक सम्बन्ध गास्नु, गाउँको सामन्त रामदलले ठूलीलाई बलात्कार गर्नु, ठूली गर्भवती भएपछि अपराधबोधले रञ्जनाले घर छोड्नु, आफू मर्ने डरले विक्रमले पारसलाई मार्ने षड्यन्त्र रच्नु, सन्तान रक्षाका लागि ठूलीले घर छोड्नु, पारस आफ्नो छोरा होइन भन्ने थाहा पाएपछि विक्रमले पारसलाई मार्न खोज्नु र भूलवश पारस भनी कालुलाई मार्न पुग्नु जस्ता यथार्थ घटनाहरू प्रस्तुत भएका छन् । पात्रहरूको मानवीय कमजोरीले उपन्यास दुःखद र त्रासद बन्न पुगेको छ । रुढिवादी अन्धविश्वासले गाजिएको विक्रम फिरन्ते बाबाको कुरामा विश्वास गरी आफू मर्ने डरले पारसलाई मार्ने षड्यन्त्र रच्छ , विक्रमको गलत कामको विरोध गर्न नसकी ठूली घर छोडेर हिड्छे, अहम् र अपराधबोधले रञ्जना घर छोडेर जान्छे, विक्रम घृणा र आवेशमा आएर पारस भनी कालुलाई मार्न पुग्छ । पात्रमा भएको डर, त्रास, घृणा र आवेशमा आउने कमजोरीले दुर्घटना निम्त्याएको यथार्थको प्रस्तुति उपन्यासले गरेको छ । रामदल जस्तो सामन्तले गाउँका चेलीहरूमाथि गरेको यौनशोषण, अन्याय, अत्याचार र निम्नवर्गीय नेपालीहरूले भोग्नु परेको अभाव, पीडा आदि जस्ता सामाजिक यथार्थको चित्रण पनि गरिएको छ । सरल, सरस बोलचालको स्थानीय भाषाको प्रयोग गरिएको तथा सामाजिक रीतिरिवाज, संस्कार, संस्कृतिको चित्रण भएको **सन्तान** याथार्थवादी उपन्यास हो ।

### ४.२.२ बहुरूपी साधु उपन्यासको विश्लेषण

#### ४.२.२.१ परिचय

**बहुरूपी साधु** २०३० सालमा प्रकाशित हरिभक्त बुढाथोकीको तेस्रो उपन्यास हो । जासुसी घटनाको वर्णन भएको यस उपन्यासमा मानवबेचबिखनको घटनालाई कथा बनाइएको छ । यो उपन्यास जम्मा १९ परिच्छेद र ७५ पृष्ठमा संरचित छ । यसका परिच्छेदहरू कुनै लामा र कुनै छोटा रहेकाले पच्छिेदको आयाम विस्तारमा सन्तुलन देखिदैन । परिच्छेद १, २ र १६ एक पृष्ठमा आबद्ध सबैभन्दा छोटा परिच्छेद हुन् भने परिच्छेद १३ सत्र पृष्ठमा आबद्ध सबैभन्दा ठूलो परिच्छेद हो । उपन्यासमा 'म' पात्रले घटनाको वर्णन गरेको छ ।

#### ४.२.२.२ कथानक

**बहुरूपी साधु** उपन्यासको सुरुआत त्रिपुरेश्वर हरिनारायण साहूको घरबाट भएको छ । साँझ हरिनारायण साहूको घरमा फेसनदार ड्रेस लगाएका चारजना केटी र दुई विदेशी अपरिचित लोग्ने मानिसहरू आउँछन् ।  आधा घण्टा वितेपछि एकजाना गेरु वस्त्रधारी अधवैसे र तीनजना लोग्ने मान्छेसित ती केटीहरूलाई कारमा राखेर लैजान्छन् । यो दृश्य हेरिरहेको 'म' (इन्सपेक्टर) पात्रलाई शंका लाग्छ र आफ्नो ड्राइभरलाई लिएर तिनीहरूको पिछा गर्छ । साँच्चै त्यो गेरु वस्त्रधारी केटी बेच्ने दलाल बहुरूपी हुन्छ । तर 'म' पात्रले उसलाई पक्रन सक्दैन । ड्राइभरलाई हरिनारायणको घर अगाडि निगरानीका लागि खटाएर आफू घर जान्छ । भोलिपल्ट बिहान पाँच बजे हरिनारायणको ढोका अगाडि बहुरूपीको गाडी आएको खबर पाउँछ र सुराकी पढाउँदा त्यहाँ बहुरूपी हुँदैन । ऊ दिनभर बहुरूपीको गाडी लिन को आउँछ भनी हेरेर बस्छ । बेलुकीतिर त्यहाँ एउटी आइमाई डालाभरि अम्बा लिएर बेच्न बस्छे । त्यो आइमाई केही समयपछि सस्तो मोलमा आफ्ना सबै अम्बा बेचेर सुटुक्क गाडी छेउमा आउछे र गाडीबाट रातो जेबी डायरी झिकेर लग्छे । त्यो देखेर 'म' पात्र त्यस आइमाईको पिछा गर्छ र त्यसलाई नागढुङ्गा पुगेपछि पक्रन सफल हुन्छ । त्यस आइमाईको नाम चम्पाकली हुन्छ । गाडीमा जाँदाजाँदै चम्पाले एउटा ट्याब्लेट खान्छे । त्यसपछि उसले आफ्नो कम्मरमा बाधेको रुमालको पोको झिकेर 'म' पात्रलाई दिदै त्यस पोकाभित्र भएको केही रूपियाँ, फोटो र चिठी ऊ मरेपछि उसको श्रीमान्को ठेगानामा पठाइदिन अनुरोध गर्छे । त्यसपछि ऊ बेहोस हुन्छे ।

बेहोस चम्पालाई नगरप्रहरीले लग्छन् । महिला प्रहरीले उसको शरीरको खानतलासी गर्दा उसको शरीरमा पहिलो क्याम्प सदस्य नं. १७ र चुम्बन लेखिएको भेटिनछ । उसको योनीबाट रगत बगिरहेकाले उसलाई उपचारका लागि वीरहस्पिटल पुऱ्याइन्छ । चम्पा सारै राम्री भएकीले ड्राइभर ऊप्रति  मोहित हुन्छ । ऊ ‘म’ पात्रसँग चम्पाको पोको खोल्न अनुरोध गर्छ । ‘म’ पात्रले नमानेपछि एक्लै भएका बेला पोको खोलेर हेर्छ । त्यसमा भएको चिठी च्यातेर फाल्छ र फोटो चाँहि गोजिमा राख्छ । चम्पा विस्तारै होसमा आउन लागेकी देखिन्छे । ड्राइभरलाई चम्पाको ओठमा चुम्बन गरिदिने मन लाग्छ तर उसको श्रीमान्को फोटोदेखि झस्कन्छ । ऊ ट्वाइलेट पस्छ र फोटोलाई च्यातेर फालिदिन्छ । तीन दिनपछि चम्पा राम्ररी नै ठीक भएजस्ती देखिन्छे । उसलाई कुर्न भनेर पालोपालो गरी धनबहादुर र मानबहादुर बसेका हुन्छन् तर चम्पा धनबहादुर सुतेका बेला मानबहादुरलाई ट्याबलेट खुवाएर राति नै भाग्छे । अस्पतालबाट भागेकी चम्पालाई बाटामा गस्ती टोलीले पक्रन्छन् । भोलिपल्ट चम्पालाई नगरप्रहरी कार्यालयमा लग्छन् । प्रहरी कार्यालयमा ‘म’ पात्रले चम्पालाई प्रश्न सोध्ने प्रयास गर्छ तर चम्पा असाध्यै रून्छे । ‘म’ पात्रले उसलाई रूनुको कारण सोध्छ । चम्पा आफ्नो श्रीमान्लाई कहिल्यै भेट्न पाउँदिन भन्छे र आफ्नो जीवनकहानी सुनाउन थाल्छे ।

चम्पा सुर्खेत जिल्लामा जन्मेकी एक गरिब परिवारकी छोरी हुन्छे । गरिबीको कारण उसका आमाबाबु काठमाडौँ आएर एक घरानिया राणा परिवारमा काम गर्न बस्छन् । त्यसको बदलामा उनीहरूले केही तलब र चम्पालाई पढाइदिने शर्त राख्छन् । पढाइकै क्रममा चम्पाको आफूभन्दा सिनियर क्लासको साथी बिमलसँग प्रेम सम्बन्ध हुन्छ । बिमलको परिवार ताप्लेजुङबाट आई एक मारवाडीको घरमा मालीको काम गरेर बसेका हुन्छन् । बिमल दलित जातिको भएकाले चम्पाका आमाबाबु उनीहरूको प्रेम समबन्धको विरुद्धमा हुन्छन् ।

बिमलले एस. एल. सी. दिएपछि मारवाडी परिवारले उसलाई कलकता लिएर जाने कुरा गर्दछन् । बिमलले जान नमानेपछि उसका आमाबाबुलाई घरबाट निकालिदिने धम्की दिन्छन् । अन्तमा बिमल कलकता जान राजी हुन्छ तर चम्पाले रोइ कराइ सम्झाएपछि नजाने निर्णय गर्छ । जसको कारण बिमलका आमाबाबुलाई मारवाडीले घरबाट निकालिदिन्छ । त्यसपछि उसका आमाबाबु आफ्नो जन्मथलो ताप्लेजुङ जान्छन् । केही दिनपछि बिमल र चम्पाले प्रेम विवाह गर्दछन र ताप्लेजुङ नै जान्छन् । त्यहाँको दयनीय अवस्थाले गर्दा

उनीहरू कामको खोजीमा बम्बई जान्छन् । बम्बईमा चम्पा फिल्म स्टुडियोमा काम गर्न थाल्छे र बिमल पनि एउटा धनी व्यापारी कहाँ दरवानको काम गर्न थाल्छ । ती व्यापारीहरूले राम्राराम्रा केटीहरू लगेर रमाइलो गर्दा रहेछन् । बिमल र चम्पाको सम्बन्ध थाहा पाएपछि व्यापारीले बिमललाई दुईजना केटीहरू ल्याइदिन कर गर्छ र बिमलको आग्रहमा चम्पाले आफू काम गर्ने स्टुडियोमा काम गर्ने केटीहरू फकाएर ती व्यापारीहरूलाई बेच्छे । ती मध्ये एउटी केटीलाई व्यापारीले पञ्जाब लगेर जान्छ । पञ्जाब पुगेकी केटीले स्टुडियो मालिकलाई चिठी लेखेर चम्पाको पोल खोलिदिन्छे । स्टुडियो मालिकले चम्पा र बिमललाई पक्रिन्छ । स्टुडियो मालिकले चम्पालाई दुईजना केटीको साटो १५ जना केटी नल्याएसम्म बिमललाई त्यही थुनेर राख्ने कुरा सुनाउँछ । त्यसपछि चम्पा नेपाली केटीहरूको खोजीमा लाग्छे तर सीमाना कटाउन असम्भव हुने भएकाले लखनउ गएर बहुरूपी साधुको सहारा लिन्छे । बहुरूपी साधु नेपाली केटीहरूको मुख्य ठेकेदार हुन्छ । त्यसरी नै बहुरूपी र चम्पा नागढुङ्गामा डेरा गरी बसेका हुन्छन् र त्यही स्थानबाट 'म' पात्रले चम्पालाई पक्रिएको हो ।

चम्पाले कानुन विपरित काम गरेकाले नियम बमोजिम अदालतमा मुद्दा चलाइन्छ । चम्पाको बयान सुनेपछि अदालतले पूर्पक्षका लागि थुनामा राखेर कार्बाही चलाउने आदेश दिन्छ । जसले गर्दा चम्पा निराश हुन्छे । उसले जेल जानुभन्दा अगाडि आफ्नो श्रीमान्को फोटो हेर्ने आग्रह गर्छे । फोटो नपाएपछि ऊ मुर्छा परेर लड्छे र उसलाई अस्पताल पुऱ्याइन्छ । बिमल स्टुडियोका कर्मचारीको सहयोगले काठमाडौं आउँछ । एक दिन रेस्टुरेन्टमा ड्राइभरले बिमललाई चम्पामाथि नानाथरीका आरोप लगाएर भड्काइरहेको कुरा 'म' पात्रले सुन्छ । ड्राइभरले चम्पा सहरका गुन्डाकी साझा भइसकेकी छे भनेर झुठो कुरा सुनाउँछ । त्यसैगरी यता चम्पालाई पनि बिमलले अर्को बिहे गरिसक्यो भनेर भन्छ । ड्राइभर ती दुईबीच फाटो ल्याई चम्पालाई लिएर भाग्ने दाउमा हुन्छ । तर प्रहरीले ड्राइभरको उद्देश्य पूरा हुन दिदैन ।

अस्पतालबाट चम्पालाई नगरप्रहरीले फर्काएर ल्याउने क्रममा ड्राइभरले चम्पालाई आफूसँग भाग्न आग्रह गर्छ र भाग्दै गरेका तिनीहरूलाई प्रहरीले पक्रिन्छन् । ड्राइभरलाई सेवा विपरित कार्य गरेकाले थुनामा राखि पिट्दै गर्दा ऊ आफू प्रहरी नभएको रहस्य खोल्छ । उसको अनुहार दाजुसँग ठ्याक्कै मिल्थ्यो । दाजुको घरमा काम भएकाले ऊ दाजुको युनिफर्म लगाएर प्रहरी भएर रहेको कुरा खोल्छ ।

त्यसपछि चम्पालाई बहुरूपी साधु र उसका कार्यकर्ताहरूका बारेमा 'म' पात्रले सोध्छ । चम्पा उसले सुराक दिएका अपराधीहरूलाई पक्रेर मात्र अपराध रोकिदैन यस्ता अपराधीहरू समाजमा धेरै छन् भन्छे । यस्ता अपराधीहरूलाई पक्राउ गरी कहिल्यै सकिँदैन बरू गाउँगाउँमा विकास गरी देशलाई आत्मनिर्भर बनाए त्यस्ता बहुरूपीहरू आफैँ हराएर जाने कुरा गर्छे ।

सामाजिक विषयवस्तुमा लेखिएको प्रस्तुत उपन्यास आदि, मध्य र अन्त्यको शृङ्खलामा प्रस्तुत छ । उपन्यासमा 'म' पात्र (इन्सपेक्टर) ले उपन्यासको घटनाको वर्णन गरेको छ । उसकै केन्द्रीयतामा उपन्यासको घटना शृङ्खला अगाडि बढेको छ । उपन्यासको कथानक 'म' पात्र र चम्पाको सेरोफेरामा हिडेको छ । 'म' पात्र र चम्पाको जीवनमा घटेका घटनाहरू नै उपन्यासको मूल कथानक भएर आएको छ । हरिनारायण साहूको घरमा आएका केटाकेटी र गेरु वस्त्रधारी अधवैंसे मान्छे केटी बच्ने दलाल हुन भन्ने शंका लागेकोले 'म' पात्र तिनीहरूको पिछा गर्छ यहीबाट कथानकको आरम्भ भएको छ । पशुपतिको जंगल पुगेका ती दलालहरूलाई 'म' पात्रले पक्रन नसक्नु, भोलिपल्ट हरिनारायणको घर अगाडि एउटी शंकास्पद महिला देखिनु, त्यो महिला (चम्पा) पक्राउ पर्नु, बेहोस भएका कारण चम्पालाई अस्पताल पुऱ्याइनु, चम्पा त्यहाँबाट भाग्नु र फेरि पक्राउ पर्नुसम्मको घटना उपन्यासको सङ्घर्षविकासका घटनाहरू हुन् । चम्पालाई नगरप्रहरी ल्याउनु, चम्पाले आफ्नो विगतको कथा सुनाउनु, चम्पाका बाबुआमा सुर्खेतबाट काठमाडौँ आई राणा परिवारमा काम गर्न बस्नु, चम्पा र बिमलले प्रेम विवाह गर्नु, आर्थिक अभावका कारण बिमल र चम्पा बम्बई पैसा कमाउन जानु र त्यहाँ स्टुडियोका केटी बेच्नु, स्टुडियो मालिकले चम्पा र बिमललाई स्टुडियोको जेलमा हाल्नु र बिमललाई छोड्नका लागि चम्पासँग १५ जना केटीहरूको माग गर्नु जस्ता घटना कथानकका संङ्कटावस्थाका शृङ्खला हुन् । चम्पा केटी बेच्ने बहुरूपीसँग मिलेर केटी बेच्ने कार्यमा संलग्न हुनु कथानकको चरम स्थिति हो । बिमल स्टुडियोका कर्मचारीको सहयोगले काठमाडौँ आइपुग्नु, छद्मभेषी ड्राइभरले चम्पालाई लिएर भाग्न खोज्नु, छद्मभेषी ड्राइभरलाई कार्बाही हुनु कथानकका सङ्घर्षह्रासका घटना हुन् । नेपालको आर्थिक अवस्थाप्रति चम्पाले चिन्ता व्यक्त गर्नु र गाउँलाई विकसित बनाए, गाउँ शिक्षित भए मात्र समाजबाट बहुरूपीहरू हराउने कुरा व्यक्त गर्नु कथानकको उपसंहार हो । यसमा आएका तीन परिच्छेद (१२, १३, १४) मा पूर्वदीप्तिका रूपमा चम्पाको विगतको कथा

वर्णन गरिएका घटना छन् भने बाँकीका अरू परिच्छेदहरूमा वर्तमानकालमा घटेका घटनाहरू छन् । उपन्यास रैखिक ढाँचामा अगाडि बढेकाले यसको कथानक सरल रहेको छ ।

उपन्यासको सुरुदेखि नै पाठकमा प्रशस्त कौतूहल जन्मन्छ । हरिनारायणको घरमा आएका चारजना केटी र दुईजना विदेशी को होलान ? गेरु वस्त्रधारी मान्छेले ती केटीहरूलाई कहाँ लैजादै होला ? हरिनारायणको घर अगाडि अम्बा बेचिरहेकी महिला को होली ? चम्पाको शरीरमा भएका साङ्केतिक शब्दको रहस्य के होला ? अस्पतालबाट भाग्न सफल भएकी चम्पालाई प्रहरीले फेरि पक्रिन सक्ला कि नसक्ला जस्ता कौतूहल पाठकका मनमा उब्जन्छन् । त्यस्तै उपन्यासको मध्यतिर आमाबाबुको इच्छा विरुद्ध बिमलसँग बिहे गरेकी चम्पाको स्थिति के होला ? पैसा कमाउन बम्बई गएका चम्पा र बिमलले काम पाउलान कि नपाउलान, स्टुडियोबाट केटीहरू बेचेका कारण स्टुडियोको जेलमा परेका चम्पा र बिमलको स्थिति के होला ? बिमललाई स्टुडियोको जेलबाट छुटाउन चम्पा एक महिनाभित्र १५ जना नेपाली केटीहरू ल्याउन सफल होली कि नहोली, प्रहरीको हिरासतमा परेकी चम्पाको के स्थिति होला, बिमल र चम्पाको भेट होला कि नहोला, बहुरूपी साधु पक्राउ पर्ला कि नपर्ला जस्ता घटनाहरूले पाठकको मनमा प्रशस्त कौतूहल उब्जाउँछ ।

प्रस्तुत उपन्यासमा द्वन्द्वको प्रयोग प्रयाप्त देखिन्छ । बाह्य रूपमा यसमा 'म' पात्र र चम्पाका बीच, चम्पा र अन्य विभिन्न व्यक्तिहरूका बीच, ड्राइभर र प्रहरी कर्मचारीका बीच द्वन्द्व रहेको देखिन्छ । केटी बेच्ने काममा संलग्न चम्पा र समाजका विभिन्न व्यक्तिहरूका बीच द्वन्द्व प्रबल रूपमा देखिन्छ । भाग्दै गरेकी चम्पालाई 'म' पात्रले पक्रिएपछि चम्पाले इन्सपेक्टरलाई टोक्नु, चिर्थोनु । मैले एकैचोटि त्यसको गर्धन पक्रन पुगेछु । त्यसपछि हात समाए । यसले टोक्ने र चिथोर्ने प्रयास गरी । गुहार भन्ने के आवाज आएको थियो मेरो ड्राइभरले मुख थुनिदियो (पृ. ६), गाडीमा इन्सपेक्टरको फन्दाबाट भाग्न चम्पाले अनेक प्रयास गर्नु, अन्त्यमा केही नचलेपछि आफै बेहोस हुने ट्याबलेट खाएर बेहोस हुनु, अस्पतालमा मानबहादुरलाई ट्याब्लेट खुवाएर भागकी चम्पा गस्ती टोलीको फन्दामा पर्नु ढुङ्गा र इटाका टुक्राले हानेर प्रहरीलाई घाइते बनाउनु, बम्बईको स्टुडियोका कलाकार र मालिकका बीचमा झगडा हुनु, कलाकारहरूले स्टुडियो मालिकको हत्या गरेर भाग्नु, चम्पालाई लगेर भाग्दै गर्दा पक्राउ परेको ड्राइभरलाई एस. पी. ले थप्पड हान्नु, कन्स्टेबलले पानीमा सिस्नो चोबेर ड्राइभरको नाङ्गो शरीरमा हान्नु जस्ता बाह्य द्वन्द्व उपन्यासमा देखिन्छ । चम्पालाई अस्पतालबाट नगरप्रहरी ले ल्याउदै गर्दा ड्राइभरले चम्पालाई आफूसँग भागेर जाने आग्रह

गर्दा चम्पाका मनमा आन्तरिक द्वन्द्व उत्पन्न भएको छ । ड्राइभरसँग भागेर जाउ कि नजाउ भन्ने विषयमा उसका मनमा द्वन्द्व उत्पन्न भएको छ । यसरी उपन्यासमा आन्तरिक द्वन्द्व भन्दा बाह्य द्वन्द्व प्रबल रूपमा देखिन्छ ।

### ३.४.३ सहभागी

**बहुरूपी साधु** उपन्यास कम पात्र भएको उपन्यास हो । भूमीकाका आधारमा उपन्यासमा 'म' र चम्पाकली प्रमुख पात्र रहेका छन् । सहायक पात्रका रूपमा बहुरूपी, ड्राइभर, धनबहादुर, मानबहादुर, बिमल रहेका छन् । त्यसैगरी गौण पात्रका रूपमा 'म' का आमाबाबु र छोराछोरी, बुढो मान्छे, तरूनीहरू, सेन्ट्री, केशरी, मालती, अग्निचिन्ताका छोराछोरी, राणा परिवार, मारवाडी परिवार, युवक, हरिकुमार, पुलिसहरू, चम्पाका आमाबाबु, बिमलका आमाबाबु रहेका छन् ।

लिङ्गका आधारमा यस उपन्यासमा स्त्रीका तुलनामा पुरुष पात्रहरू बढी देखिन्छन् । उपन्यासमा हरिनारायण, 'म', ड्राइभर, मानबहादुर, धनबहादुर, बिमल, सेन्ट्री, युवक, हरिकुमार, पुलिसहरू, 'म' का बाबु र छोरा, चम्पाको बाबु, बिमलको बाबु, रहेका छन् । त्यस्तै स्त्री पात्रहरूमा चम्पा, केशरी, मालती, 'म' की आमा र छोरी, चम्पाकी आमा, बिमलकी आमा आदि रहेका छन् ।

प्रवृतिका आधारमा उपन्यासमा अनुकूल र प्रतिकूल चरित्र बोकेका पात्रहरू रहेका छन् । अनुकूल पात्रहरूमा 'म', 'म' का आमाबाबु र छोराछोरी, तरूनीहरू, धनबहादुर, मानबहादुर, बिमल, बिमलका आमाबाबु, केशरी, मालती, अग्निचिन्ताका छोराहरू, सेन्ट्री, हरिकुमार, पुलिस रहेका छन् । प्रतिकूल पात्रहरूमा बहुरूपी, चम्पा, बुढो मान्छे, ड्राइभर, राणा परिवार, चम्पाका आमाबाबु, युवक रहेका छन् ।

स्वभावका आधारमा उपन्यासमा चम्पा, ड्राइभर, राणा परिवार, युवक आदि गतिशील चरित्रका रूपमा आएका छन् । त्यस्तै 'म', बहुरूपी, बुढो मान्छे, धनबहादुर, मानबहादुर, बिमल, केशरी, मालती, हरिकुमार, पुलिसहरू आदि स्थिर पात्रका रूपमा आएका छन् ।

जीवनचेतनाका आधारमा उपन्यासमा वर्गीय र व्यक्ति पात्र रहेका छन् । उपन्यासमा 'म', पुलिस, इन्सपेक्टर वर्गगत पात्र हुन् भने बहुरूपी, चम्पा, बुढो मान्छे, तरूनीहरू, धनबहादुर मानबहादुर, बिमल, ड्राइभर, केशरी, मालती, हरिकुमार, पुलिसहरू, राणा परिवार, मारवाडी परिवार, चम्पाका आमाबाबु, बिमलका आमाबाबु व्यक्ति पात्र हुन् ।

आसन्नताका आधारमा ‘म’, बहुरूपी, चम्पा, ड्राइभर, बिमल, धनबहादुर, मानबहादुर, तरूनीहरू, केशरी, मालती, युवक, पुलिसहरू मञ्चीय पात्रहरू हुन् भने हरिनारायण साहू, ‘म’ का आमाबाबु र छोराछोरी, राणा परिवार, मारवाडी परिवार, चम्पाका आमाबाबु, बिमलका आमाबाबु नेपथ्य पात्र हुन् ।

आबद्धताका आधारमा ‘म’, बहुरूपी, तरूनीहरू, चम्पा, ड्राइभर, धनबहादुर, मानबहादुर, बिमल, युवक, बिमलका आमाबाबु, पुलिस बद्ध पात्र हुन् । त्यस्तै हरिनारायण साहू, ‘म’ का आमाबाबु र छोराछोरी, राणा परिवार, मारवाडी परिवार, केशरी, मालती, हरिकुमार, चम्पाका आमाबाबु, बिमलका आमाबाबु मुक्त पात्र हुन् । यी पात्रहरूलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

| क. सं. | आधार पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | म | + | - | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| २ | चम्पाकली | - | + | + | - | - | - | + | + | - | - | + | - | + | + | - |
| ३ | बहुरूपी | + | - | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| ४ | बिमल | + | - | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| ५ | ड्राइभर | + | - | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| ६ | धनबहादुर | + | - | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| ७ | मानबहादुर | + | - | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| ८ | युवक | + | - | - | - | + | - | + | + | - | - | + | - | + | + | - |
| ९ | हरिनारायण | + | - | - | - | + | + | - | - | + | - | + | + | - | - | + |
| १० | केशरी | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| ११ | मालती | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| १२ | तरूनीहरू | - | + | - | - | + | + | - | - | + | - | + | - | + | + | - |
| १३ | सेन्ट्री | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १४ | हरिकुमार | + | - | - | - | + | + | - | - | + | + | - | + | - | - | + |

उपर्युक्त आधारमा यहाँ प्रमुख पात्रहरूको संक्षिप्त चरित्रचित्रण गरिएको छ ।

### १. ‘म’ (इन्सपेक्टर)

**बहुरूपी साधु** उपन्यासमा प्रमुख पात्रका रूपमा ‘म’ (इन्सपेक्टर) रहेको छ । उपन्यासको आदिदेखि अन्त्यसम्म देखिने ‘म’ पात्रकै केन्द्रीयतामा उपन्यासको घटनाले फन्को

मारेको छ । 'म' पात्र काठमाडौँ नगरप्रहरीमा कार्यरत इन्सपेक्टर हो । सहरबाट केटीहरू हराइरहेको सूचनाले चिन्तित ऊ केटी बेच्ने दलालहरूलाई पक्रने कार्यमा लागेको छ । हरिनारायण साहूको घरमा आएका विभिन्न खाले मान्छेहरू केटी बेच्ने दलाल हुन् भन्ने शंका लागेर उनीहरूको पिछा गर्दागर्दै पशुपतिको जंगलमा पुग्छ । अपराधीहरूको नजिक पुग्दा पनि ऊ एक्लै भएकाले तिनीहरूलाई पक्रन नसक्दा निराश भए पनि भोलिपल्ट केटी बेच्ने कार्यमा संलग्न चम्पालाई पक्रन सफल भएको छ । चम्पाको विगतको कथा सुनेर चम्पाको अवस्था प्रति चिन्ता व्यक्त गर्ने ऊ भावुक प्रवृतिको पात्र हो । बहुरूपी जस्ता अपराधीहरूलाई समाप्त गर्नुपर्छ भन्ने ऊ साहसी देशभक्त प्रहरीका रूपमा चित्रित छ । प्रहरीहरूले गर्नुपर्ने सङ्घर्ष, उनीहरूको जीवन भोगाइ, घरपरिवारदेखि टाढा रहनुपर्दाको पीडालाई 'म' पात्रकै माध्यमबाट देखाइएकाले ऊ त्यस वर्गको वर्गीय पात्र हो । विभिन्न अप्ठ्यारा परिस्थितिको सामना गर्नुपरे पनि आफ्नो दायित्वलाई नभुल्ने, कतर्व्यनिष्ठ, चम्पाको कार्यलाई घृणा गरे पनि ऊप्रति सहानुभूति राख्ने, नरिसाउने, नरम स्वभावको ऊ उपन्यासको अनुकूल, सत् पात्र हो । उसलाई उपन्यासबाट झिकिदिने हो भने कथानकको संरचना भत्किने भएकाले ऊ उपन्यासको बद्ध पात्र हो । उपन्यसको प्रायः परिच्छेदमा देखापर्ने ऊ मञ्चीय पात्र हो । औपन्यासिक घटनाहरूको द्रस्टा, भोक्ता र वक्ता ऊ स्वयम् भएकाले उसलाई उपन्यासको नायकको कोटीमा राख्न सकिन्छ ।

'म' पात्रकै केन्द्रीयतामा उपन्यासको कथानक अगाडि बढेकाले ऊ यो उपन्यासको प्रमुख, केन्द्रीय, वर्गीय, अनुकूल, स्थिर, बद्ध, मञ्चीय पात्र हो ।

### २. चम्पा

चम्पा **बहुरूपी साधु** उपन्यासकी प्रमुख नारी पात्रका रूपमा आएकी छ । गरिबीका कारण सुर्खेतबाट आफ्ना आमाबाबुसँग काठमाडौँ आएकी ऊ दलित परिवारको बिमलसँग प्रेम विवाह गर्न पुगेकी छ । आफ्ना आमाबाबुको इच्छा विरुद्धमा बिमलसँग विवाह गर्ने स्व-निणर्य लिने ऊ अस्तितववादी पात्र हो । बिमलसँग बिहे गरी ताप्लेजुङ पुगेकी ऊ आर्थिक अभावका कारण पैसा कमाउन भनी बिमलसँग बम्बई जान्छे । धेरै पैसा कमाउने लोभमा ऊ आफू काम गर्ने स्टुडियोका केटीहरूलाई बेच्छे । केटी बेचेको थाहा पाएपछि स्टुडियो मालिकले उसलाई पक्रन्छ । स्टुडियो मालिकले दुईजना केटीहरूको साटो पन्ध्रजना नेपाली केटीहरू ल्याए मात्र बिमललाई छोड्ने भनेपछि ऊ नेपाली केटीहरूको दलाली गर्ने बहुरूपीसँग मिलेर केटी बेच्ने कार्यमा संलग्न हुन्छे । यसै सिलसिलामा काठमाडौँ आएकी

उसलाई नागढुङ्गाबाट प्रहरीले पक्रन्छन् । पक्राउ परेर पनि ऊ आफ्नो अपराध स्वीकार गर्दिन र पटक पटक भाग्न खोज्छे । चम्पाका यिनै कार्यले गर्दा ऊ उपन्यासकी प्रतिकूल, असत् पात्रका रूपमा देखिएकी छ । उपन्यासको सुरुमा चेलीबेटी बेचबिखन कार्यमा संलग्न भएकी चम्पाले उपन्यासको अन्त्यतिर आफ्नो अपराध स्वीकार गरकी छ । हुन त प्रचलित कानुनको दृष्टिमा म अपराधिनी हुँ । पारिवारिक बाध्यता जे भए पनि त्यसलाई सुल्भाउनको लागि मेरै सहयात्री साथीहरूलाई धोका दिएर अरूको शिकार बनाइदिने कुपात्री म पनि हुँ । मैले सजाय पाउनु पर्छ (पृ.७५) । उपन्यासको अन्त्यतिर अशिक्षा, बेरोजगारी र आर्थिक विपन्नताका कारण अपराधीहरू बढेको भन्दै समाजप्रति सकारात्मक सोच राखि आफ्नो अपराध स्वीकार गर्ने उसको स्वभावमा परिवर्तन देखिएकाले ऊ उपन्यासकी गतिशील पात्र हो । बिमललाई असाध्यै प्रेम गर्ने ऊ बिमललाई स्टुडियोको जेलबाट छुटाउनकै लागि बहुरूपीसँग मिलेर केटी बेच्ने काम गर्न पुगेकी छ । आफ्नो स्वार्थको लागि केटी बेच्ने जस्तो नराम्रो काममा लाग्ने ऊ व्यक्तिगत पात्र हो । आफ्नो इच्छा, आवश्यकता पूर्तिका लागि उसले आफ्नै साथीहरूलाई धोका दिएर बेचेकी छ । उपन्यासको अन्त्यमा देशको गरिबी, अशिक्षा र बेरोजगारीका कारण युवायुवतीहरू अपराधिक काममा संलग्न भइरहेका छन् र यस्तो अपराधहरूलाई जरैदेखि निर्मुल गर्न गाउँ विकास गर्नुपर्ने बेरोजगार युवायुवतीहरूलाई रोजगारीको व्यवस्था गरिनु पर्छ भनी देशको अवस्थाप्रति चम्पाले चिन्ता प्रकट गरेकी छ । उपन्यासको कथानकलाई पूर्णता दिन आउने ऊ उपन्यासकी बद्ध र पटक पटक देखा पर्ने मञ्चीय पात्र हो । गरिबी र बाध्यताले गर्दा नराम्रो काम गर्न पुगेकी चम्पाको अवस्थाले उपन्यासमा कारुणिकताको सञ्चार गरेको छ । यसरी चम्पा उपन्यासकी प्रमुख, नारी, गतिशील, प्रतिकूल, व्यक्तिगत, बद्ध र मञ्चीय पात्रका रूपमा देखा परेकी छ ।

यसरी उपन्यासमा उपर्युक्त प्रमुख पात्रका अलावा अन्य थुपै सहायक र गौण पात्रहरू रहेका छन् । बहुरूपी, बिमल, ड्राइभर, धनबहादुर, मानबहादुर जस्ता सहायक र हरिनारायण, सेन्ट्री, केशरी, मालती, युवक, हरिकुमार, तरुनीहरू जस्ता गौण पात्रहरूको उपस्थिति उपन्यासमा देखिन्छ । नेपाली चेलीहरू बेच्ने दलाल बहुरूपी जागिरको आश्वासन दिएर नेपाली केटीहरू फकाएर बम्बई लगि बेच्ने उपन्यासको प्रतिकूल पात्र हो । यस कार्यका लागि उसले ठाउँठाउँमा आफ्ना मान्छे राखेर एउटा सञ्जाल नै फिजाएको देखिन्छ । ड्राइभरको उपस्थिति पनि उपन्यासको आदिदेखि अन्त्यसम्म नै देखिन्छ । ऊ दाजुसँग अनुहार मिल्ने भएकाले प्रहरीको बर्दी लगाएर दाइको ठाउँमा आफू ड्राइभर भएर बसेको छ ।

चम्पाको रूपमा मोहित भएको ऊ चम्पालाई भगाएर लैजादै गर्दा पक्रिएको प्रतिकूल पात्रका रूपमा देखिएको छ । चम्पाको श्रीमान् बिमल कामको खोजीमा बम्बई पुगि त्यहाँ चम्पासँग मिलेर केटी बेचेकाले स्टुडियोको जेलमा थुनिन पुगेको छ । उपन्यासको अन्त्यमा स्टुडियोका कर्मचारीहरूको सहयोगले त्यहाँबाट भाग्न सफल भएको छ । बिमल आर्थिक समस्याले पिरोलिएको निम्नवर्गीय पात्र हो । धनबहादुर र मानबहादुर हस्पिटलमा चम्पाको निगरानीका लागि खटाइएका प्रहरी कर्मचारी हुन् । त्यस्तै उपन्यासमा गौण पात्रहरूको उपस्थिति एक दुई ठाउँमा मात्र देखिन्छ । हरिनारायणको घरमा बहुरूपीले आफ्नो अखडा बनाएको छ । सेन्ट्री कोतगार्डमा खटाइएको प्रहरी कर्मचारी हो । केशरी र मालती धनबहादुरले सपनामा देखेका चम्पाका बहिनीका रूपमा आएका छन् । युवक लखनउमा बहुरूपीको फर्ममा काम गर्ने शिक्षकको रूपमा देखिएको छ । शिक्षक भएर पनि ऊ केटी बेच्ने कार्यमा लागेको समाजको कुपात्र हो । हरिकुमार ड्राइभरको दाजु प्रहरी हवल्दार हो । त्यस्तै स्टुडियो मालिक, राणा परिवार, मारवाडी परिवार, बिमलका आमाबाबु, चम्पाका आमाबाबु, पुलिसहरू, स्टुडियोका कर्मचारी लगायतका थुपै गौण पात्रहरूको उपस्थिति उपन्यासमा देखिन्छ ।

### ४.२.२.४ परिवेश

**बहुरूपी साधु** उपन्यासको मुख्य घटना स्थान काठमाडौँ उपत्यकाको क्षेत्र हो । त्यसबाहेक यसमा ताप्लेजुङ, सुर्खेत, बम्बई, पञ्जाब, लखनउसम्मको घटना प्रस्तुत छ । त्यस्तै काठमाडौँको नागढुङ्गा, सुन्धारा, रत्नपार्क, बागबजार, पुतलीसडक र कीर्तिपुर प्रत्यक्ष परिवेशका रूपमा आएका छन् भने ताप्लेजुङ, सुर्खेत, बम्बई, पञ्जाब, लखनउ अप्रत्यक्ष परिवेशका रूपमा आएका छन् । यसको घटना समय यकिनका साथ किटान गर्न नसकिए पनि नेपाली चेलीबेटीहरू ललाइफकाई जागिर लगाइदिने आश्वासन देखाएर बम्बई लगी बिक्री गर्ने गरेको कथा यसमा प्रस्तुत भएकाले यसको घटना समय नेपाली चेलीबेटी बेचबिखन हुने सुरुआतको समयको हुनुपर्छ । उपन्यासको अन्त्यतिर चम्पाले गाउँविकासका लागि श्री ५ बाट गाउँफर्क राष्ट्रिय अभियान लागू गरेको कुरा गरेकीले यसको घटना समय पञ्चायतकालतिरको हो भन्न सकिन्छ । यसको लागि गाउँफर्क राष्ट्रिय अभियान बक्सेको छ श्री ५ बाट (पृ. ६०) ।

उपन्यासमा उपन्यासकारले गाउँले तथा सहरिया दुवै वातावरणको चित्र उतारेका छन् । उपन्यासमा दुर्गम गाउँका युवायुवतीहरू शिक्षा, रोजगारी र आर्थिक विपन्नताका कारण कामको खोजीमा बम्बईतिर जाने समाजको उद्घाटन गरिएको छ । गाउँमा उब्जेको

अन्नले ३ महिना पनि खान नपुग्ने हुँदा स्वास्नी र बालक छोराछोरी एक्लै छोडी लोग्ने युवकहरू दरवान बन्न भारततर्फ जाँदा रहेछन् (पृ. ३७) । आर्थिक अभावका कारण चेलीबेटी बेचबिखनमा लागेका युवायुवतीहरू र तिनीहरूको अवस्थाको चित्र उपन्यासमा उतारिएको छ । उपन्यासमा जागिरको आस्वासन देखाई नेपाली चेलीलाई बम्बई लगी बेच्ने गरेको घटना प्रस्तुत गरिएको छ । आर्थिक अभावका कारण मान्छे जस्तोसुकै काम गर्न पनि उद्यत हुन्छ भन्दै चेलीबेटी बेचबिखनमा संलग्न बहुरूपी व्यक्तिहरूका दुष्कार्यको चित्रण गरिएको छ ।[५२] त्यस्तै परिवार पाल्नका लागि राणा परिवारमा नोकर बस्ने परम्पराको अन्त्य नभएको समाज, वर्गविभेद, जातपातविरोधी समाजको उद्घाटन गरिएको छ । एउटा घरानिया राणा परिवारमा सम्पर्क भई घरधन्दा सम्बन्धी काममा नोकरी बस्नु भएछ (पृ. २४) । त्यसैगरी सहरमा हुने नाचगान, अभिनयजस्ता कुराको पनि चित्र पाइन्छ । जासुसी घटनावस्तु भएको यस उपन्यासमा मुख्यतः चेलीबेटी बेचबिखन गरी रातारात मालामाल हुने कुख्यात अपराधीहरूको घटनाको वर्णन पाइन्छ । त्यस्तै उपन्यासमा प्रहरी सेवामा काम गर्ने व्यक्तिहरूको जीवन, सङ्घर्ष, उनीहरूको मानसिकताको पनि चित्र उतारिएको छ । अपराधीहरूलाई पक्रने क्रममा आउने गरेको समस्या, प्रहरी कार्यालय भित्रको परिवेश पनि उपन्यासले देखाएको छ ।

### ४.२.२.५ उद्देश्य

आर्थिक अभावका कारण मान्छेहरू कसरी नराम्रो कार्य गर्न पनि उद्यत हुन्छ भन्ने देखाउनु यस उपन्यासको मूल उद्देश्य हो । चेलीबेटी बेचबिखन गर्नेहरू प्रहरीको फन्दामा अवश्य पर्छन भन्दै प्रहरीका क्रियाकलापप्रति सकारात्मक दृष्टिकोण प्रस्तुत गरिएको यस उपन्यासमा गाउँमा शिक्षाको ज्योति फैलाइएमा बहुरूपीहरू धेरै समय टिक्न सक्दैनन् भन्ने दृष्टिकोण अगि सारिएको छ ।[५३] । आफ्नो जहानपरिवार भन्दा पनि प्रहरीको ड्युटी ठूलो ठानी दिनरात देश रक्षामा खटिएका प्रहरीको जीवनलाई उपन्यासमा देखाइएको छ । शिक्षा, रोजगारी र आर्थिक विपन्नताका कारण नेपाली युवायुवतीहरू कामको खोजीमा भारततिर जाने र धेरैपैसा कमाउने धुनमा चेलीबेटी बेचबिखन जस्ता कार्यमा संलग्न हुने गरेको कुरा उपन्यासकारले देखाएका छन् । उपन्यासमा आर्थिक विपन्नताकै कारण चम्पा र बिमल कामको खोजीमा बम्बई पुगेका छन् । धेरै पैसा कमाउने लोभमा चम्पा केटी बेच्ने कार्यमा

[५२]. ऐजन, पृ. १९७ ।
[५३]. ऐजन ।

संलग्न भएकी छ । त्यस्तै बहुरूपी जस्ता केटी बेच्ने दलालहरू समाजमा जताततै फैलिरहेका र सोझासाझा नेपाली चेलीहरू तिनीहरूको सिकार भइरहेको कुरा देखाउनु पनि यसको उद्देश्य रहेको छ । व्यक्तिगत स्वार्थले समाजमा अपराधिक क्रियाकलापहरू बढीरहेको कुरा उपन्यासले देखाएको छ ।

विवाहका लागि केटाकेटीको मन मिलेपछि जातले छेक्तैन भन्ने देखाउनु पनि उपन्यासको उद्देश्य रहेको छ । उपन्यासमा दलित परिवारको बिमल र क्षेत्री परिवारकी चम्पाको विवाह गराएर जातीयताको बन्धनलाई तोडिएको छ । गरिबीका कारण, दुर्गम ठाउँमा शिक्षा र सिँचाइको अभावका कारण विदेशिनुपर्ने नेपालीहरूको कारुणिक अवस्था, पैसाका लागि मान्छेले मान्छेलाई नै विक्रीसमेत गर्न पुग्दछ भन्ने देखाउने उपन्यासको मुख्य उद्देश्य हो । त्यस्तै सरकारले सहरको मात्र होइन गाउँको विकासमा पनि प्राथमिकता दिनुपर्छ भन्ने देखाउनु पनि यसको उद्देश्य रहेको छ ।

### ४.२.२.६ दृष्टिबिन्दु

**बहुरूपी साधु** उपन्यास प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुमा संरचित छ । उपन्यासमा इन्सपेक्टर ‘म’ पात्रका रूपमा उपन्यासका घटनासँग सम्बन्धित भएर आएको छ । उसले नै सम्पूर्ण घटनाको वर्णन गरेको छ । ‘म’ पात्रकै केन्द्रीयतामा उपन्यासको शृङ्खला अघि बढेको छ । चेलीबेटी बेचबिखन गर्ने दलालहरू पक्रने कार्यमा लागेको ‘म’ पात्रले चम्पालाई पक्रन्छ । ‘म’ पात्रले चम्पालाई नेपाली चेलीहरू बेच्नुको कारण सोधेको छ र चम्पाले त्यसको जवाफ दिएकी छ । इन्सपेक्टरले आफ्नो अनुभव र चम्पाको कुरालाई विशेष महत्त्वका साथ वर्णन गरेको छ । ‘म’ पात्र समाख्याताको रूपमा आई सम्पूर्ण घटनाको वर्णन यथार्थ रूपमा गरेकाले उपन्यास प्रथम पुरुष दृष्टिबिन्दुमा प्रस्तुत भएको छ ।

नेपाली युवायुवतीहरू कामको खोजीमा भारततिर जाने, पैसा कमाउने धुनमा जस्तोसुकै काम गर्न पनि उद्यत हुने र जागिरको आश्वासन दिएर नेपाली चेलीहरूलाई फकाएर बम्बई लगि बेच्ने गरेको सामाजिक यथार्थलाई उपन्यासले अगि सारेको छ ।

### ४.२.२.७ भाषाशैलीय विन्यास

जासुसी घटनामा आधारित **बहुरूपी साधु** सामाजिक यथार्थवादी उपन्यास हो । जासुसी उपन्यास भएकाले यसमा जासुसीहरूले बोल्ने र उनीहरूले आफ्ना सदस्यहरूलाई चिन्नका लागि विभिन्न सङ्केतको प्रयोग गरेका छन् । वि. आर. के., २०५०, नं., पहिलो क्याम्प नं.

१७, चुम्बन जस्ता साङ्केतिक भाषाको प्रयोग भएको पाइन्छ । यसमा पात्र अनुरूपको सरल भाषाको प्रयोग भएको छ । सरल, सहज भाषा तथा वर्णनात्मक एवं पत्रात्मक शैलीको प्रयोग गरी लेखिएको यो उपन्यास सहज पठनीय छ ।[५४] छोटाछोटा वाक्य र वर्णनात्मक शैलीका साथै संवादात्मक शैलीको प्रयोग पनि पाइन्छ ।

> चम्पाले प्रश्न गरी - "मैले सुराक लगाएका सदस्यहरूलाई के गर्नु हुन्छ तपाइँ ?"
> "सबैलाई पक्राउ गरी कानुनको कठघरामा उभ्याउनु पर्छ, अरू के गर्ने ?" इन्सपेक्टरले जवाफ दिए ।
> "त्यति भएपछि यो अपराध रोकिन्छ जस्तो लाग्छ ?"
> अपराधमा संलग्न सबैलाई समातिसकेपछि किन रोकिन्न ? अवश्य रोकिन्छ" (पृ. ७३) ।

ठाउँठाउँमा छोटाछोटा संवाद, थेगो, उखानहरूको प्रशस्त प्रयोग भएको पाइन्छ । कहाँ जान्छस् मछली मेरै ढडिया (पृ. ४), खाई नपाई छालाको टोपी लाई (पृ. १३), भाग्यमा छ भन्दैमा डोकामा दुध दुहेर कहाँ अडिन्छ (पृ. २६), के खोज्छस कानो ? आँखो (पृ. ३४) जस्ता उखानहरूको प्रयोग पाइन्छ । त्यस्तै स्त्री, स्तब्ध, ईश्वर, ईर्श्या, इन्द्रिय जस्ता तत्सम शब्द बाबु, आमा, गाउँ, पानी, कुकुर, दूध जस्ता तद्भव शब्द थपक्क, मुसुमुसु, झझल्को, फ्वाँफ्वाँ, झमक्क, घुँक्कघुँक्क, ढुकढुक आदि जस्ता अनुकरणात्मक शब्द र निगरानी, पुलिस, ड्राइभर, साइकल, गाडी, इशारा, छुरी, स्टाफ, अस्पताल, ड्युटी आदि जस्ता आगन्तुक शब्द उपन्यासमा प्रयोग भएका छन् । कतैकतै आलाङ्कारिक भाषाका साथै पत्रात्मक शैलीको प्रयोगले उपन्यास रोचक बनेको छ ।

यसरी यस उपन्यासमा तत्सम, तद्भव र आगन्तुक शब्द अनि विभिन्न उखान टुक्का, अलङ्कारमय भाषा र वर्णनात्मक र संवादात्मक शैलीले उपन्यासको भाषालाई काव्यात्मक बनाएको ।

### ४.२.२.८ निष्कर्ष

**बहुरूपी साधु** जासुसी घटनामा आधारित उपन्यास हो । जासुसी ढाँचामा प्रस्तुत गरिएको भए पनि यसमा सामाजिक यथार्थलाई उद्घाटन गरिएको छ । नेपाली चेलीहरूलाई ललाइफकाइ जागिरको आश्वासन दिएर बम्बई लगी बेच्ने बहुरूपीहरूको चित्रण गरिएको छ । शिक्षा, रोजगारी, गरिबीका कारण विदेशिनु पर्ने नेपालीहरूको कारुणिक अवस्थाको चित्र उपन्यासमा उतारिएको छ । उपन्यासको प्रमुख पात्र 'म' र चम्पाको जीवनसँग सम्बन्धित

[५४]. ऐजन ।

घटनाहरू उपन्यासको कथानकको रूपमा आएको छ । 'म' पात्रले नेपाली केटीहरूलाई बम्बई लगि बेच्ने बहुरूपीहरूलाई पक्रने क्रममा आएका समस्या, उसको प्रहरी जीवनका कठिनाई र चम्पाको कारुणिक जीवन कथा उपन्यासमा वर्णन गरिएको छ । चम्पा गरिबीका कारण आफ्नो पारिवारिक आवश्यकता पूर्तिका लागि केटी बेच्ने कार्यमा लागेकी छ । गाउँको गरिबी र बेरोजगारीले गर्दा बिमल र चम्पा कामको खोजीमा भारत जानु, आर्थिक अभावका कारण केटी बेच्ने कार्यमा संलग्न हुनुले नेपालको गरिबी र आर्थिक विपन्नतालाई देखाएको छ । गरिबी र अशिक्षाकै कारण नेपाली चेलीहरू बम्बईको कोठीमा बेचिने गरेको नेपाली समाजको यथार्थको उद्घाटन उपन्यासले गरेको छ । नेपालका गाउँहरू शिक्षित भए, गाउँको विकास भए मात्र गरिबी र अशिक्षाका कारणबाट उत्पन्न हुने सबै खालका अपराधहरू समाप्त हुने कुरा उपन्यासकारले व्यक्त गरेका छन् । यसरी शिक्षा, बेरोजगारी, आर्थिक विपन्नताका कारण नेपाली युवायुवतीहरू कामको खोजीमा भारततिर जाने र एकै पटक धरै पैसा कमाउने सुरमा चेलीबेटी बेचबिखन जस्ता कार्यमा संलग्न हुने कुरा उपन्यासमा देखाइएको छ । उपन्यासमा 'म' पात्रले घटनाको वर्णन गरेको छ । उपन्यास सिधा रैखिक ढाँचामा अगाडि बढेको छ । उपन्यासमा सबै वर्ग, क्षेत्र, स्तरका प्रमुख, सहायक, गौण, अनुकूल, प्रतिकूल, वर्गीय, व्यक्तिगत, बद्ध, मुक्त, नेपथ्य, मञ्चयी पात्रको उपस्थिति पाइन्छ । उपन्यासमा काठमाडौँ उपत्यकाका विभिन्न क्षेत्र सुर्खेत, ताप्लेजुङ र भारतका बम्बई, पञ्जाब, लखनउसम्मको परिवेशको चित्र उतारिएको छ । काठमाडौँ उपत्यकाको जीवनशैली, प्रहरी कर्मचारीहरूको जीवन, उनीहरूको आफ्नो कामप्रतिको निष्ठा, सहरमा बढ्दै गरेका अपराधिक घटना परिवेश उपन्यासमा पाइन्छ । बहुरूपी जस्ता अपराधीहरूको विरोध र तिनलाई पक्रने प्रहरीहरूको प्रशंसा गरिएको छ । उपन्यासमा 'म' पात्र समाख्याताका रूपमा आई सम्पूर्ण घटनाको वर्णन गरेकाले उपन्यास प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित छ । सरल, सहज भाषा तथा वर्णनात्मक एवं पत्रात्मक शैलीले उपन्यास सहज र पठनीय बनेको छ । त्यस्तै तत्सम, तद्भव र आगन्तुक शब्द अनि विभिन्न किसिमका उखान सूक्तिको प्रयोगले उपन्यासलाई काव्यात्मक बनाएको छ ।

### ४.२.३ आरतीका आँसु उपन्यासको विश्लेषण

#### ४.२.३.१ परिचय

**आरतीका आँसु** २०३९ सालमा पहिलो पटक **आँसुको सौगात** शीर्षकमा प्रकाशित उपन्यास हो । २०४४ सालको संस्करणमा यो उपन्यास **आरतीका आँसु** शीर्षकमा पुनः मुद्रित भएको हो । यो उपन्यास १९ परिच्छेद र १५४ पृष्ठमा संरचित छ । उपन्यासका परिच्छेदहरूको आयाम पनि एकै किसिमका नभई फरक फरक किसिमका छन् । परिच्छेद सत्र ३ पृष्ठमा आबद्ध सबैभन्दा छोटो परिच्छेद हो भने परिच्छेद नौ १९ पृष्ठमा आबद्ध सबैभन्दा ठूलो परिच्छेद हो । आयाम विस्तारमा सन्तुलन नदेखिए पनि उपन्यासले पूर्ण आख्यानात्मक संरचना प्राप्त गरेको छ ।

#### ४.२.३.२ कथानक

प्रस्तुत उपन्यासको घटनाशृङ्खला बुटवल बजारमा अवस्थित पूर्णबहादुर प्रधानको घरबाट सुरु भएको छ । पूर्णबहादुरको बगैचाको चौरमा राजु आफ्ना साथीहरूसँग खेल्दै हुन्छ । खेलका क्रममा कसकी आमा धेरै भन्ने प्रसङ्गमा राजु आफ्नी आमा नभएकाले खेलमा हारेको अनुभव गर्छ । देबुले तेरी आमा त मरिसकी भन्दा उसको मुटुमा धक्का पुग्छ र रूँदै घरभित्र पस्छ । राजुलाई उसको परिवारले आमा मामाघर गएकी र तिमीले धेरै पढेर ठूलो मान्छे बनेपछि आउने भन्ने आश्वासन दिन्छन् । पूर्णबहादुरकी श्रीमती चन्द्राको राजु सानै हुँदा बस दुर्घटनामा मृत्यु भएको हुन्छ । पूर्णबहादुरले सुशीलाका आमाबाबु ऊ सानैछदा मरेपछि टुहुरी भान्जीलाई आफ्नै घरमा ल्याएर राख्छ । सुशीला पूर्णबहादुरकी भान्जी हो भन्ने कुरा उसको परिवार बाहेक कसैलाई थाहा हुँदैन् ।

पूर्णबहादुरले राजुलाई तानसेनको शान्ती नर्सरी बोर्डिङ्गमा भर्ना गरिदिएको हुन्छ । आरतीले भाइ राजुलाई आमाको अभावमा आमाको ममता दिन्छे । राजुको इच्छा बमोजिम आरतीले लखनउबाट एउटा खेलैना (मिनीबस) झिकाइ दिएकी हुन्छे । मिनीबसले किचेर आमाको मृत्यु भएको कुरा थाहा पाएपछि राजुले खेलौना कच्याककुचुक पारेर फालिदिन्छ र आफू पनि जीवनभर मिनीबस नचढ्ने कुरा व्यक्त गर्दछ । तानसेन गएको बेला आरती राजुलाई पुऱ्याउन स्कुल जान्छे । स्कुलमा आरतीको सेवकसँग भेट हुन्छ । सेवक त्रिचन्द्र क्याम्पस काठमाडौं पढ्दै गरेको विद्यार्थी हुन्छ । सेवकको बाबु धनबहादुर जोशीले आफ्नी मृत पत्नी शान्तीको सम्झनामा बोर्डिङको स्थापना गरेको हुन्छ ।

तानसेनमा सेवकलाई भेटेपछि बुटवल आएकी आरतीलाई धेरै दिनसम्म नरमाइलो लाग्छ र ऊ भाइलाई भेट्ने निहुमा तानसेन जान्छे । यही क्रममा एकदिन फेरि राजुको स्कुल जान्छे र सेवकलाई भेट्छे । सेवक र आरतीले आआफ्ना घरपरिवारका कुरा एक अर्कालाई सुनाउँछन् । एकदिन सेवक स्कुलका विद्यार्थीहरूलाई बुटवलमा सिनेमा देखाउन लैजान्छ तर कालु मिनीबसमा बस्न मान्दैन । राजु रोएकाले आरती र राजु अर्को गाडीमा जान्छन् । पाँच दिनपछि फोटो ल्याउने जिम्मा आरतीले लिन्छे । यता पूर्णबहादुर भऱ्याङबाट लडेर घाइते हुन्छ र उसलाई प्रकाशको ट्याक्सीमा राखेर सुशीलाले बुटवल अस्पतालमा भर्ना गर्छे । पूर्णबहादुरलाई हेर्न प्रकाश बेलाबेला अस्पतालमा आउन थाल्छ । यहीबेला प्रकाश र सुशीला एकअर्काका नजिक हुन्छन् । पाँचौंदिनको दिन आरतीले बुटवलमा खिचेको फोटो लिन जानुपर्ने तर सुशीला समयमा नआएपछि ऊ दिनभर अस्पतालमा बाबुलाई कुरेर बस्छे । सुशीला साँझ ७ बजे मात्र अस्पताल आएपछि आरती साझ ७ बजे नै फोटोलिन भैरहवा जान्छे । बाबुलाई अस्पतालमा भर्ना गरेकाले आरती आफैं फोटो लिएर तानसेन जान सक्दिन र एउटा पत्र लेखि आफ्नो र सेवकको बेग्लाबेग्लै खिचेको फोटो तानसेन सेवकको ठेगानामा पठाइदिन्छे ।

पूर्णबहादुर विस्तारै ठीक हुँदै जान्छ । उपचारको क्रममा प्रकाश र आरती नजिक भएको देखेर पूर्णबहादुर खुसी हुन्छ तर प्रकाश र सुशीलाको प्रेमप्रसङ्ग उसलाई थाहा हुँदैन । सेवकको केही खबर नआएपछि आरती चिठी लेखेर प्रकाशलाई सेवकको खबर बुझ्न पठाउँछे । प्रकाश तानसेन पुगेर सेवक काठमाडौँ गइसकेको खबर लिएर फर्कन्छ ।

३५ दिनको उपचारपछि पूर्णबहादुरले अस्पतालबाट छुट्टी पाउँछ । घर जानुअघि आरतीले परिचारिकालाई आफ्नो नाममा चिठी आए खबर गर्न भन्छे । आरतीका नाममा आएका धेरै चिठीहरू त्यहाँ पहिले काम गर्ने परिचारिका आरतीका हुन भनी पोखरा पठाएको कुरा परिचारिका ललिताले भन्छे । आरती प्रकाशलाई लिएर पोखरा जान्छे । त्यहाँ आरती (परिचारिका) बाट सेवकका केही चिठीहरू मात्र पाउँछे । पोखरामा आरतीबाट प्रकाशले सुशीला पूर्णबहादुरकी छोरी नभएको कुरा थाहा पउँछ । पूर्णबहादुरले प्रकाशलाई आफ्नो छोरीसँग बिहे गरिदिने भनेको हुन्छ र त्यसमा प्रकाशले पनि सहमति दिएको हुन्छ । आरतीको प्रेम सेवकसँग भएकाले र सुशीला पूर्णबहादुरकी छोरी नभएकाले प्रकाश दोधारमा पर्छ । तर पनि सुशीलाको यौवनसँग खेल्नका लागि भएपनि उनीहरूको गोप्यता नखोल्न आरतीलाई कसम खुवाउँछ र आफ्नो नाम अंकित औंठी आरतीको हातमा लगाइदिन्छ । त्यो

औँठी आरतीका हातमा रहुन्जेलसम्म उसले आफ्नो गोप्यता, भङ्ग गर्न नपाउने सम्झौता उनीहरूका बीचमा हुन्छ । त्यस्तै आरतीले आफ्नो फोटो प्रकाशलाई दिन्छे र र आफूलाई बहिनीका रूपमा हेर्नुपर्ने वाचा गराउँछे ।

स्कुलको जन्मजयन्ती समारोहका लागि सेवक तानसेन आएका बेला आरतीले बुटवल आउन भनी सेवकलाई चिठी लेख्छे । स्कुलको काममा व्यस्त भएको सेवक आरतीलाई नै तानसेन आउन भनी स्कुलको जन्मजयन्तीको कार्ड सहित चिठी पठाउँछ । सेवकको चिठी आरतीले स्कुलको जन्मजयन्ती भएको भोलिपल्ट मात्र पाउँछे । चिठी पाएपछि आरती राति नै प्रकाशलाई लिएर तानसेन जान्छे तर त्यसदिन सेवक आरतीलाई भेट्न बुटवल आउँछ । सेवक आरतीको घरमा पुग्दा आरती तानसेन हिडिसकेकी हुन्छे । त्यसको भोलिपल्ट नै सेवक काठमाडौँ जान्छ र आरती र सेवकको भेट हुँदैन ।

पूर्णबहादुरको परिवार काठमाडौँ बसाइँ सर्छन । काठमाडौँमा एउटा ट्याक्सी किनेर जीवन धान्ने साहारा बनाउँछन् । पूर्णबहादुरले ट्याक्सी प्रकाशलाई चलाउन दिन्छ र उसलाई आफ्नै घरमा बसाउँछ । यही क्रममा सुशीला गर्भवती हुन्छे । सुशीला गर्भवती भएको थाहा पाएपछि प्रकाश वेपत्ता हुन्छ । एकदिन अचानक प्रकाश आउँछ । सुशीला प्रकाशलाई आफूसँग विवाह नगरे आत्महत्या गरेर मर्ने धम्की दिन्छे । आरतीले पनि प्रकाशलाई सुशीलासँग बिहे गर्न भनी सम्झाउँछे । प्रकाश सुशीलाका विरुद्धमा षड्यन्त्र रच्छ । प्रकाशको योजना अनुसार सुशीला बलरामको साथमा राति नै भद्रकली पुग्छे । उता प्रकाश बिहान सुशीला भागी भनेर हल्ला मचाउँछ । प्रकाशको षड्यन्त्रमा फसेकी सुशीला प्रकाशले धोका दिएपछि पीडा सहन नसकी आत्महत्या गर्छे ।

सेवक रुमानियाको अध्ययन सकी घर फर्किरहेको हुन्छ । उसले पूर्णबहादुरले ७३५ नम्बरको ट्याक्सी किनेको र प्रकाशले चलाउने गरेको कुरा आरतीको पत्र मार्फत थाहा पाएको हुन्छ । संयोगवश एयरपोर्टमा सेवक त्यही ट्याक्सीमा चढ्न पुग्छ । सेवक त्यस ड्राइभरलाई प्रकाश हो भनी ठान्छ । ड्राइभरले आफू प्रकाश नभएको र प्रकाशले पूर्णबहादुरकी छोरीलाई गर्भवती बनाएर भागेको कुरा भन्छ । ड्राइभरले आरतीलाई नै प्रकाशले गर्भवती बनाएर भागेको ठानेको हुन्छ । ड्राइभरको अधुरो कुराले सेवक आरतीले आफूलाई धोका दिएको ठान्छ । सेवकले त्यही ट्याक्सीमा आरतीको फोटो र चिठी पनि पाउँछ । चिठी पढेपछि सेवक आरती र प्रकाशका बीच अनैतिक सम्बन्ध रहेको कुरामा विश्वस्त हुन्छ ।

एकदिन सेवकले आरती र प्रकाशलाई सँगै देख्छ र ऊ भेष बदलेर उनीहरूको पिछा गर्छ । आरती र प्रकाश सुशीलाका बारेमा कुरा गर्दै हुन्छन् तर सेवक उनीहरूले आफ्नै बारेमा कुरा गरेका हुन् भन्ने भ्रममा पर्छ । एकदिन सेवक र आरतीको बाटोमा भेट हुन्छ तर सेवक आरतीसँग नबोलेर सरासर हिड्छ । सेवकको व्यवहार देखेर आरती अचम्म पर्छे र आफै अगि सरेर सेवकलाई बोलाउँछे । सेवक आरतीको चरित्रमा औँला उठाएर नानाथरी गाली गर्छ तर विवश आरती प्रकाश र आफूबीचको दाजु बहिनीको प्रतिज्ञापूर्ण सम्बन्धका बारेमा भन्न सक्दिन । जसले गर्दा सेवकका मनमा शंका बढ्दै जान्छ । आरतीको हातमा प्रकाशको नामअंकित औँठी देखेपछि सेवकको रिस झन बढेर जान्छ । जसले गर्दा आरती सेवकका सामु दोषी नै ठहरिन्छे ।

भोलिपल्ट आरती सेवकलाई भेट्न ठमेल्नी बूढीको घरमा जान्छे तर सेवक त्रिशूली गएकाले भेट हुँदैन । सेवक त्रिशूलीबाट आउने दिन त्रिशूलीबाट आउने गाडी दुर्घटना हुन्छ । आरती सेवक पनि त्यही दिन आउने भएकाले सेवकलाई खोज्न अस्पताल जान्छे तर त्यहाँ सेवकलाई भेट्दिन । अस्पतालमा सेवकलाई नभेटेपछि ऊ राति नै ठमेल्नी बुढीको घर जान्छे । त्यहाँ उसको सेवकसँग भेट हुन्छ । आरतीलाई देखेर सेवक रिसाउँछ । आरती आफू निर्दोश भएको कुरा सेवकलाई विश्वास दिलाउन खोज्छे तर सेवक आरतीको कुरामा विश्वास गर्दैन । यही क्रममा दुवैका बीच प्रकाशलाई लिएर भनाभन हुन्छ । रिसको आवेशमा आएर सेवक आरतीलाई मार्न लागेका बेला प्रकाश आएर रोक्छ । प्रकाशले आफू र आरतीबीचको दाजु बहिनीको सम्बन्ध र आफूले सुशीलालाई मनपराएको बारेमा भन्छ र सेवकसँग माफी माग्छ । अन्त्यमा प्रकाशले आफूले गरेको गल्ती स्वीकारेर पूर्णबहादुरसँग माफी माग्छ । छोरीको इच्छा अनुसार पूर्णबहादुरले आरती र सेवकको बिहे गरिदिन्छ ।

सामाजिक विषयवस्तुमा लेखिएको प्रस्तुत उपन्यास आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । उपन्यासको कथानकको स्रोत सामाजिक र मनोविश्लेषणात्मक यथार्थ रहेको छ । उपन्यासको मूल कथानक आरती, सेवक, सुशीला र प्रकाशसँग सम्बन्धित रहेको छ । यी पात्रहरूले जीवनमा गरेको सङ्घर्ष, पीडाको कथा उपन्यासमा प्रस्तुत छ । साथीहरूसँग खेल्दै गरेको राजुलाई देबुले तेरी आमा मरिसकी भन्दा रूँदै आएको उसलाई आरतीले आमा मामाघर गएको र त ठूलो भएपछि आउने झूठो आश्वासन दिएको प्रसङ्गबाट कथानकको आरम्भ भएको छ । पूर्णबहादुर वागलुङबाट बुटवल बसाइँ सर्नु, चन्द्राको बस दुर्घटनामा मृत्यु हुनु, सेवक र आरतीका बीचमा प्रेम सम्बन्ध हुनु,

बुटवलमा आरती र सेवकले फोटो खिचाउनु, आरतीले सेवकलाई भेट्न खोज्दा पनि परिस्थितिवश भेट नहुँनु, सेवक काठमाडौं जानु, सेवकले पठाएका पत्रहरू भुलवश पोखरा पुग्नु, प्रकाशले सुशीला पूर्णबहादुरकी छोरी नभएको रहस्य थाहा पाउनु, प्रकाश र आरतीले एक अर्काको प्रेम सम्बन्धका बारेमा कसैलाई नभन्ने भनी बाचा गर्नुसम्मको घटना सङ्घर्षविकासका घटना हुन् । त्यस्तै पूर्णबहादुरको परिवार काठमाडौँ बसाइँ सर्नु, प्रकाश पनि सँगै जानु र पूर्णबहादुरको ट्याक्सी चलाउने काम गर्नु, सुशीलालाई गर्भवती बनाएर प्रकाश वेपत्ता हुनु, प्रकाशले अलपत्र पारेर भागेपछि सुशीलाले आत्महत्या गर्नु, सेवक रुमानियाको अध्ययन सकी घर फर्कनु, सेवक ड्राइभरको अधुरो कुराले प्रकाशले गर्भ बोकाएर भागेको केटी आरती नै हो भन्ने भ्रममा पर्नु, सेवकले आरतीलाई घृणा गर्न थाल्नु, आरतीले प्रकाश र आफूबीचको दाजु बहिनीको प्रतिज्ञापूर्ण सम्बन्धका बारेमा भन्न नसकेका कारण सेवकको नजरमा दोषी हुनु जस्ता घटना कथानकको सङ्कटावस्थाका शृङ्खला हुन् । प्रकाशलाई लिएर सेवक र आरतीका बीच ठूलै झगडा पर्नु र आवेशमा आएर सेवकले आरतीलाई मार्न खोज्नु उपन्यासको चरम अवस्था हो । आरतीमाथि छुरी प्रहार गर्नै लागेको सेवकलाई प्रकाशले रोक्नु, प्रकाशले आफू र आरतीको दाजु बहिनीको प्रतिज्ञापूर्ण सम्बन्ध र सुशीलाका बारेमा यथार्थ कुरा भन्नु र पूर्णबहादुरसँग माफ माग्नु कथानकको सङ्घर्षह्रासका घटना हुन् र सेवक र आरतीको बिहे हुनु कथानकको उपसंहार हो । यसरी सेवक र आरतीको मिलनसँगै उपन्यास सुखान्तमा गएर टुङ्गिएको छ । उपन्यास रैखिक ढाँचामा अगाडि बढेकाले यसको कथानक सरल रहेको छ ।

कौतूहलका दृष्टिले उपन्यास सबल देखिन्छ । उपन्यासको आरम्भबाट नै पाठकमा प्रशस्त कौतूहल जन्मन्छ । आमा मामाघर गएकी छ र त ठूलो भएपछि आउँछन् भन्ने परिवारको झूठो कुरा राजुले थाहा पाउला कि नपाउला, तानसेनको स्कुलमा भेट भएका आरती र सेवकको फेरि भेट होला कि नहोला, भऱ्याङबाट लडेर घाइते भएको पूर्णबहादुरको अवस्था के होला ? साँझतिर फोटोलिन भैरहवा हिडेकी आरती समयमै स्टुडियो पुग्ली कि नपुग्ली, ट्रक ड्राइभर सरदारको फन्दामा परेकी आरतीको अवस्था के होला ? प्रकाश र सुशीलाबीचको प्रेम सम्बन्ध पूर्णबहादुरले थाहा पाउला कि नपाउला, प्रकाश र आरतीले एक अर्काको प्रेम सम्बन्धको गोप्यता भङ्ग नगर्ने भनी गरेको प्रतिज्ञाले कस्तो स्थितिको सिर्जना गर्ला ? प्रकाशले गर्भवती भएकी सुशीलालाई छोडेर हिडेपछि सुशीलाको स्थिति के होला ? आरती भागेर गएको प्रकाशलाई घर फर्काउन सफल होली कि नहोली, रुमानियाबाट

फर्केको सेवकले ड्राइभरबाट प्रकाश र आरतीबीच अनैतिक सम्बन्ध भएको भ्रमपूर्ण कुरा सुनेपछि सेवकले के गर्ला ? प्रकाश र आरती बीचको दाजु बहिनीको प्रतिज्ञापूर्ण सम्बन्ध नखुल्दा धरापमा परेको सेवक र आरतीको प्रेम सम्बन्धले कुन मोड लेला ? सेवकको मनमा उत्पन्न भ्रम हट्ला कि नहट्ला भन्ने जिज्ञासा पाठकका मनमा उत्पन्न हुन्छ । त्यस्तै प्रकाशलाई लिएर भएको सेवक र आरतीबीचको झगडा बढ्न थालेपछि र सेवकले आरतीलाई मार्न भनी छुरा ल्याउँदा त पाठकको मन दुर्घटना हुने सम्भावनाले आत्तिन थाल्छ । त्यस्तै प्रकाशलाई लिन गएको कान्छा उसलाई ल्याउन सफल होला कि नहोला जस्ता घटनाले पाठकका मनमा कौतूहल उब्जाएको छ । उपन्यासमा उत्पन्न कौतूहलको समाधान पनि भएको छ । यसरी कौतूहलले उपन्यासमा रोचकता थपेको देखिन्छ ।

**आरतीका आँसु** उपन्यासको कथानकमा द्वन्द्वको प्रयोग प्रशस्त देखिन्छ । उपन्यासमा आन्तरिक र बाह्य दुवै प्रकारको द्वन्द्व रहेको छ । बाह्य द्वन्द्वमा सेवक र आरतीबीचको द्वन्द्व प्रमुख देखिन्छ । त्यस्तै आरती र राजुका बीच, प्रकाश, आरती र रामबहादुरका बीच, प्रकाश र सुशीलाका बीच पनि बाह्य द्वन्द्व देखिन्छ । बुटवलमा सिनेमा हर्न जाँदा राजु मिनीबसमा चढ्न नमानेपछि आरतीले राजुलाई रूवाउदै जबरजस्ती तानेर बसमा चढाउनु, राति हतारहतार तानसेन जाँदा ट्याक्सीलाई दिनका लागि पैसा नै नबोकी हिडेकी आरती, प्रकाश र रामबहादुर ड्राइभरका बीच भाडालाई लिएर विवाद उत्पन्न हुनु, प्रकाश र आरतीलाई नजिक भएको देखेर सुशीलाका मनमा शङ्का उत्पन्न हुनु र यही कुरालाई लिएर प्रकाश र सुशीलाका बीच झगडा हुनु, प्रकाशले धोका दिएर भागेपछि गर्भवती भएकी सुशीलाले आत्महत्या गर्नु, आरतीले प्रकाशको गर्भ बोकेको भ्रमपूर्ण खबर सुनेको सेवकले आरतीलाई किचकण्डी, वेश्या, चरित्रहीन भनी तथानाम गाली गर्नु, ठमेल्नी बूढीको घरमा सेवक र आरतीका बीच भनाभन हुनु र सेवकले रिसको आवेशमा आरतीलाई मार्नका लागि छुरी उठाउनु जस्ता बाह्य द्वन्द्व उपन्यासमा देखिन्छ । त्यस्तै उपन्यासमा आन्तरिक द्वन्द्व पनि देखिन्छ । आन्तरिक द्वन्द्व अन्य पात्र भन्दा सेवक र आरतीमा बढी देखिन्छ । सेवकलाई भेटेदेखि नै आरतीका मनमा द्वन्द्व उत्पन्न भएको छ । प्रकाश र आरतीका बारेमा समाजले नभएका अनेकथरी कुरा गर्दा आरतीका मनमा समाजको कुरा सेवकले सुने के होला भन्ने विषयलाई लिएर द्वन्द्व उत्पन्न भएको छ । सुशीलालाई गर्भवती बनाएर भागेको प्रकाशको कुरा बाबुलाई भनु कि नभनु भनी आरती मनमा अनेक कुरा खेलाउँछे । त्यस्तै प्रकाश आरती नजिक हुँदा सुशीलाको मनमा उनीहरूको सम्बन्धलाई लिएर द्वन्द्व उत्पन्न भएको छ । आरती

र प्रकाशका बीचको वास्तविक सम्बन्ध थाहा नहुँदा सेवकको मनमा उत्पन्न आन्तरिक द्वन्द्व बाह्य रूपमा प्रकट भएको छ ।

### ४.२.३.३ सहभागी

**आरतीका आँसु** बहुलपात्र भएको उपन्यास हो । भूमिकाका आधारमा यसमा आरती, सुशीला, सेवक र प्रकाश प्रमुख पात्रका रूपमा आएका छन् । पूर्णबहादुर, राजु, ललितादेवी, आरती (परिचारिका), रामबहादुर, बलराम, गोपाल सहायक पात्रका रूपमा आएका छन् । त्यस्तै ज्ञानु, देबु, शान्ती, चन्द्रा, पूर्णबहादुरका बहिनी ज्वाइँ, धनबहादुर, नन्दे, ट्रक ड्राइभर, शोभा, भान्से बाहुनी, झाँक्री, शुक्रवारे, कान्छा, साहिँलो, घरबेटी आमै, ठमेलका फटाहा केटाहरू जस्ता पात्रहरू गौण पात्रका रूपमा आएका छन् ।

लिङ्गका आधारमा उपन्यासमा राजु, देबु, ज्ञानु, पूर्णबहादुर, सेवक, प्रकाश, गोपाल, रामबहादुर, नन्दे, कान्छा, साहिँलो, शुक्रवारे, झाँक्री, बलराम ठमेलका केटाहरू पुरुष पात्र छन् भने आरती, सुशीला, पूर्णबहादुरका बहिनीहरू, चन्द्रा, शान्ती, भान्से बाहुनी, घरबेटी आमै, ललितादेवी, आरती (परिचारिका), कमला, पोखरा भट्टी पसलका तरुनीहरू आदि स्त्री पात्र रहेका छन् ।

प्रवृतिका आधारमा यस उपन्यासमा प्रायः सबै अनुकूल पात्र रहेका छन् । उपन्यासमा ट्रक ड्राइभर, बलराम र ठमेलका फटाहा केटाहरू प्रतिकूल प्रवृतिका पात्र हुन् भने अन्य सबै अनुकूल प्रवृतिका पात्रहरू हुन् ।

स्वभावका आधारमा यसमा प्रकाश, गोपाल, कान्छा गतिशील पात्रका रूपमा आएका छन् भने अन्य सबै स्थिर पात्रका रूपमा आएका छन् ।

जीवनचेतनाका आधारमा यस उपन्यासमा पूर्णबहादुर, आरती, सेवक, धनबहादुर, ललितादेवी, आरती (परिचारिका) वर्गगत पात्रका रूपमा रहेका छन् भने अन्य सबै व्यक्तिगत पात्रका रूपमा रहेका छन् ।

आसन्नताका आधारमा यहाँ राजु, देबु, ज्ञानु, पूर्णबहादुर, आरती, सुशीला, सेवक, प्रकाश, ड्राइभर, ट्रक ड्राइभर, नन्दे, ललितादेवी, आरती (परिचारिका), भान्से बाहुनी, झाँक्री, शुक्रवारे, कान्छा, घरवेटी आमै, कमला, गोपाल, बलराम, रामबहादुर आदि मञ्चीय पात्रका रूपमा रहेका छन् । त्यस्तै पूर्णबहादुरका बहिनी ज्वाइँ, धनबहादुर, शान्ती, चन्द्रा नेपथ्य पात्रका रूपमा रहेका छन् ।

आबद्धताका आधारमा राजु, पूर्णबहादुर, आरती, सुशीला, सेवक, प्रकाश, ड्राइभर, धनबहादुर, बलराम, ललितादेवी, आरती (परिचारिका), गोपाल, घरबेटी आमै बद्ध पात्र हुन् भने ज्ञानु, देबु, झाँक्री, पूर्णबहादुरका बहिनी ज्वाइँ, ट्रक ड्राइभर, नन्दे, भान्से बाहुनी, कान्छा, साहिँला, कमला, ठमेलका फटाहा केटाहरू मुक्त पात्र हुन् । यी सबै पात्रहरूलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

| क.सं. | आधार | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकुल | गतिशील | स्थिर | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | आरती | - | + | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| २ | सेवक | + | | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| ३ | सुशीला | - | + | + | - | - | + | - | - | + | - | + | - | + | + | - |
| ४ | प्रकाश | + | - | + | - | - | + | - | - | + | - | + | - | + | + | - |
| ५ | पूर्णबहादुर | + | - | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| ६ | राजु | + | - | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| ७ | ललितादेवी | - | + | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| ८ | आरती (परिचारिका) | - | + | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| ९ | रामबहादुर | + | - | - | + | - | + | - | - | + | - | + | - | + | - | + |
| १० | बलराम | + | - | - | + | | - | + | + | - | - | + | - | + | - | + |
| ११ | गोपाल | + | - | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| १२ | घरबेटी आमै | - | + | - | - | + | + | - | - | + | - | + | - | + | + | - |
| १३ | कमला | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| १४ | साहिँलो | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| १५ | कान्छा | + | - | - | - | + | + | - | + | | - | + | - | + | - | + |
| १६ | ट्रक ड्इभर | + | - | - | - | + | - | + | - | + | - | + | - | + | - | + |

उपर्युक्त आधारमा यहाँ प्रमुख पात्रहरूको चरित्रचित्रण गरिएको छ ।

## १. आरती

सोझी, सरल स्वभावकी आरती उपन्यासकी नायिका हो । पूर्णबहादुरकी छोरी आरतीले सानैमा आमाको वियोग सहनु परेको छ । आमा नभएकाले घर व्यवहार समालेर बसेकी उसले जीवनको प्रथम प्रहरमै अनेक दुःखको सामना गर्नुपरेको छ । उपन्यासमा आरती रूप सौन्दर्य र ज्ञान गुणकी प्रतिमूर्तिका रूपमा चित्रित छे । ऊ मुस्कुराउँदा अनारका दानाझैँ टम्म मिलेका सेता दाँतहरू कति सुन्दर देखिन्थे । उसको यौवन र सुकोमल

शरीरको स्थितिलाई हेर्दा विहानको सूर्य प्रकाशलाई अङ्कमाल गर्ने वीरताको प्रतीक हिमाल हाँसेझैं थियो (पृ. १७) । उसको सौन्दर्य र सरल स्वभाव देखेर सेवकले पहिलो भेटदेखि नै आरतीलाई प्रेम गर्न थाल्छ । नारी सुलभ कोमलता र आकर्षण भाव भएकी आरतीको पहिलो भेटमै सेवकसँग माया बस्छ । सेवकसँग भैरहवामा खिचेको फोटो लिएर तानसेन आउने वाचा गरे पनि विरामी बाबुलाई छोडेर जान सक्दिन र सेवकलाई पत्र लेखेर पठाउँछे । सेवक काठमाडौं गइसकेकाले आरतीले पठाएको पत्र पाउँदैन । सेवकले पठाएका पत्रहरू गल्तीले आरती (परिचारिका) हुन् भनेर पोखरा पुग्दा ऊ पत्र लिन पोखरा नै जान्छे । सेवकलाई भेट्न नपाउँदा दुःखी भए पनि आफ्नो पीर दबाइ सधैं कर्तव्यमा लागिपर्ने कर्तव्यशील पात्र हो । सेवकको सम्झनामा ऊ एक्लै आँसु बगाएर बस्छे तर आफ्नो दुःख कसैलाई देखाउँदिन । पूर्णबहादुरले प्रकाशसँग विवाह गरिदिने कुरा गरे पनि सेवकको प्रतिक्षामा बसेकी आरती प्रकाशलाई आफूलाई बहिनीका रूपमा हेर्नु भनी वाचा गराउँछे । घर परिवारको जिम्मेवारी समालेर बसेकी सबैसँग आत्मिय सम्बन्ध राख्ने ऊ अनुकूल पात्र हो । बहिनी सुशीलाले प्रकाश र आफ्नो निकटतालाई शंकाको नजरले हेरी गाली गर्दा पनि ऊप्रति नराम्रो नचिताउने बरू उसका निम्ति प्रकाशलाई घर फर्काउने प्रयास गर्ने सत् पात्र हो । प्रकाशसँग एक अर्काको गोप्यता भङ्ग नगर्ने भनी गरेको वाचाले गर्दा सेवकको नजरमा ऊ चरित्रहीन भएकी छ । प्रकाशसँग गरेको वाचाको कारण प्रकाशले सुशीलालाई गर्भवती बनाएर भागेपछि ऊ बाबुलाई यथार्थ कुरा भन्न सक्दिन । जसले गर्दा सुशीलाले आत्महत्या गरी मरेकी छ भने सेवकका मनमा पनि शंका उत्पन्न भएको छ । नारीमा हुने स्वाभाविक गुण भएकी आरती यथार्थ पात्र हो ।

आरती उपन्यासकी शिक्षित निम्नवर्गीय जीवनको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । सानै उमेरमा घर व्यवहारले थिचिएकी ऊ उपन्यासकी दुःखित पात्रका रूपमा चित्रित छे । उपन्यासमा उसको स्वभावमा परिवर्तन नदेखिएकाले ऊ स्थिर पात्र हो । उपन्यासको कथानकलाई पूर्णता दिन आउने बद्ध र मञ्चीय पात्र हो ।

**२. सेवक**

सेवक यस उपन्यासको प्रमुख पुरुष पात्र हो । धनबहादुर जोशीको छोरा ऊ उपन्यासको नायक हो । बाबुको इच्छा अनुसार पढ्न काठमाडौं गएको सेवक छुट्टीमा घर आएका बेला स्कुलमा अरू शिक्षक सरह बच्चाहरूलाई पढाउने शिक्षित पात्र हो । सरल, शान्त स्वभावको आफ्नो कर्तव्यप्रति सचेत भएको पात्र हो । उपन्यासमा उसको पहिलो

भेटमै आरतीसँग माया बस्छ । आफ्नी आमालाई सम्झेर रोएकी आरतीलाई देखेर रूने ऊ भावुक प्रवृतिको पात्र हो । आरतीदेखि टाढा काठमाडौं पढ्न गएको सेवक तानसेन आउँदा परिस्थितिवश आरतीलाई भेट्न नसक्दा दुःखी हुन्छ । आरतीलाई आत्मिक प्रेम गर्ने ऊ आदर्श प्रेमी हो । आरतीलाई छैटीमा भावीले आफ्नो भाग्यमा लेखेकी केटी हो भनी ठान्ने भाग्यमा विश्वास गर्ने पात्र हो । ऊ उदार हृदय भएको सहयोगी अनुकूल पात्र हो । सेवक आफ्नो भविष्य सपार्न उच्चशिक्षाका लागि पढ्न रुमानिया जाने भविष्यप्रति चिन्तित पात्र हो । रुमानियाबाट फर्केपछि ट्याक्सी ड्राइभरले प्रकाश र आरतीका बारेमा दिएको अधुरो जानकारी र ट्याक्सीमा प्राप्त आरतीको पत्र र फोटोले गर्दा आरतीमाथि शंका गरी उसलाई घृणा गर्ने यथार्थ पात्र हो । आरतीबारे अधुरो कुरामा विश्वास गरी शंका गर्ने मानवीय कमजोरी भएको पात्र हो । यही कमजोरीले गर्दा नै ऊ आरतीसँग झगडा गर्छ र रिसको आवेशमा आएर उसलाई मार्न समेत खोज्छ तर समयमै प्रकाशले आफू र आरतीबीचको दाजु बहिनीको प्रतिज्ञापूर्ण सम्बन्धको रहस्य खोलेपछि सेवकको रिस शान्त भएको छ । यसरी परिस्थितिले गर्दा र समयमा यथार्थबोध नहुँदा सोझो, इमान्दार सेवक नराम्रो काम गर्न अघि सरेको छ । अन्त्यमा आरतीसँग बिहे गर्ने ऊ सत् पात्र हो ।

सेवक मध्यमवर्गीय जीवनको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । शिक्षित परिवारको उसको बाबुको आर्थिक स्थिति राम्रै भएकाले ऊ पढ्न रुमानिया गएको छ । ड्राइभरको अधुरो कुरामा विश्वास गरी आरतीमाथि शंका गर्ने मानवीय कमजोरी भएको यथार्थ पात्र हो । उपन्यासको सुरूदेखि अन्त्यसम्म उसको स्वभावमा परिवर्तन नभएकाले ऊ उपन्यासको स्थिर स्वभावको पात्र हो । उपन्यासबाट उसलाई झिकिदिने हो भने उपन्यासको संरचना भङ्ग हुने भएकाले ऊ उपन्यासको बद्ध र मञ्चीय पात्र हो ।

### ३. सुशीला

सुशीला उपन्यासकी अर्की प्रमुख नारी पात्र हो । ऊ उपन्यासमा पूर्णबहादुरकी भाञ्जीका रूपमा देखिएकी छ । सानैमा आमाबाबुको मृत्यु भएकाले उसलाई पूर्णबहादुरले आफ्नो घरमा ल्याएर पालेको छ । पूणबहादुरलाई आफ्नो बाबु ठान्ने ऊ आफ्नो विगतदेखि अनभिज्ञ छे । पूर्णबहादुरको उपचारका क्रममा प्रकाशको नजिक भएपछि ऊसँग माया बस्छ । प्रकाश र दिदी आरती एक अर्काको नजिक भएको देखेर उनीहरूलाई शंकाको नजरले हेर्ने र यही विषयलाई लिएर प्रकाशसँग झगडा गर्ने मानवीय कमजोरी भएकी पात्र हो । आफ्नो भविष्यको ख्याल नगरी सामाजिक मर्यादाका विपरीत प्रकाशसँग प्रेममा शारीरिक रूपमा

संलग्न हुन्छे । गर्भवती भएपछि प्रकाशले बिहे गर्ने आग्रहलाई टालटुल पारेर भाग्दा ऊ विरामी भएकी छ । प्रकाशको भागेर जाने योजना अनुसार राति बलरामका साथमा भद्रकाली पुग्छे तर प्रकाश आउँदैन । प्रकाशको षड्यन्त्रका कारण ऊ समाजमा बदनाम भएकी छ । प्रकाशले अलपत्र छोडेर भागेपछि समाजका डरले आत्महत्या गर्न पुग्छे ।

प्रकाश र आरती नजिक हुँदा उनीहरूमाथि शंका गर्नु, आरतीलाई गाली गर्नु, बाबुलाई आरतीको कुरा लगाउनु जस्ता कार्यले प्रतिकूल जस्ती देखिए पनि ऊ उपन्यासकी अनुकूल पात्र हो । आफ्नो व्यक्तिगत निर्णय आफै गर्ने, सामाजिक मर्यादाको ख्याल नगर्ने स्वार्थी प्रवृतिकी व्यक्तिगत जीवनचेतना भएकी पात्र हो । उपन्यासमा उसको स्वभावमा परिवर्तन नदेखिएकाले ऊ गतिहीन पात्र हो । उपन्यासको कथानकलाई पूर्णता दिन आउने बद्ध र मञ्चीय पात्र हो । शंका, डर, त्रासले गर्दा समयमा यथार्थ कुरा भन्न नसकेका कारण आफ्नो जीवन नै बबार्द गरेकी छ ।

**४. प्रकाश**

प्रकाश यस उपन्यासको अर्को प्रमुख पात्र हो । १८ वर्षको उमेरमा पहाडको दुःख सहन नसकी आमाबाबु छोडेर मधेस झरेको ऊ भाडामा ट्याक्सी चलाएर आफ्नो जीवन धान्ने निम्नवर्गको पात्र हो । पूर्णबहादुरलाई ट्याक्सीमा राखी अस्पताल पुऱ्याई भाडा नलिने, आरतीलाई सहयोग गर्ने सहयोगी पात्र हो । पूर्णबहादुरको उपचारका क्रममा सुशीलाको नजिक भएपछि ऊसँग माया बस्छ । पूर्णबहादुरले मेरी छोरी बिहे गरिदिन्छु भनेपछि ऊ उसको परिवारको अझ नजिक हुँदै जान्छ । सुशीला पूर्णबहादुरकी छोरी होइन भन्ने थाहा पाएपछि ऊ दोधारमा परेको छ । तर सुशीलाको यौवनसँग खेल्नका लागि आरतीलाई सुशीला र आफूबीचको प्रेम सम्बन्धको गोप्यता नखोल्न वाचा गराउँछ । सुशीलालाई वासना पूर्तिको साधन बनाउने प्रकाश स्वार्थी प्रवृतिको पात्र हो । ऊ सुशीला गर्भवती भएपछि उसको गर्भ अर्कैको हो भन्ने देखाउन सुशीला विरुद्ध षड्यत्र रच्छ । ऊ सुशीलालाई भागेर जाउँ भनी बलरामका साथ भद्रकाली बोलाउँछ र घरमा सबैलाई सुशीला बलरामसँग भागी भनेर हल्ला गर्छ । सोझी सुशीलालाई फकाएर उसको यौवनसँग खेली उसलाई अलपत्र छोडेर भाग्ने व्यक्ति पात्र हो । यहाँनिर ऊ प्रतिकूल चरित्रको जस्तो देखिए पनि ऊ आफ्नो गल्ती स्वीकार गर्ने अनुकूल पात्र हो । समयमै यथार्थ कुरा पूर्णबहादुरलाई भनी सुशीलालाई बिहे गरी जिम्मेवारी वहन गर्न नसक्ने पात्र हो । समयमै सही निर्णय लिन नसक्ने प्रकाश द्वैध मानसिकताको पात्र हो । आफूले गरेको गल्तीले दुर्घटना निम्त्याएपछि पछुताउने

मानवीय कमजोरी भएको पात्र हो । उसको यही कमजोरीले गर्दा सुशीलाको जीवन समाप्त भएको छ भने आरती र सेवकको प्रेममा पनि सङ्कट उत्पन्न भएको छ । आफूले गरेको नराम्रो कामको अपराधबोध भएपछि ऊ जीवनभरी अविवाहित रहने कुरा गर्छ । अन्त्यमा आफ्नो गल्ती स्वीकार गरी पूर्णबहादुरसँग माफी माग्छ ।

प्रकाश मिहिनेती, अशिक्षित, सहयोगी तर मानवीय कमजोरी भएको पात्र हो । उपन्यासमा परिस्थिति अनुसार उसको स्वभावमा परिवर्तन देखिएकाले ऊ गतिशील पात्र हो । उपन्यासको कथानकलाई पूर्णता दिन आउने बद्ध र मञ्चीय पात्र हो ।

उपर्युक्त प्रमुख पात्रका साथै उपन्यासमा सहायक र गौण पात्रहरूको पनि आफ्नै विशेषता रहेको छ । उपन्यासमा पूर्णबहादुर, राजु, रामबहादुर, ललितादेवी, आरती (परिचारिका), बलराम, गोपाल जस्ता सहायक पात्रहरू देखापरेका छन् । पूर्णबहादुर आरतीको बाबु हो । ऊ श्रीमती चन्द्राको मृत्युको पीडाले रोगी भएको छ । निम्नवर्गीय जीवनको प्रतिनिधित्व गर्ने पूर्णबहादुर मिनीबस भाडामा लगाएर जीवन धान्ने घर परिवारप्रति जिम्मेवारी वहन गर्ने छोराछोरीको भविष्यप्रति चिन्ता गर्ने दायित्वबोध भएको पात्र हो । सानैमा आमा गुमाउन पुगेको राजु पूर्णबहादुरको छोरा हो । मिनीबसले किचेर आमाको मृत्यु भएकाले मिनीबस चढ्न डराउने उसमा मनोवैज्ञानिक असर परेको देखिन्छ । रामबहादुर त्रिलोचन साहूको ट्याक्सी भाडामा भलाउने ड्राइभर हो । रामबहादुरको ट्याक्सी रिजर्ब गरी सेवकलाई भेट्न प्रकाश र आरती तानसेनसम्म गएका छन् । आरतीले भाडा दिने पैसा ल्याउन बिर्सेकाले उसलाई पैसाको बदला प्रकाशले आफ्नो हातको घडी दिन्छ तर त्यो घडी कसैले किन्न नमानेकाले ऊ अफ्ठ्यारोमा परेको छ । ललितादेवी बुटवल अस्पतालकी प्रमुख परिचारिका हो । सेवकले आरतीका नाममा पठाएका पत्रहरू आरती (परिचारिका) का हुन् भन्ने ठानी पोखरा फिर्ता पठाएकोमा आरतीसँग माफी माग्ने अनुकूल पात्र हो । आरती (परिचारिका) सेवकले पठाएका पत्रहरू आरतीलाई फिर्ता दिएर सहयोग गर्ने सहयोगी पात्र हो । बलराम सुशीलालाई राति भगाएर भद्रकालीसम्म ल्याउने प्रकाशको योजनामा साथ दिने प्रतिकूल पात्र हो । गोपाल प्रकाश भागेर गएपछि पूर्णबहादुरको ट्याक्सी चलाउने ड्राइभर हो । उसको अधुरो कुराले गर्दा नै उपन्यासमा प्रकाश र आरतीलाई लिएर सेवकका मनमा शंका उत्पन्न भएको छ । त्यस्तै उपन्यासमा शान्ती, चन्द्रा, ट्रक ड्राइभर, काइँलो, बाहुनीबज्यै, शुक्रवारे, कान्छा, घरबेटी आमै, कमला जस्ता गौण पात्रहरू पनि रहेका छन् । यिनीहरूको उपस्थिति उपन्यासमा एक दुई ठाउँमा मात्र देखिन्छ । शान्ती सेवक १६

वर्षको हुँदा मोटर दुर्घटनामा मृत्यु भएकी सेवककी आमा हो । चन्द्रा पूर्णबहादुरकी श्रीमती हो । चन्द्राको मिनीबस दुर्घटनामा मृत्यु भएको छ । ट्रक ड्राइभर सरदार आरतीलाई एक्लै देखेर ऊसँग नराम्रो व्यवहार गर्ने, मौकाको फाइदा उठाउने कुपात्रका रूपमा देखापरेको छ । काइँलो सेवकले पठाएको पत्र आरतीसम्म पुऱ्याउने सहयोगी पात्र हो । बाहुनीबज्यै आरतीको घरमा बसेकी भान्से बाहुनीका रूपमा आएकी छ । शुक्रवारे रक्सी खाएर मातेर हिड्ने अस्पतालको पिउन हो । कान्छा आरतीको घरमा काम गर्न बसेको नोकर हो । घरवेटी आमै घर बहालमा लगाएर गुजरा गर्ने पात्र हो । ऊ सेवकप्रति माया ममता दर्शाउने स्वच्छ हृदय भएकी सहयोगी पात्र हो । कमला घरवेटी आमैकी नातिनी हो । त्यस्तै उपन्यासमा त्रिलोचन साहू, साहिँला, पूर्णबहादुरका बहिनी ज्वाइँ, देबु, ज्ञानु, पोखरा भट्टी पसलका तरूनीहरू, बुटवल र गण्डकी अस्पतालका परिचारिकाहरू, आरती (परिचारिका) को श्रीमान्, ठमेलका फटाहा केटाहरू, झाँक्री, नन्दे जस्ता गौण पात्रहरूको उपस्थिति उपन्यासमा देखिन्छ ।

### ४.२.३.४ परिवेश

**आरतीका आँसु** उपन्यास पश्चिम नेपालको बागलुङ, तानसेन, बुटवल, पोखरा, भैरहवा हुँदै काठमाडौँसम्मको सेरोफोरामा घुमेको छ । काठमाडौँ उपत्यकाको त्रिचन्द्र कलेज, न्युरोड, रत्नपार्क, विशाल बजार, ठमेल जस्ता स्थानहरूको सन्दर्भ पनि यस उपन्यासमा प्रस्तुत भएको छ । उपन्यासमा रुमानियाको प्रसङ्ग पनि आएको छ । उपन्यासको नायक सेवक रुमानिया पढ्न गएको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । यस उपन्यासको घटनाकाल ठीक यकिनका साथ भन्न नसकिए पनि यसको रचनाकाल र उपन्यासमा प्रस्तुत पत्रका मितिलाई हेर्दा उपन्यासको घटनाकाल २०३५ देखि २०३९ सालसम्मको हो भन्ने बुझिन्छ ।

यो उपन्यास शिक्षित वातावरणमा प्रस्तुत भएको छ । दुर्गम पहाडी गाउँमा जन्मेको सेवक उच्चशिक्षाका लागि रुमानियासम्म पढ्न गएको छ । सेवकको बाबुले गाउँमै बोर्डिङ स्कुल खोलेको छ । त्यस्तै गरी छोरीहरूलाई पनि शिक्षित बनाउनुपर्छ भन्ने चिन्तनको विकास भएको समाजको चित्रण उपन्यासमा गरिएको छ । आरती र सुशीलाले पढ्ने मौका पाएकाले यो कुरा प्रस्ट हुन्छ । सेवक र आरतीको प्रेम विवाहले केटाकेटीले आफैले आफ्नो जीवनसाथी रोज्न पाउनुपर्छ भन्ने चिन्तनले केही गति लिन थालेको सामाजिक परिवेशको चित्रण उपन्यासमा गरिएको छ । आमा नहुँदा बालकमा पर्ने मनोवैज्ञानिक असर, आमा नहुँदाको पीडा, युवायुवतीबीचको शारीरिक र आत्मिक प्रेमको चित्रण पनि गरिएको छ ।

त्यस्तै सेवकको पत्र पढेर एक्कासी रोएकी आरतीलाई के भयो भनी झाँक्री बुढाद्वारा झारफुक गराउनु, आमाको वचनले घडी जसलाई दियो उसले आपत्ति र अपजसहरू सहनुपर्ने जस्ता अन्धविश्वासका कुरा पनि उपन्यासमा पाइन्छ । उपन्यास सुखान्तमा गएर टुङ्गिए पनि उपन्यासका प्रायजसो घटनाहरू दुःखद वातावरणमा घटित भएका छन् । यसमा निम्नवर्गीय नेपाली जीवनको कष्टप्रद दुःखद जीवनको यथार्थ उद्घाटन गरिएको छ । उपन्यासमा पात्रहरूको आन्तरिक कमजोरीका कारण दुःखद वातावरणको सिर्जना भएको छ । पूर्णबहादुर श्रीमती चन्द्राको मृत्युको वियोगमा आफूलाई समाल्न नसकी रोगी भएको छ । प्रकाशको कामुक प्रेम र समयमै आफ्नो गल्तीलाई स्वीकार गर्न नसक्ने कमजोरीका कारण सुशीलाले आत्महत्या गरेकी छ र प्रकाश अपराधबोधले गर्दा जीवनभरी बिहे नगर्ने प्रतिज्ञा गरेको छ । समयमै यथार्थबोध नहुँदा सेवकको आरतीमाथि शंका गरी आवेशमा आएर आरतीलाई मार्न तम्सन्छ तर प्रकाश आएर रोकेपछि दुःखद घटना हुन पाएको छैन । यसरी उपन्यासमा पात्रहरूको जीवनमा दुःखपूर्ण घटना घटे पनि अन्त्यमा आरती र सेवकको विवाह भएकाले उपन्यास सुखपूर्ण वातावरणमा गएर टुङ्गिएको छ ।

### ४.२.३..५ उद्देश्य

**आरतीका आँसु** उपन्यासको मूल उद्देश्य मनोविश्लेषणात्मक र सामाजिक यथार्थको चित्रण गर्नु रहेको छ । आमा नभएको बालकको मानसिक अवस्था, युवायुवतीबीचको शारीरिक र आत्मिक प्रेम र आफ्नो कामवासना पूरा गरी अलपत्र छोडेर हिड्ने युवा प्रवृतिलाई देखाउनु उपन्यासको मुख्य उद्देश्य रहेको छ । आमा नहुँने बालकको मनोविज्ञानमा पर्ने असर तथा गाउँमा शिक्षाको ज्योति फैलाउनु पर्छ भन्ने भावना र आत्मिक प्रेमका पक्षधरता यस उपन्यासको उद्देश्यको रूपमा प्रकटित छन् ।[५५] बालक राजु आमा नहुँदा साथीहरूसँग खेलमा हारेको अनुभव गर्छ, आमाको मिनीबसले किचेर मृत्यु भएको भन्ने थाहा पाएपछि जीवनमा कहिल्यै मिनीबस नचढ्ने अठोट गर्छ र आफ्नो खेलौना (मिनीबस) लाई कच्याककुचुक पारेर फालिदिन्छ । यसरी बालबालिकाका मनमा गढेका कुरा कसैगरि झिकेर फाल्न सकिँदैन भन्ने कुरा उपन्यासले देखाएको छ ।

उपन्यासमा शिक्षा र सामाजिक चेतनालाई पनि विशेष जोड दिइएको छ । घरको जिम्मेवारीले गर्दा एस. एल. सी. पास गरेर पनि पढ्न नसकेकी आरतीलाई काठमाडौं

[५५] . ऐजन ।

आएपछि पूर्णबहादुरले पद्मकन्यामा पढ्न पठाएको छ । सेवकको बाबुले तानसेनमा स्कुल स्थापना गरी गरिब, अनपढ गाउँलेहरूलाई सुलभ शिक्षा दिने बन्दोबस्त गरेको छ । नारी र पुरुष दुवैले शिक्षा पाउनुपर्छ भन्ने कुरा उपन्यासले अघि सारेको छ ।

युवायुवतीबीचको शारीरिक र आत्मिक प्रेमको प्रस्तुति गर्ने पनि उपन्यासको उद्देश्य रहेको छ । प्रकाशलाई प्रेम गर्ने सुशीला उसलाई विश्वास गरी शरीर सुम्पन्छे तर प्रकाश ऊ गर्भवती भएपछि उसलाई छोडेर हिडेको छ । प्रकाशको कामवासनाको सिकार भएकी सुशीला आत्महत्या गरेर मरेकी छ । यसरी आफ्नो कामवासना पूरा गरी अलपत्र छोडेर हिड्ने युवाप्रवृति र त्यसले गर्दा नारीले सहनु पर्ने पीडाको यथार्थ चित्रण उपन्यासमा गरिएको छ । त्यस्तै सेवकलाई आत्मिक प्रेम गर्ने आरतीले भोग्नु परेको दुःख, पीडाको यथार्थ प्रस्तुति पनि उपन्यासले गरेको छ । उपन्यासमा शारीरिक प्रेम क्षणिक हुन्छ र आत्मिक प्रेम सधैँका लागि अमर हुन्छ भन्ने कुरालाई पनि देखाइएको छ । त्यस्तै ट्रक ड्राइभर सरदारद्वारा ड्राइभरहरूको कामुक प्रवृतिलाई पनि देखाइएको छ ।

यसरी निम्नवर्गीय परिवारको जीवन, आमा नभएको बालकको मानसिक अवस्था, युवायुवतीबीचको शारीरिक र आत्मिक प्रेम, ड्राइभरहरूको कामुक प्रवृति, सामाजिक रुढिवादी अन्धविश्वास जस्ता कुरालाई यथार्थ रूपमा चित्रण गर्नु नै उपन्यासको मुख्य उद्देश्य रहेको छ ।

### ४.२.३.६ दृष्टिबिन्दु

**आरतीका आँसु** उपन्यास तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुमा संरचित छ । उपन्यासको केन्द्रबिन्दुमा आरती, सेवक, सुशीला, प्रकाश र पूर्णबहादुर रहेका छन् । यी सबै पात्रहरू तृतीय पुरुषका रूपमा आएका छन् । यिनै पात्रहरूको जीवनमा घटेका घटना, यिनीहरूले भोगेका दुःख, पीडाको कथा उपन्यासकारले समालोचक जस्तै भएर प्रस्तुत गरेका छन् । उपन्यासको सबै घटना, संवाद तथा पात्रका मानसिक उथलपुथल, परिवेशको चित्रणसमेत उपन्यासभन्दा बाहिर बसेर कथयिताले वर्णन गरेको हुनाले यसमा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दु रहेको छ ।

यस उपन्यासमा सानैमा आमा गुमाएको राजुको मनमा परेको प्रभाव, आरतीले जीवनमा भोगेको दुःख, पीडा, प्रकाशले सुशीलालाई गरेको शारीरिक प्रेम र सेवक र आरतीबीचको आत्मिक प्रेम प्रस्तुत गरी शारीरिक प्रेम भन्दा आत्मिक प्रेम नै अमर हुन्छ

भन्ने कुरा अगि सारिएको छ । यसरी उपन्यासमा विभिन्न घटनाहरूको माध्यमबाट सामाजिक यथार्थको उद्घाटन गरिएको छ ।

### ३.५.७ भाषाशैलीय विन्यास

**आरतीका आँसु** उपन्यासको भाषिक विन्यास सरल, सहज, सुबोध छ ।[५६] आलङ्कारिक भाषा र संवादात्मक शैलीका साथै वर्णनात्मक शैलीले उपन्यास रोचक बनेको छ । पात्र अनुसारको भाषाको प्रयोगले उपन्यास पठनमा कठिनाई देखिन्छ । उपन्यासमा ठाउँठाउँमा पात्रद्वारा प्रेषित पत्रहरूले पत्रात्मक शैलीको प्रयोग भएको पाइन्छ । उपन्यासमा छोटा छोटा संवादको प्रयोग गरिएको छ ।

> सेवकले आवेशमा नै प्रश्न गऱ्यो - “पापिनी ! मैले सोधेको प्रश्नहरूको जवाफ दिन सक्छेस् ?”
> “प्रयास गर्छु, सोध्नोस ।”
> “त्यो औँठी कसले दियो ?”
> “प्रकाश दाइले”
> “त्यसलाई तुरुन्तै अहिले नै कच्याककुचुक पारेर फालिदे ।”
> “आरतीले केही सोचेर जवाफ दिई म त्यसरी फल्न सक्दिन ।”
> “फालिदे भनेको” कडा आवाजमा सेवकले हपाऱ्यो (पृ. ११७) ।

छोटाछोटा सरल वाक्यका साथै थेगो उखानहरूको प्रयोग भएको पाइन्छ । हरुवा गोरुको छेरुवा बानी, पदुवा गोरुको हगुवा बानी (पृ. ४), के खोन्छस कानो आँखो ? (पृ. ३८), म ताक्छु मुडो बञ्चरो ताक्छ घुडो (पृ. ८४), सौताको रिसले पोइको कान काट्नु (पृ. ८८), नाफा खाने चुत्के साउँ पनि फुत्के (पृ. १५०) जस्ता उखानहरूको प्रयोग पाइन्छ । त्यस्तै उपन्यासमा तत्सम, तद्भव, आगन्तुक शब्दका साथै अनुकरणात्मक शब्दहरूको प्रयोग पनि देखिन्छ । ईश्वर, घृणा, प्रतीज्ञा, मित्र, वंश, नृत्य, हृदय, हर्ष, स्नेह, वातावरण जस्ता तत्सम शब्द बाबु, आमा, भाइ, दिदी, गाउँ, आँखा, दूध जस्ता तद्भव शब्द इन्कार, तारिफ, प्लीज, लवज, कार, अस्पताल, क्याम्पस, ट्रक, ट्राफिक, नोकरी जस्ता आगन्तुक शब्द मुसुमुसु, सुँकसुँक, उकुसमुकुस, टुकटुक, कच्याककुचुक, ढ्याम्मै, सुमसुम्याउँदै जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको देखिन्छ । यसरी विभिन्न किसिमका उखान, सूक्ति आदिको अलङ्कारमय भाषा र वर्णनात्मक शैलीका साथै पत्रात्मक शैलीले उपन्यासलाई काव्यात्मक बनाएको छ ।

---

[५६] . ऐजन ।

उपन्यासमा हिन्दी भाषाको प्रयोग पनि गरिएको छ । यसको प्रयोग ट्रक ड्राइभर सरदारले गरेको छ ।

> सरदारले दाह्री सुमसुम्याउँदै भन्यो - "चलो गोरखपुर बैठो, खावो, पिओ, मजाकरो कल सामको फिर वापस चले आओ (पृ. ३१) ।

ठाउँठाउँमा कविता र गीतको प्रयोगले गर्दा उपन्यास अझै रोचक बनेको छ । उपन्यासमा प्रयोग गरिएको गीत यस्तो छ -

> बाँचि दिएँ तिम्रो लागि
> साँचि दिएँ तिम्रै लागि
> केवल आँसुको उपहार पाँए (पृ. १२५) ।

### ४.२.३.८ निष्कर्ष

**आरतीका आँसु** सामाजिक यथार्थवादका साथै मनोवैज्ञानिक यथार्थवादको प्रयोग गरी लेखिएको उपन्यास हो । उपन्यासमा पूर्णबहादुर, आरती, सुशीला, सेवक, प्रकाशजस्ता पात्रहरूले जीवनमा भोग्नु परेको दुःख, पीडा र सङ्घर्षको कथा प्रस्तुत गरिएको छ । निम्नवर्गीय परिवारको जीवन, आमा नहुँदा बालकमा पर्ने मानसिक असर, युवायुवतीबीचको प्रेम, ड्राइभरहरूको कामुक प्रवृति, आफ्नो कामवासना पूरा गरी अलपत्र छोडेर हिड्ने युवाप्रवृति, सामाजिक रुढिवादी अन्धविश्वास जस्ता यथार्थको प्रस्तुति उपन्यासमा गरिएको छ । उपन्यासमा विधुर पूर्णबहादुर श्रीमतीको मृत्यु र छोराछोरीको भविष्यको चिन्ताले विरामी हुनु, मिनीबसले किचेर आमाको मृत्यु भएकाले राजुको मनमा यस कुराले नराम्रो असर पर्नु, आमाको मृत्युपछि आरती आफ्नो पढाइ छोडेर घर समालेर बस्नु, युवासुलभ आकर्षणका कारण आरती र सेवकले एक अर्कालाई प्रेम गर्नु, प्रकाशले आफ्नो कामवासना पूरा गरी सुशीलालाई अलपत्र छोडेर हिड्नु, गर्भवती भएकी सुशीला प्रकाशले धोका दिएपछि आत्महत्या गरेर मर्नु, ड्राइभरको अधुरो कुराले सेवकको मनमा शंका उत्पन्न हुनु जस्ता यथार्थ घटनाको प्रस्तुति पाइन्छ । उपन्यासमा पात्रहरूको आफ्नै मानवीय कमजोरीका कारण उनीहरूले दुःखपूर्ण जीवन जीउनु परेको छ । प्रकाश र आरतीबीचको समयमै खुल्न नसकेको दाजु बहिनीको प्रतिज्ञापूर्ण सम्बन्धले सुशीलाले आत्महत्या गर्न पुगेकी छ भने आरती र सेवकका बीचमा पनि तनाव उत्पन्न भएको छ । उपन्यास सुखान्तमा टुङ्गिए पनि उपन्यासका घटनाहरू दुःखद् वातावरणमा घटित भएका छन् । उपन्यासमा पूर्णबहादुर, राजु, सेवक, प्रकाश, आरती, सुशीला जस्ता सबै वर्ग, क्षेत्र, स्तरका प्रमुख, सहायक, गौण, अनुकूल,

प्रतिकूल, गतिशील, स्थिर, बद्ध, मुक्त, मञ्चीय, नेपथ्य पात्रहरूको उपस्थिति रहेको छ । उपन्यास वागलुङ, तानसेन, बुटवल, पोखरा, भैरहवा हुँदै काठमाडौँसम्मको सेरोफेरामा घुमेको छ । उपन्यासमा रुमानियाको प्रसङ्ग पनि आएको छ । सरल रैखिक ढाँचामा अगाडि बढेको उपन्यासको कथानक सरल रहेको छ । वर्णनात्मक र संवादात्मक शैलीका साथै पत्रात्मक शैलीले गर्दा उपन्यास रोचक बनेको छ । सरल, सहज र पात्रस्तरको भाषाको प्रयोगका साथै ठाउँठाउँमा कविता र गीतको प्रयोगले गर्दा उपन्यास आलङ्कारिक बनेको देखिन्छ ।

### ४.२.४ मनसराको चिहान उपन्यासको विश्लेषण

#### ४.२.४.१ परिचय

**मनसराको चिहान** २०३८ सालमा लेखेर २०४० सालमा प्रकाशनमा आएको उपन्यास हो । युवायुवतीको प्रेम कथा नै यस उपन्यासको मूल विषय रहेको छ । उपन्यास १८ परिच्छेद र १३० पृष्ठमा संरचित छ । यसका पछिल्ला ६ ओटा परिच्छेदहरू चाहिँ कुनै एक कुनै एकभन्दा बढी उपपरिच्छेदहरूमा विभाजित छन् । आयामका दृष्टिले उपन्यासका परिच्छेदहरू एकै किसिमका नभई फरक फरक किसिमका रहेका छन् । परिच्छेद चार तीन पृष्ठमा आबद्ध सबैभन्दा छोटो परिच्छेद हो भने परिच्छेद दस सोह्र पृष्ठमा आबद्ध ठूलो परिच्छेद हो । आयाम विस्तारका दृष्टिले परिच्छेद विभाजनमा सन्तुलन नदेखिए पनि उपन्यासले पूर्ण आख्यानात्मक संरचना प्राप्त गरेको छ ।

#### ४.२.४.२ कथानक

प्रस्तुत उपन्यासको घटनाशृङ्खला धरान घोपा क्याम्पबाट सुरु भएको छ । बागलुङ निवासी नरबहादुर मगर र तेरथुम निवासी चन्द्रबहादुर दुवैजना घोपा क्याम्पमा सँगै काम गर्ने गर्दछन् । त्यसै क्रममा नरबहादुर मगरसँग चन्द्रबहादुरले आफ्नी छोरी साहिँलीको विवाह गरिदिन्छ । साहिँलीले विवाहको दुई वर्षपछि रोगी छोरो जीवनबहादुरलाई जन्म दिन्छे । त्यसको पाँच वर्षपछि बराह क्षेत्रको मेलामा गएका नरबहादुरको डुङ्गा पल्टेर मृत्यु हुन्छ ।

पच्चीस वर्षको उमेरमा जीवनबहादुरको ईश्वरीदेवीसँग विवाह हुन्छ । विवाह भएको दसवर्ष वितिसक्दा पनि सन्तान नजन्मदा आमा र ईश्वरीको सल्लाहमा जीवनबहादुरले शारदासँग दोस्रो विवाह गर्छ । घरमा सौता भित्रेपछि ईश्वरीदेखि सासू र लोग्ने टाढा हुन्छन् । ईश्वरी लोग्ने र सौताको आँखाको कसिंगर हुँदै जान्छे र एकदिन लोग्ने र सौताले उसलाई घरबाट नै निकालिदिन्छन् । त्यसपछि ईश्वरी माइत गएर बस्न बाध्य हुन्छे । लामो

समयसम्म पनि शारदाबाट सन्तान नजन्मदा जीवनबहादुर रक्सी पिउन थाल्छ । एकदिन जीवनबहादुर ईश्वरीलाई लिन ससुराली जान्छ । ईश्वरीलाई लिएर घर फर्कदा जङ्गलमा फालिएको नवजात शिशु अशेषलाई पाएपछि आफ्नो सन्तान नभएकाले उसलाई घरमा ल्याई पाल्छन् ।

ईश्वरीको भाइ दीपक श्रीमतीको मृत्यु भएपछि रक्सी पिउन थाल्छ । ऊ जीवनबहादुरसँगै रक्सी पिउने र दिदीकै घरमा बस्न थाल्छ । त्यस्तैमा एक दिन रक्सीले मातेको बेला दीपक र शारदाका बीचका यौनसम्बन्ध हुन्छ । यो कुरा ईश्वरीले देखेकी हुन्छे तर आफ्नो भाइको बदनाम हुने डरले उनीहरूको पोल खोल्दिन । शारदासँग सम्बन्ध भएको दिदीले थाहा पाएकाले दीपक बिहान कसैलाई नभनी घर छोडेर जान्छ । यसै क्रममा शारदा गर्भवती हुन्छे र छोरी स्नेहलतालाई जन्म दिन्छे ।

अशेषले एस. एल. सी. पास गरेपछि जीवनबहादुरले अशेषको पढाइ बन्द गरिदिन्छ । अशेष आफ्नो पढाइ छुटेपछि स्नेहलतालाई स्कुल पुऱ्याउन र लिन जान थाल्छ । यसरी दाइ बहिनी मिलेको देख्दा आमाबाबु पनि दंग हुन्छन् । स्नेहलता अशेषलाई दाजुका नाताले माया गर्छे भने अशेषचाहिँ स्नेहलतालाई प्रेमिकाका रूपमा हेर्न थाल्छ । स्नेहलता ठूली भएपछि जीवनबहादुरले उसको विवाह दीपकको छोरो हेमन्तसँग गरिदिने प्रस्ताव राख्छ तर दुवै श्रीमतीले उसको प्रस्ताव स्वीकार गर्दैनन् ।

एकदिन ईश्वरी र शारदा पापमोचन गर्न भनी अशेष र स्नेहलतालाई लिएर लुम्बिनी जान्छन् । त्यहाँ उनीहरूको भेट दीपकसँग हुन्छ । दीपकले आफूले गरेको पूर्वगल्तीका लागि उनीहरूसँग माफ माग्छ । लुम्बिनीबाट फर्कदा एउटै बसको टिकट नपाएकाले अशेष र स्नेहलता एउटा बसमा र ईश्वरी, शारदा र दीपक अर्को बसमा चढ्छन् । बाटोमा दीपक आफू भागेर भारत गएको र त्यहाँ रमेशसुन्दर सेठको घरमा काम गर्न बसेको, सेठकी छोरी मालाले प्रेमी नन्दकुमारले धोका दिएपछि आत्महत्या गरेको र मालालाई मारेको झूठो आरोपमा आफू १६ वर्ष जेल परेको सबै घटना सुनाउँछ । उनीहरू बसेको बस त्रिशूलीमा दुर्घटना हुन्छ र तीनैजनाको त्यही दुर्घटनामा परि मृत्यु हुन्छ । श्रीमतीहरूको मृत्युका कारण जीवनबहादुर आहत भई रक्सीमा डुब्न थाल्छ ।

स्नेहलतालाई प्रेम गर्ने अशेष स्नेहलताको बिहे हेमन्तसँग गरिदिने बाबुको कुराको विरोध गर्छ । अशेष आफू पनि जीवनभर अविवाहित रहने र स्नेहलताले पनि विवाह नगरी

बस्नुपर्ने कुरा गर्छ । यही कुरालाई लिएर बाबुछोराका बीचमा मनमुटाव हुन्छ । जीवनबहादुर अशेषलाई दीपकको डायरी र पैसा लिन भरतपुर पठाउँछ र यता मौका छोपि स्नेहलता र हेमन्तको विवाह गरिदिन्छ । अशेष घर पुग्दा स्नेहलताको विदाइ भइसकेको हुन्छ र पनि ऊ स्नेहलतालाई फर्काउन हेमन्तको घर जान्छ । अशेष स्नेहलतालाई आफूले प्रेम गर्ने र उसलाई कसैकी हुन नदिने कुरा भन्छ । अशेषको कुरा सुनी स्नेहलता बेहोस हुन्छे । त्यहीबेला जीवनबहादुर ३/४ जना मान्छे लिएर आउँछ र अशेषको हात बाँधेर घर लगेर थुन्छ । यता स्नेहलताप्रति अशेषको व्यवहारका कारण हेमन्त र स्नेहलताका बीच झगडा हुन्छ । हेमन्तले स्नेहलतालाई मार्न लागेका बेला अशेष आएर उल्टै हेमन्तको हत्या गर्छ र स्नेहलतालाई लिएर भाग्छ । अशेषको फन्दामा परेकी स्नेहलताको बुद्धिमताले गर्दा अशेष पक्राउ पर्छ र उसलाई २० वर्षको कैद सजाय हुन्छ ।

छोरीको जीवन बर्बाद भएपछि जीवनदेखि नै वाक्क भएको जीवनबहादुर फेरि रक्सी पिउन थाल्छ । जीवनबहादुरको आन्द्रामा क्यान्सर हुन्छ र ऊ अस्पतालमा भर्ना हुन्छ । बाबुको उपचार गर्न पैसा नभएकाले स्नेहलता भरतपुर कारागारमा रहेको दीपकको डायरी र पैसा लिन भरतपुर जान्छे । स्नेहलताले दीपकको डायरीबाट हेमन्त आफ्नो दाजु भएको र अशेषलाई वाघधारा जंगलबाट ल्याएर पालेको भन्ने रहस्य थाहा पाउँछे । अञ्जानमै भए पनि अशेषले दाजु बहिनीबीच हुन लागेको असामाजिक सम्बन्धलाई हुन नदिएकोमा स्नेहलताको मनमा अशेषप्रति सहानुभूति जाग्छ । दीपकको चिठी पढेपछि स्नेहलता अशेषलाई भेट्न कारागार जान्छे । स्नेहलता अशेषलाई भट्न गएको कुरा सुनी जीवनबहादुर ऊसँग रिसाउँछ । अशेषलाई काठमाडौं नख्खु कारागारमा लगेपछि स्नेहलता विरामी बाबुलाई छोडेर अशेषलाई भेट्न काठमाडौं नै जान्छे । विरामी अवस्थामा छोरीले पनि छोडेर गएपछि जीवनबहादुर बढी रक्सी खान थाल्छ र उसको मृत्यु हुन्छ ।

काठमाडौं नख्खु जेलमा अशेषको बुढो कैदी पृथीलालसँग भेट हुन्छ । पृथीलालले आफ्नो मनसरासँगको प्रेम कथा र कैलाशलाई मारेकाले जेल परेको कुरा अशेषलाई सुनाउँछ । स्नेहलताले वकिलको सहयोग लिएर अशेषको मुद्दा सर्वोच्च अदालतमा पुऱ्याउँछे र अशेषलाई दस वर्षको मात्र जेल सजाय हुन्छ । जेल सजाय भोग्न दुई वर्ष बाँकी हुँदा राजाको जन्मोत्सवको दिन अशेष र पृथीलाल जेलबाट छुट्छन् । जेलबाट छुटेको अशेषले स्नेहलतासँग बिहे गर्छ । त्यसपछि अशेष, स्नेहलता र पृथीलाल मनसराको खोजीमा धरान जान्छन् । मनसराको दाजुले मनसराको इच्छामुताविक ऊ मरेपछि उसले छोरा फालेको

रमिते जंगलमा उसको चिहान बनाएको कुरा बताउँछ । अशेषले वाघधारा जंगलको बारेमा मनसराको दाजुलाई सोध्छ । रमिते जंगललाई नै वाघधारा जंगल भन्ने गरेको कुरा थाहा पाएपछि पृथीलाल र अशेष बाबु छोरा भएको रहस्य खुल्छ । अन्त्यमा सबैले चिहानको माटोको टीका लगाएर मनसराप्रति श्रद्धा व्यक्त गर्छन् ।

सामाजिक विषयवस्तुमा लेखिएको प्रस्तुत उपन्यास आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । उपन्यासको कथानकको स्रोत सामाजिक यथार्थमूलक रहेको छ । उपन्यासको मूल कथानक जीवनबहादुर, अशेष, स्नेहलता र हेमन्तको जीवनसँग सम्बन्धित रहेको छ । सुरुमा उपन्यासको कथानकको निमार्ण गर्दा घटनाशृङ्खलाको विकास द्रुत गतिमा भएको छ । नरबहादुर मगरको छोरा जीवनबहादुरले जेठी श्रीमती ईश्वरीबाट दसवर्षसम्म पनि सन्तान नजन्मेपछि शारदासँग अर्को बिहे गरेको प्रसङ्गबाट कथानकको आरम्भ भएको छ । जीवनबहादुरले अर्को बिहे गरेपछि सौता सौताका बीचमा भनाभन हुनु, ईश्वरीलाई लोग्ने र सौताले घरबाट निकाली दिनु, ईश्वरी माइती गएर बस्नु, लामो समयसम्म शारदाबाट पनि सन्तान नभएपछि जीवनबहादुर रक्सी पिउन थाल्नु, ससुरालीबाट फर्कदा ईश्वरी र जीवनबहादुरले जंगलमा फालेको अशेषलाई ल्याएर पाल्नु, रक्सीको नसामा दीपक र शारदाका बीच यौनसम्बन्ध हुनु, दिदी भिनाजुको डरले दीपक घर छोडोर जानुसम्मको घटना सङ्घर्षविकासका घटना हुन् । दीपकसँगको सम्बन्धले गर्भवती भएकी शारदाले छोरी स्नेहलतालाई जन्म दिनु, दीपक र शारदाको कुकृत्य थाहा पाए पनि ईश्वरीले कसैलाई नभन्नु, स्नेहलता ठूली भएपछि स्नेहलताको बिहे हेमन्तसँग गरिदिने जीवनबहादुरको प्रस्ताव दुवै श्रीमतीले अस्वीकार गर्नु, लुम्बिनी गएका ईश्वरी र शारदाको भेट दीपकसँग हुनु, घर फर्कदा ईश्वरी, शारदा र दीपकको बस दुर्घटनामा मृत्यु हुनु, स्नेहलताको बिहे हेमन्तसँग गरिदिने जीवनबहादुरको कुराको अशेषले विरोध गर्नु, अशेषलाई दीपकको डायरी र पैसा लिन भरतपुर पठाएर मौका छोपी जीवनबहादुरले स्नेहलता र हेमन्तको बिहे गरिदिनु जस्ता घटना सङ्कटावस्थाका शृङ्खला हुन् । भरतपुरबाट फर्केपछि अशेष स्नेहलताको घर गई उसलाई प्रेम गर्छु भन्नु र दुवैका बीचमा झगडा हुनु, हेमन्तले स्नेहलतालाई मार्न लागेका बेला अशेष आई खुकुरीले हेमन्तलाई मार्नु कथानकको चरम अवस्था हो । हेमन्तलाई मारेको अपराधमा अशेष जेल जानु, स्नेहलताले दीपकको डायरीबाट अशेष र आफू दाजु बहिनी नभएको रहस्य थाहा पाउनु, क्यान्सरका कारण जीवनबहादुरको मृत्यु हुनु, जेलमा अशेषको पृथीलालसँग भेट हुनु, जेल सजाय भोग्न दुई वर्ष बाँकी हुँदा

राजाको जन्मोत्सवका दिन अशेष जेलबाट छुट्नु सङ्घर्षह्रासका घटना हुन् । जेलबाट छुटेपछि अशेष र स्नेहलताले बिहे गर्नु, अशेष, स्नेहला र पृथीलाल मनसराको खोजिमा धरान जानु र अशेषले आफू पृथीलालको छोरा भएको कुरा थाहा पाउनु कथानकको उपसंहार हो । यसरी उपन्यास सुखान्तमा टुङ्गिए पनि यसका घटनाहरू दुःखद वातावरणमा घटेका छन् । उपन्यास रैखिक ढाँचामा अगाडि बढेकाले यसको कथानक सरल रहेको छ ।

उपन्यासको आरम्भबाट नै पाठकमा प्रशस्त कौतूहल जन्मन्छ । दस वर्षसम्म सन्तान नभएपछि अर्को बिहे गरेको जीवनबहादुरको सन्तान होला कि नहोला ? सन्तान नहुँदा रक्सीको लतमा लागेको जीवनबहादुरको अवस्था के होला ? दीपक र शारदाबीचको कुकृत्य देखेकी ईश्वरीले यो कुरा जीवनबहादुरलाई भन्ली कि नभन्ली, जीवनबहादुरले स्नेहलता दीपककी छोरी हो भन्ने कुरा थाहा पाउला कि नपाउला, ईश्वरी, शारदा र दीपकको बस दुर्घटनामा मृत्यु भएपछि हेमन्त र स्नेहलता दाजु बहिनी भएको रहस्य कसरी बाहिर आउला, स्नेहलताले अशेषले आफूलाई प्रेम गर्ने कुरा थाहा पाएपछि के गर्ली ? त्यस्तै अशेषलाई लिएर हेमन्त र स्नेहलताबीच भएको झगडाले कुन रूप लेला, अशेषले हेमन्तलाई मारेपछि के होला, दीपकको डायरीबाट आफू दीपकको छोरी भएको थाहा पाएपछि स्नेहलताले के गर्ली, अशेषले आफू जीवनबहादुरको छोरा होइन भन्ने रहस्य थाहा पाउला कि नपाउला भन्ने जस्ता घटनाहरूले पाठकमा प्रशस्त खुल्दुली उब्जाउँछ । उपन्यास कौतूहलले गर्दा रोचक बनेको छ ।

उपन्यासमा द्वन्द्व पनि प्रशस्त मात्रामा रहेको छ । उपन्यासमा आन्तरिक द्वन्द्व भन्दा बाह्य द्वन्द्व सशक्त रहेको छ । मूलतः बाह्य द्वन्द्व ईश्वरी र शारदाका बीच, स्नेहलता र हेमन्तका बीच, जीवनबहादुर र अशेषका बीच, स्नेहलता र अशेषका बीच, अशेष र हेमन्तका बीच देखिन्छ । सौता सौताका रिसले ईश्वरी र शारदाका बीच सानासाना कुरामा झगडा हुनु "दस दस वर्षसम्म अँगालो हाल्दा पनि अघाएकी छैनस् । तैले फुतुफुतु छोराछोरी पसारेकी भए म तेरो लोग्ने खोस्न आउने थिइन । ऐले मेरो लोग्नेलाई तैले खोस्न पाउन्नस बुझिस (पृ.४) ।" स्नेहलताले अशेषलाई गुच्चा दिई भनेर खेल्ने क्रममा अशेष, स्नेहलता र हेमन्तका बीच झगडा हुनु, स्नेहलताले ढुङ्गाले हेमन्तलाई हान्दा अशेषलाई लागी उसको टाउकोबाट रगत बग्नु, जीवनबहादुरले स्नेहलताको बिहे हेमन्तसँग गरिदिने कुरा गर्दा त्यसको विरोधमा उभिएको अशेष र जीवनबहादुरका बीच भनाभन हुनु, स्नेहलताको बिहे भएकै दिन अशेषले स्नेहलतालाई आफूले प्रेम गर्ने कुरा भन्दा दुवैका बीच भनाभन हुनु,

जीवनबहादुरले ३/४ जना मान्छे लगाएर अशेषको हात बाँधी घरमा थुन्नु, अशेषसँग सल्किएकी भनेर हेमन्तले स्नेहलतालाई गाली गरी पिट्नु र रिसको आवेशमा आएर मार्न खोज्नु र त्यही बेला अशेष आएर खुकुरीले हेमन्तको हत्या गर्नु जस्ता बाह्य द्वन्द्व उपन्यासमा देखिन्छ । श्रीमतीहरूको मृत्यु र ज्वाइँको मृत्युले गर्दा जीवनदेखि नै विरक्त भएको जीवनबहादुरले रक्सी पिउन थाल्छ । स्नेहलताले अशेषप्रति सहानुभूति देखाएपछि जीवनबहादुरको मनमा द्वन्द्व उत्पन्न भएको छ । कहीँ स्नेहलताले अशेष आफ्नो दाजु होइन भन्ने कुरा त थाहा पाइन, कहीँ ईश्वरी र शारदाले त त्यो रहस्य भनेनन् भन्ने शंका उसको मनमा उत्पन्न भएको छ । जेलबाट छुटेपछि तलाई पनि मार्छु भन्ने अशेषको पत्र पढेपछि कहीँ अशेषकै हातबाट त मर्नु पर्ने होइन भनी ऊ मनमा अनेक कुरा खेलाउँछ । त्यस्तै रिसको झोकमा हेमन्तलाई मारेपछि अपराधबोधले अशेषका मनमा द्वन्द्व उत्पन्न भएको छ । द्वन्द्वका दृष्टिले उपन्यास सफल रहेको छ ।

### ४.२.४.३ सहभागी

**मनसराको चिहान** बहुल पात्र भएको उपन्यास हो । यसमा प्रमुख पात्रका रूपमा जीवनबहादुर, अशेष र स्नेहलता रहेका छन् । त्यस्तै हेमन्त, दीपक, पृथीलाल, ईश्वरी, शारदा, मनसरा, माला सहायक पात्रका रूपमा आएका छन् । त्यस्तै गौण पात्रको रूपमा नरबहादुर, चन्द्रबहादुर, ड्राइभर, मधु, धनसिंह, कैलाश, डा.डी प्रकाश, रमेशसुन्दर, नन्दकुमार, रूबी, बुढी, मुन्सी, मुनिम, साहिँली, अनिता, अन्जु, भारती, मेनका, राधा, मनसराकी आमा, भारतीय र नेपाली प्रहरीहरू, सैनिकहरू आदि रहेका छन् ।

लिङ्गका आधारमा उपन्यासमा नरबहादुर, चन्द्रबहादुर, जीवनबहादुर, अशेष, हेमन्त, दीपक, पृथीलाल, कैलाश, ड्राइभर, मधु, धनसिंह, डा. डी प्रकाश, रमेशसुन्दर, नन्दकुमार, मुन्सी, मुनिम, मनसराको दाजु, नेपाली र भारतीय प्रहरीहरू, सैनिकहरू जस्ता पुरुष पात्रहरू रहेका छन् भने साहिँली, ईश्वरी, शारदा, स्नेहलता, मनसरा, अनिता, अन्जु, मेनका, राधा, माला, रूबी, दीपककी श्रीमती, मनसराकी आमा जस्ता स्त्री पात्रहरू रहेका छन् ।

प्रवृतिका आधारमा कैलाश, ड्राइभर, मधु र नन्दकुमार प्रतिकूल पात्र रहेका छन् भने अरू सबै अनुकूल पात्र रहेका छन् ।

स्वभावका आधारमा उपन्यासमा नन्दकुमार बाहेक सबै पात्रहरू स्थिर स्वभावका रहेका छन् ।

जीवनचेतनाका आधारमा अशेष, स्नेहलता, पृथीलाल, मनसरा, ईश्वरी र केही प्रहरीहरू वर्गगत पात्रका रूपमा आएका छन् भने नरबहादुर, चन्द्रबहादुर, जीवनबहादुर, हेमन्त, दीपक, ड्राइभर, मधु, धनसिंह, शारदा, कैलाश, अनिता, अन्जु, मेनका, राधा, माला, रूबी, भारती, डा. डी प्रकाश, मुन्सी, मुनिम, नन्दकुमार व्यक्तिगत पात्रका रूपमा रहेका छन् ।

आसन्नताका आधारमा प्रायः सबै पात्रहरू मञ्चीय पात्रका रूपमा आएका छन् । नरबहादुर, चन्द्रबहादुर, धनसिंह, रमेश सुन्दर, माला, रूबी, नन्दकुमार, मुन्सी, मुनिम नेपथ्य पात्र हुन् भने अरू सबै मञ्चीय पात्र हुन् ।

आबद्धताका आधारमा जीवनबहादुर, अशेष, दीपक, हेमन्त, पृथीलाल, कैलाश, रमेश सुन्दर, नन्दकुमार, मुन्सी, ईश्वरी, शारदा, स्नेहलता, मनसरा, माला बद्ध पात्र हुन् भने अन्य सबै पात्रहरू मुक्त हुन् । यी सबै पात्रहरूलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

| क्र. सं. | आधार | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पु. | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकुल | गतिशील | स्थिर | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | जीवनबहादुर | + | - | + | - | - | + | - | - | + | - | + | - | + | + | - |
| २ | अशेष | + | - | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| ३ | स्नेहलता | - | + | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| ४ | ईश्वरीदेवी | - | + | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| ५ | शारदा | - | + | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| ६ | दीपक | + | - | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| ७ | हेमन्त | + | - | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| ८ | माला | - | + | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| ९ | पृथीलाल | + | - | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| १० | मनसरा | - | + | - | + | - | + | - | - | + | + | - | - | + | + | - |
| ११ | कैलाश | + | - | - | - | + | - | + | - | + | - | + | - | + | + | - |
| १२ | चन्द्रबहादुर | + | - | - | - | + | + | - | - | + | - | + | + | - | - | + |
| १३ | नरबहादुर | + | - | - | - | + | + | - | - | + | - | + | + | - | - | + |
| १४ | साहिँली | - | + | - | - | + | + | - | - | + | - | + | + | - | - | + |
| १५ | रमेश सुन्दर | + | - | - | - | + | + | - | - | + | - | + | - | + | + | - |
| १६ | नन्दकुमार | + | - | - | - | + | - | + | + | - | - | + | - | + | - | + |

उपर्युक्त आधारमा यहाँ प्रमुख पात्रहरूको चरित्रचित्रण गरिएको छ ।

१. **जीवनबहादुर**

जीवनबहादुरको उपस्थिति उपन्यासको सुरुदेखि अन्त्यसम्म रहेकाले ऊ उपन्यासको प्रमुख पात्र हो । उसैको केन्द्रीयतामा सम्पूर्ण उपन्यासको कथानक घुमेको छ । जीवनबहादुर नरबहादुर मगरको छोरा हो । ऊ सानै छँदा नरबहादुर मगरको बराह क्षेत्रमा डुङ्गा पल्टेर मृत्यु भएपछि उसकी आमाले उसलाई एक्लैले हुर्काएकी छ । जन्मदै दीर्घ रोगी भएकाले सन्तान नभएको भन्ने कुरा थाहा नहुँदा ऊ शारदासँग दोस्रो बिहे गर्छ । सन्तानका लागि शारदासँग बिहे गरे पनि उसबाट पनि सन्तान नभएपछि निराश भएको ऊ रक्सी पिउन थाल्छ । शारदाको कुरामा आएर ईश्वरीलाई घरबाट निकाल्ने ऊ स्वार्थी पात्र हो । शारदाले एउटा छोरा दिन नसक्ने नपुंसक लोग्ने भनेर वचन लगाएपछि ऊ ईश्वरीलाई सम्झेर उसलाई लिन ससुराली जान्छ । आफ्नो पूर्व गल्तीका लागि ईश्वरीसँग माफी माग्ने आफ्नो गल्तीलाई स्वीकार गर्ने पात्रका रूपमा देखिएको छ । ससुरालीबाट फर्कदा जंगलमा फालेको नवजात शिशु अशेषलाई पाउँछ र आफ्नो सन्तान नभएकाले घरमा ल्याएर पाल्छ । दीपक र शारदाबीचको सम्बन्ध थाहा नभएकाले जीवनबहादुर शारदाले छोरी जन्माउँदा खुसी हुन्छ । उपन्यासमा उसले आफ्नै श्रीमतीहरूबाट धोका पाएको छ । ऊ उपन्यासमा दुःखी पात्रको रूपमा चित्रित छ । हेमन्त र स्नेहलता दाजु बहिनी हुन् भन्ने कुरा थाहा नहुँदा ऊ स्नेहलताको विवाह हेमन्तसँग गरिदिने कुरा गर्छ । ईश्वरी, शारदा र दीपकको बस दुर्घटनामा मृत्यु भएपछि दुःखी भएको जीवनबहादुर आफ्नो पूर्व निर्णय बमोजिम हेमन्त र स्नेहलताको विवाह गरिदिन्छ । स्नेहलताको विवाहको विरुद्धमा उभिएको अशेषले हेमन्तको हत्या गरेपछि जीवनबहादुरमा दुःखको पहाड नै खसेको छ । पहिले श्रीमतीको मृत्युले दुःखी भएको ऊ कलिलै उमेरमा छोरी विधवा भएको देख्दा जीवनदेखि नै विरक्त भएर रक्सी पिउन थाल्छ । त्यसमाथि जेलबाट छुटेपछि तँलाई पनि हेमन्तलाईझैँ मार्छु भन्ने अशेषले पठाएको पत्र पढेपछि जीवनबहादुर डराउनुका साथै दुःखी हुन्छ । ऊ दुःखमाथि दुःख थपिदा आफ्नो विगतलाई सम्झेर अझ बढी रक्सी खान थाल्छ । रक्सीकै कारण उसलाई क्यान्सर रोग लाग्छ र ऊ अस्पतालमा भर्ना हुन्छ । अस्पतालमा पनि ऊ चन्द्रे पिउनद्वारा रक्सी मगाएर लुकाइ लुकाइ खान्छ । अन्त्यमा स्नेहलताले पनि विरामी अवस्थामा छोडेर गएपछि एक्लो भएको जीवनबहादुर रक्सी पिएर बेवारिसे अवस्थामा मरेको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म दुःखपूर्ण जीवन बाच्न विवश जीवनबहादुर दुःखी पात्र हो । उसको दुःखले उपन्यासमा कारुणिकताको सञ्चार भएको छ ।

शारदाको बहकाउमा आएर ईश्वरीलाई हेला गरी घरबाट निकाले पनि पछि आफ्नो गल्ती स्वीकार गरी दुवैलाई मिलाएर राख्ने, आफ्नो जिम्मेवारी वहन गर्ने ऊ उपन्यासको अनुकूल पात्र हो । आफ्नै व्यक्तिगत स्वभाव भएको ऊ व्यक्तिगत पात्र हो । समयमै यथार्थ कुराको जानकारी नहुँदा दुःखपूर्ण जीवन बाच्न पुगेको ऊ उपन्यासको दुःखी पात्रको रूपमा चित्रित छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म जीवनबहादुरकै केन्द्रीयतामा सम्पूर्ण उपन्यासको कथानक अडिएको हुँदा ऊ उपन्यासको बद्ध र मञ्चीय पात्र हो ।

**२. अशेष**

अशेष उपन्यासको अर्को प्रमुख पुरुष पात्र हो । पृथीलाल र मनसराको अवैध सन्तान भएकाले अशेषलाई उसकी आमाले जन्मँदै जंगलमा फल्न बाध्य भएकी छ । उसलाई ईश्वरी र जीवनबहादुरले जंगलबाट ल्याएर पालेका छन् । ऊ आफ्नो विगतदेखि अनविज्ञ छ । ईश्वरी र जीवनबहादुरको घरमा उसको छोराको रूपमा हुर्किएको पात्र हो । आफ्नी बहिनी स्नेहलतालाई प्रेमिकाको रूपमा हेर्ने ऊ असामान्य पात्र हो । अशेष वासना पूर्तिका लागि स्नेहलताको नजिक हुन खोज्छ र उसलाई माया गर्छ । ऊ एकछिन पनि स्नेहलतादेखि टाढा हुन चाहँदैन । एक्लै भएको मौका छोपी आफ्नो तृष्णालाई नियन्त्रण गर्न नसकी ऊ स्नेहलताको ओठमा चुम्बन गर्छ र उसलाई पनि गर्न लगाउँछ । त्यस्तै ऊ स्नेहलताको विवाह हेमन्तसँग गरिदिने बाबुको निर्णयको विरोध गरी बाबुसँग झगडा गर्छ । ऊ आफू पनि जीवनभरी विवाह नगर्ने र स्नेशलताले पनि विवाह नगरी बस्नुपर्ने कुरा गर्छ । ऊ समाजले स्नेहलता र आफ्नो विवाह नस्वीकार्ने भएकाले स्नेहलतासँग विवाह नगरे पनि स्नेहलताले अरूसँग बिहे नगरी घरमै आफू नजिकै बसोस भन्ने चाहन्छ । स्नेहलता आफ्नी बहिनी होइन भन्ने यथार्थदेखि अनविज्ञ ऊ बहिनीप्रति आफ्नो मनमा वासनात्मक भावना उत्पन्न भएकाले आफूले पाप गरिरहेको ठान्छ । स्नेहलताको बिहे हेमन्तसँग भएको कुरा सुनेर रिसले आगो भएको अशेष आवेशमा आएर हेमन्तको हत्या गर्छ र स्नेहलतालाई भगाएर लैजान्छ । हेमन्तको हत्या गरेपछि उसको लासको वीभत्स दृष्य उसको आँखा अगाडि आइरन्छ र ऊ विजुली चम्कदा पनि डराउँछ । मानवीय दुर्बलताको सिकार भएको अशेष आवेशमा आएर अपराधी भएको छ । हेमन्तको हत्या गरेको अपराधमा उसले बीस वर्षको जेल सजाय भोग्नु परेको छ । अन्त्यमा आफू र स्नेहलता दाजु बहिनी नभएको रहस्य थाहा पाएपछि स्नेहलतासँग विवाह गरी आफ्नी आमाको खोजीमा आमाको चिहानसम्म पुगेको छ ।

परिस्थितिवश रिसको झोकमा आएर हेमन्तको हत्या गर्न पुगे पनि आफूले गरेको अपराधमा पछुताउने अशेष उपन्यासको अनुकूल पात्र हो । निम्नवर्गीय जीवनको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । आवेशमा आएर हेमन्तको हत्या गरी जेल जीवन भोग्न पुगेको मानवीय कमजोरी भएको यथार्थ पात्र हो । स्वभावका आधारमा उपन्यासमा उसको स्वभावमा परिवर्तन नभएकाले ऊ स्थिर पात्र हो । उपन्यासको प्रायः परिच्छेदहरूमा देखा पर्ने ऊ बद्ध र मञ्चीय पात्र हो ।

**३. स्नेहलता**

स्नेहलता यस उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ दीपक र शारदाको अवैध सन्तानको रूपमा आएकी छ । तर ऊ आफ्नो जन्मको यथार्थ थाहा नहुँदा जीवनबहादुरकै सन्तानको रूपमा हुर्किएकी छ । सोझी, सरल स्वभावकी ऊ रूपमा पनि सुन्दर छे । स्नेहलता दाजु अशेषको आफूप्रतिको वासनात्मक आशक्ति चरम सीमा पुगिसक्दा पनि उसको व्यवहारलाई बहिनीप्रतिको माया ठान्ने सोझी पात्र हो । आफूले दाजु मानेको व्यक्तिले आफूलाई प्रेमिकाका रूपमा हेरेको थाहा पाउँदा स्नेहलता मर्माहित हुन्छे । अशेषको कामुक भावनाका कारण उसको वैवाहिक जीवनमा तनाव उत्पन्न भएको छ । अशेषको एकतर्फी प्रेमले गर्दा हेमन्तले स्नेहलताको चरित्रमाथि शंका गरेको छ । स्नेहलता आफू निर्दोष भएको कुरा प्रमाणित गर्न नसकेर हेमन्तको अगाडि दोषी बन्न पुगेकी छ । हेमन्तले कुटपिट गर्दा पनि प्रतिकार नगरेर रोएर बस्ने ऊ नेपाली नारीको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । अशेषले भगाएर लगेपछि आफ्नो बुद्धिमताले उसलाई पक्राउन सफल भएकी छ । अशेषले आफ्नो पतिको हत्या गरी आफूप्रति नराम्रो व्यवहार गर्दा पनि लेखान्त नै यस्तै रहेछ भनी अशेषलाई आत्मियताले सम्झाउने, दाजुको नाताले बेलाबेला भेट्न आउँछु भन्ने स्नेहलता कोमल हृदयकी पात्र हो । अशेषको निन्दनीय व्यवहारलाई पनि क्षमा गर्नु स्नेहलताको आदर्श हो । बाबुको औषधि उपचारका लागि पैसा नहुँदा स्नेहलता दीपकको डायरी र पैसा लिन भरतपुर जान्छे । दीपकको डायरीबाट ऊ वर्षौं पहिलेको यथार्थ कुरा थाहा पाउँछे । हेमन्त र आफू दाजु बहिनी भएको कुरा थाहा पाएपछि अशेषले अन्जानमै भए पनि दाजु बहिनीको सम्बन्ध हुन नदिएकोमा स्नेहलताको मनमा अशेषप्रति सहानुभूति जाग्छ । पहिले अशेषको प्रेमलाई तिरस्कार गरेकी ऊ अशेष आफ्नो दाजु होइन भन्ने थाहा पाएपछि अशेषसँग दाम्पत्य सम्बन्ध राख्नु अपराध ठान्दिन र अशेषलाई प्रेम गर्न थाल्छे । बाबुको इच्छा विरुद्ध ऊ खानेकुरा लिएर अशेषलाई भेट्न कारागार जान्छे । पहिले बाबुको शल्यक्रियाका लागि पैसा

खोज्न मरिमेटेकी स्नेहलता जीवनबहादुर आफ्नो बाबु होइन भन्ने कुरा थाहा पाएपछि शल्यक्रिया नगर्ने निर्णय गर्ने स्वार्थी प्रवृतिकी पात्र हो । स्वार्थले गर्दा नै ऊ जीवनबहादुरलाई विरामी अवस्थामा एक्लो छोडेर अशेषलाई भेट्न काठमाडौं जान्छे । अशेषको मुद्दा सर्वोच्चमा पुऱ्याई उसको सजाय कम गराउँछे । काठमाडौंमा जीवन धान्नको लागि परिचारिकाको काम गर्छे । अशेषलाई पर्खेर बसेकी स्नेहलता अशेष जेलबाट छुटेपछि ऊसँग बिहे गर्छे ।

स्नेहलता उपन्यासमा शिक्षित निम्नवर्गीय नारी जीवनको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । नारीमा हुने स्वभाविक गुण भएकी, आफ्नो स्वार्थको लागि विरामी जीवनबहादुरलाई एक्लै छोडेर हिड्ने यथार्थ पात्र हो । अशेषले आफूमाथि नराम्रो व्यवहार गरे पनि ऊप्रति रिस र बदलाको भावना नराख्ने, अरूको कुभलो नचिताउले अनुकूल पात्र हो । उपन्यासमा उसको स्वभावमा परिवर्तन नभएकाले ऊ स्थिर पात्र हो । जीवनमा दुःखपूर्ण घटनाहरूको सामाना गर्नु परे पनि उपन्यासको अन्त्यमा अशेषसँग सुखपूर्ण जीवन जिउन सफल भएकी पात्र हो । उपन्यासको कथानकलाई पूर्णता दिन आउने बद्ध र मञ्चीय पात्र हो ।

उपर्युक्त प्रमुख पात्रका साथै उपन्यासमा आआफ्नै विशेषता बेकेका अन्य सहायक र गौण पात्रहरूको उपस्थिति पनि रहेको छ । उपन्यासमा हेमन्त, ईश्वरीदेवी, शारदा, दीपक, पृथीलाल, मनसरा र माला सहायक पात्रका रूपमा देखापरेका छन् । हेमन्त दीपकको छोराको रूपमा देखापरेको छ । स्नेहलतालाई अशेषसँग सल्किएकी भनेर उसँग झगडा गर्ने पिट्ने, आवेशमा आएर उसलाई मार्न खोज्ने मानवीय कमजोरी भएको पात्र हो । स्नेहलताको कुरामा विश्वास नगर्ने ऊ अन्त्यमा अशेषको हातबाट मर्न पुगेको छ । जीवनबहादुरकी जेठी श्रीमती ईश्वरी सन्तान नहुँदाको पीडाले पिरोलिएकी पात्र हो । जंगलमा पाएको अशेषलाई ल्याएर छोरा बनाई पाल्ने ऊ अरूको नराम्रो नचिताउने अनुकूल पात्र हो । शारदा आफ्नो पतिबाट सन्तान नजन्मेपछि दीपकसँग अनैतिक सम्बन्ध राखेर पनि आफ्नो सन्तान प्राप्तिको चाहनालाई पूरा गर्ने अस्तित्ववादी पात्र हो । अशेषको बाबु पृथीलाल परिस्थितिवश रिसको झोकमा कैलाशको हत्या गरी जेल परेको छ । मनसरालाई प्रेम गर्ने पृथीलाल कैलासलाई मारेपछि विदेश गई त्यही विवाह गरी १३ वर्षपछि घर सम्झेर नेपाल फर्किएको छ । अशेषकी आमा मनसरा विवाह पूर्वनै जन्मेको छोरालाई नचाहँदा नचाहँदै समाजका डरले जंगलमा फाल्न बाध्य भएकी नारी पात्र हो । दीपक रक्सीको

नसामा दिदीकी सौता शारदासँग सल्किएको छ र दिदीका डरले भागेर भारत गएको छ । लखनउमा रमेशसुन्दरको घरमा काम गर्न बसेको दीपक परिवन्धमा परी १६ वर्ष लखनउ जेलमा परेको अनुकूल पात्र हो । रमेशसुन्दरकी छोरी माला नन्दकुमारले प्रेममा धोका दिएपछि नदीमा हामफालेर मरेकी छ । त्यस्तै उपन्यासमा चन्द्रबहादुर, नरबहादुर, साहिँली, नन्दे, ड्राइभर, मधु, रूबी, रमेश सुन्दर, कैलाश जस्ता गौण पात्र रहेका छन् । चन्द्रबहादुर धरान घोपा अस्पतालमा काम गर्ने साहिँलीको बाबुका रूपमा उपन्यासमा आएको छ । जीवनबहादुरको बाबु नरबहादुर बराह क्षेत्रको मेलामा डुङ्गा पल्टेर मरेको उपन्यासको अनुकूल पात्र हो । साहिँली जीवनबहादुरकी आमाका रूपमा आएकी छ । रमेशसुन्दर दीपकलाई आफ्नो घरमा काम दिने सहयोगी पात्र हो । नन्दकुमार मालालाई गर्भवती बनाएर उसलाई धोका दिने प्रतिकूल पात्र हो । रूबी मालाकी बहिनीका रूपमा उपन्यासमा आएकी छ । अस्पतालको पिउनको भूमिकामा देखिएको चन्द्रे जीबनबहादुरको आग्रहमा लुकीलुकी उसका लागि रक्सी ल्याउने पात्र हो । ट्याक्सी ड्राइभर र मधु स्नेहलतालाई नख्खु भनी अन्तै लैजाने दुष्ट प्रवृतिका प्रतिकूल पात्र हुन् । मनसराको मामाको छोरा कैलाश मनसराको घरमा आगो लगाउने प्रतिकूल पात्र हो । त्यस्तै उपन्यासमा डा. डी. प्रकाश, बूढा, मुन्सी, मुनिम, मेनका, राधा, धनसिंह, मनसराकी आमा, मनसराको दाजु, अनिता, अन्जु, भारतीय तथा नेपाली प्रहरीहरू, सैनिकहरू जस्ता गौण पात्रहरूको उपस्थिति पनि उपन्यासमा देखिन्छ ।

### ४.२.४.४ परिवेश

**मनसराको चिहान** उपन्यासको मुख्य घटना स्थल कोशी अञ्चलको धरान क्षेत्र रहेको छ । उपन्यासमा धरान वागलुङ, बुटवल, भैरहवा, पाल्पा, लुम्बिनी, भरतपुर, मुगलिन, त्रिशूली, तेरथुम, धनकुटा, काठमाडौँ, कीर्तिपुरसम्मको परिवेश प्रत्यक्ष परिवेशको रूपमा आएको छ भने भारतको लखनउ अप्रत्यक्ष परिवेशको रूपमा आएको छ । त्यस्तै उपन्यासमा विराटनगर जेल, नख्खु जेलको प्रसङ्ग पनि रहेको छ । उपन्यासमा प्रस्तुत गरिएका चिठीहरूमा उल्लिखित समयका आधारलाई हेर्दा उपन्यासमा घटित घटनाहरूको समय २०२० सालदेखि २०४० सालसम्मको रहेको देखिन्छ ।

उपन्यासमा निम्नवर्गीय नेपालीहरूले पाउने दुःख, कष्ट, छलकपट, सन्तान प्राप्तिको चाहना, शारीरिक तथा आत्मिक प्रेम, भारतमा नेपाली कामदारहरूले भोग्नु परेको दुःख पीडालाई यथार्थ रूपमा चित्रण गरिएको छ । उपन्यासको घटनाहरू दुःखद् वातावरणमा

घटित भएका छन् । जीवनबहादुर जन्मँदै रोगी हुनु, सन्तानका लागि दोस्रो विवाह गर्नु, उसकै कारणले सन्तान नहुँदा स्वास्नी सन्तानका लागि परपुरुषसँग सल्किनु, दुवै श्रीमतीको बस दुर्घटनामा मृत्यु हुनु, अन्त्यमा जीवनदेखिनै वाक्क भएको जीवनबहादुर रक्सी पिएर बेवारिसे अवस्थामा मर्नु जस्ता घटनाहरू दुःखद वातावरणमा घटित भएका छन् । त्यस्तै आवशेमा आएर अशेषले हेमन्तलाई मार्नु, पृथीलाल कैलाशलाई मारी जेल पर्नु, मनसराले जन्मँदैको सन्तानलाई समाजका डरले जंगलमा फाल्नु जस्ता घटनाले उपन्यासमा दुःखपूर्ण वातावरणको सिर्जना गरेको छ । पात्रहरूको मानवीय कमजोरीका कारण उपन्यासमा दुःखद वातावरणको सिर्जना भएको छ । त्यस्तै भारतमा दीपकले विनाकसुर भोग्नु परेको जेल जीवनले भारतमा नेपाली कामदारहरूले पाउने गरेको दुःखलाई चित्रण गरेको छ । त्यस्तै मगर जातिको फुपू मामाका छोराछोरीको बिहे गर्ने जातीय संस्कारको चित्रण पनि यसमा गरिएको छ ।

### ४.२.४.५ उद्देश्य

यस उपन्यासको मुख्य उद्देश्य सामाजिक यथार्थको चित्रण गर्नु रहेको छ । नारीको कारुणिक अवस्था, बहुविवाह, त्यसबाट उत्पन्न समस्या, सन्तान प्राप्तिको चाहना, राष्ट्रप्रेमको भावना, नेपाली कामदारले विदेशमा भोग्नुपरेको दुःख जातीय संस्कार जस्ता कुरा देखाउनु उपन्यासको उद्देश्य रहेको छ । उपन्यासमा सन्तानका लागि जीवनबहादुरले अर्को बिहे गरेको छ । सौतासौताबीचको झगडाले परिवारमा अशान्ति हुने, पारिवारिक जीवन नै लथालिङ्ग हुन्छ भने कुरा उपन्यासले देखाउन खोजेको छ । जीवनबहादुरबाट सन्तान नभएपछि शारदा सन्तानका लागि दीपकसँग सल्किएकी छ भने ईश्वरीले जंगलमा पाएको अशेषलाई ल्याएर पालेकी छ । त्यस्तै नचाहँदा नचाहँदै समाजका डरले जन्मँदैको सन्तानलाई जंगलमा फाल्न बाध्य भएकी नारीको कारूणिक अवस्थालाई उपन्यासले देखाएको छ । दाजु मानेर सम्मान गरिएका व्यक्तिले कामवासनायुक्त दृष्टिले हेर्दा गरिने बचाउका उपाय, आवशेमा आएर गरिएका कामले निम्त्याउने दुर्घटना जस्ता सामाजिक यथार्थको उद्घाटन गर्नु उपन्यासको उद्देश्य रहेको छ ।

उपन्यासमा दीपकले भारतमा पाएको दुःख कष्ट र विनाकसुर भोग्नुपरेको जेल सजायले विदेशमा नेपाली कामदारले भोग्नु परेको दुःखलाई देखाउनु पनि उपन्यासको उद्देश्य रहेको छ । त्यस्तै दीपकले देश छोडेर भारत जाँदा नेपाली माटोको टीका लगाउनु, माटोको एक डल्लो यज्ञको विगुत सम्झेर साथै लैजानु र विदेशको उदासीपनले सताउँदा त्यही

माटोको टीका लगाएर मनलाई शान्त पार्नुले देशप्रतिको प्रेमलाई देखाउनु पनि उपन्यासको उद्देश्य रहेको देखिन्छ । यस उपन्यासको मुख्य उद्देश्य अन्तर्जातिय विवाहका माध्यमबाट एकताको प्रदर्शन गर्नु तथा प्रेमको महत्ता दर्साउनु रहेको छ ।[५७] उपन्यासमा पूर्वी नेपालका लिम्बु र पश्चिम नेपालका मगरहरूको बीचमा वैवाहिक सम्बन्ध स्थापित गराएर पूर्व र पश्चिमको मिलन गराउने, जातीय र राष्ट्रिय एकता कायम गर्ने उद्देश्य पनि लिएको देखिन्छ ।

यसरी नारी सुलभ कोमलता, पश्चाताप, जातीय संस्कार र संस्कृति, शारीरिक तथा आत्मिक प्रेम, विदेशमा नेपाली कामदारले पाउने दुःख, देशप्रेम, जातिप्रेम, नारीप्रति सद्भाव र सहानुभूति, बाध्यता र विवशता, प्रेम, मिलन, विछोड, नारीको कारुणिक अवस्था देखाउनु यस उपन्यासको उद्देश्य रहेको छ । मान्छे प्रेमका लागि जे-जस्तो काम पनि गर्न सक्छ भन्ने देखाउनु पनि यसको उद्देश्य रहेको छ । त्यस्तै सामाजिक बन्धन र कुप्रथाहरूलाई देखाउनु पनि उपन्यासको उद्देश्य रहेको छ ।

### ४.२.४.६ दृष्टिबिन्दु

प्रस्तुत उपन्यास तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुमा संरचित छ । उपन्यासको केन्द्रबिन्दुमा जीवनबहादुर, अशेष, हेमन्त र स्नेहलता रहेका छन् । उपन्यासका सबै पात्रहरू तृतीय पुरुषका रूपमा उपस्थित भएका छन् । उपन्यासकारले आफ्ना विचारहरू पात्रहरूका माध्यमबाट अघि सारेका छन् । उपन्यास भन्दा बाहिरै बसेर उपन्यासका सबै घटना परिवेशको वर्णन कथयिताले गरेकाले उपन्यासमा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दु प्रयोग गरिएको छ ।

यस उपन्यासमा जीवनबहादुरले सन्तानका लागि दोस्रो विवाह गर्नु, शारदाले सन्तानका लागि दीपकसँग अनैतिक सम्बन्ध राख्नु, ईश्वरीले जंगलमा फेलापरेको अशेषलाई ल्याएर पाल्नुबाट मानिसमा हुने सन्तान प्राप्तिको चाहनालाई देखाएको छ । त्यस्तै सामाजिक बन्धनले गर्दा नारीले भोग्नु परेको दुःख, जातीय संस्कार, देशप्रेम, पुलिस र ड्राइभरहरूको चरित्रलाई यथार्थ रूपमा उपन्यासकारले प्रस्तुत गरेका छन् ।

### ३.३.७ भाषाशैलीय विन्यास

**मनसराको चिहान** उपन्यासमा पात्रानुकूल सरल सहज र स्वाभाविक भाषिक विन्यास पाइन्छ । ठाउँ-ठाउँमा पूर्वेली भाषिकाको प्रयोग पनि पाइन्छ । मूलतः सरल भाषाकै

---

[५७]. ऐजन, पृ. १९८ ।

प्रयोग भए पनि कतिपय ठाउँमा आलङ्कारिक भाषाको प्रयोगले उपन्यास रोचक बनेको छ । उपन्यासमा हिन्दी भाषाको प्रयोग पनि गरिएको छ । दीपकले आफूले भारतमा भोगेका घटनाहरू सुनाउँदा पात्रअनुसारको हिन्दी भाषाको प्रयोग गरिएको छ । उपन्यासमा ठाउँ-ठाउँमा गीतको समेत प्रयोग पाइन्छ । यस उपन्यासमा सरल शब्दबाट निर्मित छोटा वाक्य विभिन्न उखानयुक्त भाषा तथा वर्णनात्मक एवम् संवादात्मक शैलीको प्रयोग गरिएको छ ।[५८] ईश्वरी र जीवनबहादुर बीचको संवाद यस्तो रहेको छ :

> ईश्वरीले जवाफ दिइन् - "हेमन्त र स्नेहलताको बिहे मलाई जहाँसम्म लाग्छ हुन सक्तैन । यो कुरा मलाई भन्दा शारदालाई सोध्नुपर्छ ।"
> "शारदाको के विचार होला ?" जीवनले सोधे ।
> "मलाई लाग्छ उसले पनि स्वीकार गर्ने छैन् ।"
> "उसलाई मनाउने मेरो भारा भयो । स्वीकार गराउने साँचो म सँग छ ।" जीवनले भने । (पृ. २५)

छोटाछोटा सरल वाक्य, संवाद र प्रसङ्गानुसार उखानहरूको प्रशस्त प्रयोग भएको पाइन्छ । दुई स्वास्नीको पोइ कुना पसी रोई (पृ. २१), बाँदरले आफ्नो घर पनि बनाउँदै, अर्कोलाई पनि बनाउन दिँदैन (पृ. १४), बाखा बाखासँग भेडा भेडासँग (पृ. १५), सौताको रिसले आफ्नै पोइको नाक काट्ने (पृ. २२), अगुल्टोले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ (पृ. ११५) जस्ता उखानहरूको प्रयोग पाइन्छ । त्यस्तै उपन्यासमा तत्सम, तद्भव, आगन्तुक शब्दका साथै अनुकरणात्मक शब्दहरूको प्रयोग पनि देखिन्छ । हर्ष, हृदय, श्रद्धा, दम्पती, मृत्यु, क्रोध, गति, दृश्य जस्ता तत्सम शब्द आफू, बाबु, आमा, भाइ, गाउँ, दूध, आँखा, पानी जस्ता तद्भव शब्द आदत, निगरानी, नोकरी, इज्जत, अस्पताल, क्याम्पस, नर्स, डाक्टर, गरिब, अदालत जस्ता आगन्तुक शब्द झ्याँइझ्याँइ, फतफताउनु, टुप्लुकै, ढुकढुक, स्वाँस्वाँ, सुक्कसुक्क, फुतुफुतु, टुप्लुकै जस्ता अनुकराणात्मक शब्दको प्रयोग भएको देखिन्छ । त्यस्तै ठाउँठाउँमा गालीगलौचका शब्दहरूको पनि प्रयोग पनि गरिएको छ । यसरी यस उपन्यासमा तत्सम, तद्भव र आगन्तुक शब्दका साथै विभिन्न किसिमका उखान सूक्ति आदिको अलङ्कारमय भाषा र वर्णनात्मक शैलीका साथै पत्रात्मक शैलीले उपन्यासलाई काव्यात्मक बनाएको छ । त्यस्तै उपन्यासमा प्रयोग भएका गीतहरूले उपन्यास रोचक बनेको छ । उपन्यासमा प्रयोग भएको गीतको अंश यस्तो रहेको छ -

---

[५८]. ऐजन, पृ. १९८ ।

“बादलको संसार आकाश भए पनि

मायाको संसार त मुटु नै हुन्छ

वास्तविकता जस्तै जटिल भए पनि मन परेका अनुहारमा मोहनी हुन्छ” (पृ. ३१) ।

### ४.२.४.८ निष्कर्ष

**मनसराको चिहान** सामाजिक विषयवस्तुमा लेखिएको यथार्थवादी उपन्यास हो । निम्नवर्गीय पात्रहरूको चयन गरी उनीहरूले जीवनमा गर्नुपरेको सङ्घर्ष, दुःख, पीडाको कथा उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यास पूर्वी नेपालको धरानको सेरोफेरोमा घुमेको छ । जीवनबहादुरले सन्तानका लागि दोस्रो बिहे गर्नु, कान्छी श्रीमतीबाट पनि सन्तान नभएपछि निराश भएर रक्सी पिउन थाल्नु सन्तानका लागि शारदाले दीपकसँग अनैतिक सम्बन्ध राख्नु, सन्तानकी प्यासी ईश्वरीले जंगलमा पाएको अशेषलाई ल्याएर पाल्नु, रिसको झोकमा आएर अशेषले हेमन्तलाई मारी जेल पर्नु, विवाह पूर्वनै छोरा जन्मेपछि समाजका डरले मनसराले जन्मँदैको छोरालाई जंगलमा फाल्न बाध्य हुनु जस्ता यथार्थ घटनाहरूको प्रस्तुति उपन्यासमा गरिएको छ । उपन्यासमा प्रायः सबैजसो अनुकूल पात्र रहेका छन् । अशेष र पृथीलाल परिस्थितिवश रिसको झोकमा हत्यारा बन्न पुगे पनि तिनीहरू स्वयम्मा खराब छैनन् । समाजका डरले मनसराले जन्मँदैको छोरालाई जंगलमा फाल्न बाध्य भएकी छ । दीपक रक्सीको नशामा शारदासँग सल्किएको छ । उपन्यासमा समयमा यथार्थबोध नभएकाले पात्रहरूको जीवन कारुणिक बन्न पुगेको छ । हेमन्त र स्नेहलता दाजु बहिनी हुन भन्ने थाहा नहुँदा जीवनबहादुरले उनीहरूको विवाह गरिदिनु, स्नेहलतालाई प्रेम गर्ने अशेषले आवेशमा आएर हेमन्तलाई मार्नु जस्ता दुःखद घटनाहरू उपन्यासमा घटेका छन् । परिस्थितिवश उपन्यासका पात्रहरूको जीवन दुःखद र पीडादायी बनेको छ । ईश्वरी, शारदा र दीपकको बस दुर्घटनामा मृत्यु भएपछि हेमन्त र स्नेहलता दाजु बहिनी हुन भन्ने रहश्य उनीहरूसँगै समाप्त भएपछि दीपकले यथार्थ उल्लेख गरेको डायरी पनि धेरै पछि मात्र फेला परेको छ । उपन्यास सुखान्तमा टुङ्गिए पनि उपान्यासका पात्र सबै घटनाहरू दुःखद वातावरणमा घटित भएका छन् । उपन्यासको अन्त्यमा अशेष, स्नेहतला र बाबु पृथीलालको मिलनमा पनि सुखानुभूति गर्न नसकिने स्थिति रहेको छ । हेमन्त, दीपक, ईश्वरी, शारदा, पृथीलाल, मनसरा, नन्दकुमार, साहिँली, माला, कैलाश जस्ता सबै वर्ग क्षेत्र, स्तरका प्रमुख, सहायक, गौण, अनुकूल, प्रतिकूल, स्थिर, गतिशलि, बद्ध, मुक्त, मञ्चीय, नेपथ्य पात्रहरूको उपस्थिति उपन्यासमा रहेको देखिन्छ । उपन्यासका घटनावलीहरू धरान, बुटवल, भैरहवा,

पाल्पा, लुम्बिनी, भरतपुर, त्रिशूली, तेरथुम, धनकुता, काठमाडौं, कीर्तिपुर र भारतको लखनउ आदि ठाउँमा घटित भएका छन् । उपन्यास तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुमा संरचित छ । वर्णनात्मक र संवादात्मक शैलीका साथै पत्रात्मक शैलीले उपन्यास रोचक बनेको छ । सरल, सहज भाषाको प्रयोग गरिएको यसमा ठाउँठाउँमा आलङ्कारिक भाषाको प्रयोग पनि पाइन्छ । पूर्वी नेपालको सेरोफेरोमा लेखिएकाले उपन्यासमा पूर्वेली भाषिकाको छनक पनि पाइन्छ । सामाजिक जीवनका मार्मिक घटनाहरूको प्रस्तुति पाइने यो सामाजिक यथार्थमूलक उपन्यास हो ।

# पाँचौं परिच्छेद

# हरिभक्त बुढाथोकीका औपन्यासिक प्रवृत्ति

## ५.१ परिचय

हरिभक्त बुढाथोकी सामाजिक विषयवस्तुमा उपन्यास लेख्ने उपन्यासकार हुन् । सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएका उनका हालसम्म पाँचओटा उपन्यासहरू प्रकाशित भएका छन् । २०२९ सालमा **सन्तान** नामक सामाजिक उपन्यास लिएर नेपाली उपन्यास जगत्मा देखापरेका बुढाथोकीका **आमाको उपहार** (२०२९), **बहुरूपी साधु** (२०३०), **आँसुको सौगात** (२०३९) र **मनसराको चिहान** (२०४०) जस्ता औपन्यासिक कृतिहरू प्रकाशित छन् । यहाँ यिनै उपन्यासहरूका आधारमा बुढाथोकीका समग्र औपन्यासिक प्रवृत्तिहरूको निरूपण गरिएको छ ।

## ५.२ हरिभक्त बुढाथोकीका औपन्यासिक प्रवृत्ति

### १. सामाजिक यथार्थवादी दृष्टिकोण

हरिभक्त बुढाथोकी मूलतः सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनका सबै उपन्यासहरू सामाजिक पृष्ठभूमिमा रचिएका छन् । बुढाथोकीका उपन्यासमा बहुविवाह, त्यसबाट उत्पन्न समस्या, शोषक सामान्तहरूले सोझा किसानमाथि गर्ने गरेको अत्याचार, नारीमाथि हुने यौनशोषण, समाजमा रहेको चेलीबेटी बेचबिखनको समस्या, अशिक्षा र बेरोजगारीका कारण बढ्दै गएको अपराधिक प्रवृति, विदेशमा नेपाली कामदारहरूले भोग्नु परेको दुःख पीडा, युवायुवतीबीचको शारीरिक र आत्मिक प्रेम, निम्नवर्गीय नेपाली जीवनको दुःख पीडा सङ्घर्ष जस्ता यथार्थ घटनाहरूको उद्घाटन गरिएको छ ।

**सन्तान** उपन्यासमा पूर्वी पहाडको सामाजिक जीवन, त्यहाँको जीवनशैली, परम्परा, संस्कृतिको प्रस्तुति गरिएको पाइन्छ । ज्ञानविक्रमले सन्तानका लागि दोस्रो विवाह गर्नु, सन्तानकै लागि रञ्जनाले रामदलसँग अनैतिक सम्बन्ध राख्नु, गाउँको सामन्त रामदलले विक्रमसँग बाहिर मित्रताको सम्बन्ध राखेजस्तो गरी गोप्य रूपमा उसकै श्रीमतीसँग अनैतिक सम्बन्ध राख्नु, ठूलीलाई बलात्कार गर्नु, गाउँलेमाथि अत्याचार गर्नु, विक्रमले आफू मर्ने डरले पारसलाई मार्ने षड्यन्त्र रच्नु, ठूलीले सन्तानका लागि घर छोड्नु, विक्रमले पारस भनी कालुको हत्यागरी जेल पर्नु जस्ता घटनाहरू सबै यथार्थ छन् र यस्तो

परिस्थितिका घटनाहरू समाजमा घट्न सक्छन् । त्यस्तै सङ्कुचित भावना राख्ने तथा आत्मगत ईर्ष्या र आवेशमा आउने ठूलो कमजोरीले गर्दा उपन्यासका पात्रहरूले दुःखपूर्ण जीवन बाँच्नु परेको यथार्थ यसमा प्रस्तुत गरिएको छ । **बहुरूपी साधु** उपन्यासमा शिक्षा, रोजगारी र आर्थिक विपन्नताका कारण नेपाली युवायुवतीहरू कामको खोजीमा विदेश जाने र धेरै पैसा कमाउने धुनमा चेलीबेटी बेचबिखन जस्ता कार्यमा संलग्न हुने यथार्थको प्रस्तुति गरिएको छ । यसमा सहरमा बढ्दै गरेको विकृति, विसङ्गति, आपराधिक प्रवृतिको यथार्थ चित्रण पाइन्छ । **मनसराको चिहान**मा सन्तानका लागि जीवनबहादुरले अर्को बिहे गर्नु, सन्तानका लागि नै शारदा परपुरुषसँग सल्किनु, अन्त्यमा जीवनबहादुर जीवनदेखि विरक्त भएर रक्सी पिएर वेवारिसे अवस्थामा मर्नु, समाजका डरले मनसराले जन्मँदैको छोरालाई जंगलमा फाल्न बाध्य हुनुपरेको घटनाहरूले सामाजिक यथार्थको प्रकटीकरण गरेको छ । **आरतीका आँसु** उपन्यासमा युवायुवतीबीचको शारीरिक र आत्मिक प्रेम, आफ्ना कामवासना पूरा गरी अलपत्र पारेर छोडी हिड्ने युवा प्रवृतिको यथार्थ चित्रण गरिएको छ । बुढाथोकीका उपन्यासमा रामदल, प्रकाश, बहुरूपी साधु जस्ता पात्रहरूले गर्दा ठूली, सुशीला र चम्पाले पाएको दुःख पीडा नेपाली नारीहरूले भोग्नुपरेको यथार्थ हो । ठूली रामदलबाट बलात्कृत हुँदा आत्महात्या गर्न खोजेकी छ भने सुशीला प्रकाशले गर्भवती बनाएर भागेपछि आत्महत्या गर्न बाध्य भएकी छ । पुरुषको कामवासनाको सिकार भएका यी पात्रहरूले भोग्नु परेको पीडाको यथार्थ प्रस्तुति बुढाथोकीले आफ्ना उपन्यासमा गरेका छन् ।

**सन्तान**मा आत्मगत ईर्ष्या र आवेशमा आएर पारस भनी कालुलाई मारेर विक्रम जेल परेको घटना र **मनसराको चिहान** उपन्यासमा अशेष र पृथीलालले आवेशमा आएर हेमन्त र कैलाशको हत्या गरी जेल पर्नु परेको घटनाले यथार्थको प्रकटीकरण गरेको छ । समाजका रुढिवादी अन्धविश्वास, अन्याय, अत्याचार, शोषण, तात्कालीन सामाज, संस्कृति आदिको चित्र उपन्यासमा सहज रूपमा आएको छ । मेरो दुःखको तपाइँ साँच्चै साथी हुनुहुन्छ भने मेरो निम्ति पुत्रेष्टि पुराण लगाइदिनोस् (सन्तान, पृ. ३३) । सन्तान नहुँदा ठूली सन्तान प्राप्तिका लागि पुत्रेष्टि पुराण लगाएर पुत्र हुने परम्परित अन्धविश्वासमा विश्वास गरी विक्रमसँग पुत्रेष्टि पुराण लगाइदिन अनुरोध गर्नु । फिरन्ते बाबाले पारसको ग्रहले गर्दा बाबु छोरामा एउटाको मृत्यु हुने अन्धविश्वासपूर्ण कुरा गर्दा बाबाको कुरामा विश्वास गरी विक्रमले पारसलाई मार्ने षड्यन्त्र रच्नु नेपाली समाजको यथार्थलाई उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ । आज दिनभर तिनाउमा नुहाउनु गएकी थिइन लागन लाग्यो होला

(आरतीका आँसु, पृ. ६५), जलदेवता र मसानको खेल परेछ । भाकल उठाउनु पर्छ रातो भाले (आरतीका आँसु, पृ. ६६) । सेवकको पत्र पढेर छाती समातेर एक्कासी रोएकी आरतीलाई बाहुनी बज्यैले तिनाउको जलदेवता लागेको कुरामा विश्वास गरी झाँक्री बोलाउनु परम्परित समाजको यथार्थ हो । यसरी बुढाथोकीले आफ्नो सबै उपन्यासमा तत्कालीन नेपाली समाजको यथार्थको उद्‌घाटन गरेका छन् । यिनै उपर्युक्त आधारमा बुढाथोकीलाई सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा हेर्न सकिन्छ ।

**२. आदर्शवादी चिन्तन**

हरिभक्त बुढाथोकीका उपन्यासमा सत् पात्रको विजय र असत् पात्रको पराजय भएको देखिएकाले उनका उपन्यासमा आदर्शवादी प्रवृति पनि पाइन्छ । सामाजिक कथावस्तुको चयन गरिए पनि काल्पनिक आदर्शको व्याख्या उनका उपन्यासमा भएको देखिन्छ । नैतिक आदर्शीकृत पात्रहरूको प्रयोग गरी उपदेशात्मक शिक्षा प्रदान गर्न बुढाथोकीका उपन्यास सफल देखिन्छन् । ठूली, आरती, मनसरा, पूर्णबहादुर अशेष, सेवक, दीपक जस्ता पात्रको प्रयोग गरी बुढाथोकीले आदर्श स्थापना गर्न चाहेको देखिन्छ । म त के छु र ? हजुरकी एक वचनकी भावी (सन्तान, पृ. २९) । **सन्तान** उपन्यासमा ठूली पतिको वचनको सम्मानका लागि पतिले जे भन्यो त्यही मान्ने आफू उसको एक वचनकी भावी हुँ भन्नु उसको आदर्श हो । रञ्जनाले तथानाम गाली गरी वचन लगाउँदा पनि मनमा रिस राग नराखी उसका सन्तानलाई माया गर्नु, विक्रमको घरवार समालेर बस्ने ठूली वास्तवमै आदर्श एवम् अनुकरणीय पात्र हो । ऋण लागे तिरौलाँ । जग्गाजमिन छँदै छ । निसिप खुर्केर कसैले लगेको छैन (सन्तान, पृ. ८४) । दसैँ मनाउनका लागि पैसा नहुँदा आफ्नो नाडीका चुरा फुकालेर साहूकोमा बन्धक राख्नका लागि विक्रमलाई दिने ठूलीको त्याग र भाग्यप्रतिको विश्वासमा आदर्श झल्किएको छ । **बहुरूपी साधु** उपन्यासमा आपराधिक काममा संलग्न चम्पामाथि सहानुभूति देखाउनु, पक्राउ परेकी चम्पाले इन्सपेक्टरलाई एउटा पोको दिँदै म नमर्दै नखोल्नु यदि खोल्नु भएमा मृत्यु लोकमा पुगेपछि मेरो मृत आत्माले श्राप दिनेछ भन्नु, स्टुडियोको जेलबाट चम्पालाई बिदाइ गर्दा बिमलले मायाको चिनो भनी आफ्नो फोटो नपाउँदा चम्पाले आफू विधवा भएको महसुस गरी आफू बाँच्नुको कुनै अर्थ नरहेको कुरा गर्नु, उपन्यासको अन्त्यमा अपराधबोध गर्न पुगेकी चम्पाले गाउँविकासको सुधारवादी कुराले आदर्शको झलक दिन्छ । त्यस्तै **आरतीका आँसु** उपन्यासमा आरतीका चरित्रमा आदर्शको झलक पाइन्छ । आमाको मृत्युपछि आफ्नो पढाइ समेत छोडेर घर

व्यवहार समालेर बसेकी आरतीलाई बढी सरल र दोषहीन देखाउनु, सेवकले आमाको सम्झनामा बोर्डिङ स्कुल खोल्नु, सेवकले आरतीलाई छैटीको दिन भावीले आफ्नो भाग्यमा लेखेकी केटी ठान्नु, पूर्णबहादुर मृत पत्नीलाई सम्झेर बेलाबेला एक्लै रूनु, उपन्यासका पात्रहरूले दुःख पर्दा भगवानलाई सम्झनु, बराह मन्दिरमा आरतीले अर्को पटक सेवकसँग दम्पतीको रूपमा आउन सकु भनेर मागेको वरदान पूरा भएको देखाउनु, सेवक र आरतीले मन्दिरमा फूल चढाउनु जस्ता आदर्श उपन्यासमा छताछुल्ल रूपमा आएका छन् । उपन्यासको अन्त्यमा सेवक र आरतीको मिलन देखाई उपन्यासकारले आदर्श स्थापना गर्न खोजेको देखिन्छ । **मनसराको चिहान** उपन्यासमा सौता र लोग्नेले हेला गरी घरबाट निकालिदा पनि जीवनबहादुर लिन गएपछि उसँग घर फर्कने, जीवनबहादुरको रक्सीको नशा छुटाउने ईश्वरी आदर्श पात्र हो । त्यो घडी मेरो मृत बाबुको निशानी हो निशानी मात्र होइन मुटु नै सम्झेकी छु यसलाई श्रद्धा र ममताको पुन्ज यो घडी म कहिल्यै फाल्न सक्तिनँ न त अर्को नै स्वीकार गर्न सक्छु (मनसराको चिहान, पृ. ११९) । डा. डी. प्रकाशले उपहार स्वरूप घडी दिँदा स्नेहलताले घडी स्वीकार नगरी बिग्रिएको भए पनि बाबुले दिएको घडीलाई मृत बाबुको निशानी सम्झेर लगाइरहन्छे । त्यस्तै मनसरा मरेपछि उसको छोरा फालेको ठाउँमा चिहान बनाउनु, अशेष, स्नेहलता र पृथीलालले मनसराको चिहानको माटोको टीका लगाएर मनसराप्रति श्रद्धा प्रकट गर्नुले उपन्यासमा आर्दशको छनक रहेको देखिन्छ । यसरी उपन्यासकार बुढाथोकीले आदर्श पात्रहरूद्वारा नैतिक आदर्शवादी शिक्षा दिन खोजेको देखिन्छ । कुमार्गबाट सुमार्गमा, पतनबाट उत्थानतिर, विनाशबाट सुधारतर्फ पुऱ्याउने लक्ष्य लिने बुढाथोकीले उपन्यासमा आदर्शहीन, असत् पात्रहरूलाई उँभो लाग्न दिएका छैनन् । तसर्थ यिनै उपर्युक्त आधारमा नै बुढाथोकीलाई आदर्शवादी उपन्यासकार भन्न सकिन्छ ।

### ३. अस्तित्ववादी चेतना

प्रत्येक व्यक्तिले कुनै वस्तु वा घटनालाई स्वतन्त्र रूपले रोज्ने, छान्ने वा निणर्य गर्ने गर्दछ । उसले रोजेको विषयको संरक्षण नै अस्तित्व हो । आफ्नो अस्तित्वको रक्षाका लागि लड्ने सामान्य प्रवृति बुढाथोकीका उपन्यासका पात्रहरूमा पाइन्छ । **सन्तान** उपन्यासमा सन्तान नजन्मदा रञ्जनाले ज्ञानविक्रमको वीर्य परीक्षण गराउँछे र उसबाट सन्तान नहुँने भएपछि रामदल साहूसँग अनैतिक सम्बन्ध राखेर भए पनि सन्तान जन्माउँछे । यसरी उपन्यासमा सामाजिक मर्यादाका विरूद्धमा रामदलसँगको अनैतिक सम्बन्धबाट भए पनि आफ्नो आमा हुने अधिकारको संरक्षण गर्ने रञ्जना अस्तित्ववादी चेतना भएकी पात्र हो ।

रञ्जनाले उपन्यासमा आफ्नो अस्तित्वको लागि सतित्व अर्पण गरेकी छ । ज्ञानविक्रमले पारसलाई मार्ने षड्यन्त्र रचेपछि ठूली आफ्नो छोरा पारसको जीवनको संरक्षणका लागि पति र घर छाडेर हिडेकी छ । **बहुरूपी साधु** उपन्यासमा चम्पाकलीका बाबुआमा चम्पा र विमलको प्रेमको विरूद्धमा उभिए पछि चम्पाकलीले आफ्नो इच्छा अनुसार स्वतन्त्र निर्णय लिएर दलित परिवारको विमलसँग भागेर बिहे गरेकी छ । बिहे पश्चात उसले अनेक दुःख कष्टको सामना गर्नु परे पनि ऊ आफ्नो निर्णयमा पछुताएकी छैन । त्यस्तै **मनसराको चिहान** उपन्यासकी शारदा जीवनबहादुरबाट सन्तान जन्माउँछे । शारदाको दीपकसँगको सम्बन्ध अनैतिक भए पनि नारी अस्तित्वको रक्षाका निम्ति देखिन्छ । उपन्यासका पात्रहरूले जस्तो सुकै दुःख कष्ट भोग्नुपरे पनि आफ्नो निर्णयप्रति पछुताएका छैनन् । बुढाथोकीका उपन्यासका पात्रहरूले आफ्नो अस्तित्वका लागि लडेका छैनन् तर उनीहरूले आफ्नो अस्तित्वका लागि चालेको कदमले गर्दा उनीहरूमा अस्तित्ववादी चेतना छ भन्न सकिन्छ । उनीहरूले आफ्नो इच्छा, आफूले पाउने अधिकारको संरक्षण जसरी भए पनि गरेका छन् । यसरी बुढाथोकीका उपन्यासका प्रायः पात्रहरूमा अस्तित्ववादी चेतना प्रबल रहेको देखिन्छ ।

### ४. द्वन्द्वको सघन प्रयोग

हरिभक्त बुढाथोकीका सबै उपन्यासहरू द्वन्द्वका दृष्टिले सफल रहेका छन् । उनका उपन्यासमा आन्तरिक भन्दा बाह्य द्वन्द्व बढी रहेको देखिन्छ । **सन्तान** उपन्यासमा रञ्जनाले ठूलीलाई तथानाम गाली गरी उसँग निहुँखोजेर झगडा गरेको, माइला मुखियाले कालुलाई किलामा बाँधेर कुटेको, कालुले पारसलाई सुट र जुत्ता लगाएको भनी कुटेको, विक्रमले पारस भनी कालुलाई मारेको जस्ता दृश्यबाट उपन्यासमा बाह्य द्वन्द्व रहेको देखिन्छ । त्यस्तै **बहुरूपी साधु**मा म पात्रले चम्पालाई पक्रने क्रममा म पात्र र चम्पाबीच भएको द्वन्द्व, अस्पतालबाट भागेकी चम्पालाई गस्ती टोलीले पक्रन खोज्दा चम्पाले ढुङ्गा र इँटाका टुक्राले हानेर प्रहरीलाई घाइते बनाउनु, नक्कली ड्राइभरको पोल खुलेपछि कन्स्टेबलले पानीमा सिस्नो चोबेर ड्राइभरलाई हान्नु जस्ता घटना बाह्य द्वन्द्व हुन् । **आरतीका आँसु** उपन्यासमा सुशीलाले प्रकाश र आरती माथि शंका गरी प्रकाशसँग झगडा गर्नु, प्रकाश र आरतीका बीचको दाजु बहिनीको सम्बन्ध बारे यथार्थ कुरा थाहा नहुँदा सेवकले आरतीमाथी शंका गरी ऊ सँग झगडा गर्नु र उसलाई मार्न सम्म तम्सिनु जस्ता बाह्य द्वन्द्व रहेको देखिन्छ । **मनसराको चिहान** उपन्यासमा अशेष, हेमन्त र स्नेहलताको बीचमा खेलको क्रममा भएको झगडा, ईश्वरी र शारदाका बीचमा ईर्ष्याले उत्पन्न भएको झगडा, स्नेहलता र अशेषका

बीचमा भएको द्वन्द्व, स्नेहलता र हेमन्तका बीचमा अशेषलाई लिएर भएको झगडा, हेमन्त र अशेषका बीचको झगडा बाह्य द्वन्द्वको रूपमा आएका छन् । त्यस्तै **सन्तान** उपन्यासमा ठूलीका मनमा उत्पन्न द्वन्द्व आन्तरिक द्वन्द्वका रूपमा आएको छ । ठूली रामदलबाट बलात्कृत भएपछि उसका मनमा द्वन्द्व उत्पन्न भएको छ । ठूली रामदललाई कसरी सजाय दिन सकिन्छ भन्ने बारेमा अनेक कुरा मनमा खेलाउँछे । ऊ प्रहरी चौकी सम्म पुग्छे तर समाजका अगाडि आफ्नै बेइजत हुने डरले चुप रहन्छे । ठूली रामदलको कुकृत्यले गर्दा आत्महत्या सम्मको कल्पना गर्न पुगेकी छ । **आरतीका आँसु** उपन्यासकी आरतीको मनमा द्वन्द्व उत्पन्न भएको छ । उसको जीवनमा आइपरेका दुःख समस्याले ऊ मनमा अनेक कुरा खेलाउँछे । सुशीलालाई प्रकाशले गर्भवती बनाएर भागेपछि आरती सुशीला र प्रकाशबीचको कुरा बाबुलाई भनु कि नभनु भनी दोधारमा परेकी छ । प्रकाश र आफ्नाबीचमा समाजले अनेक कुरा गरेपछि उसको मन आत्तिएको छ । त्यस्तै **मनसराको चिहान** उपन्यासमा दुवै पत्नीको मृत्युले दुःखी भएको जीवनबहादुर छोरी स्नेहलताले पनि छोडेर गएपछि जीवनदेखि नै विरक्त भएर आफ्नो मनलाई शान्त पार्न रक्सी पिउन थाल्छ र मनमा अनेक कुरा खेलाउँछ । अन्त्यमा रक्सीको कारण उसको मृत्यु भएको छ । यसरी बुढाथोकीले उपन्यासमा बाह्य द्वन्द्वका साथै पात्रहरूको आन्तरिक द्वन्द्वलाई पनि प्रस्तुत गरेका छन् ।

### ५. देशप्रेमको अभिव्यक्ति

हरिभक्त बुढाथोकीले आफ्ना उपन्यासमा प्राकृतिक सौन्दर्य परिवेश, रीतिरिवाज परम्पराको चित्र उतारेका छन् । बुढाथोकीका उपन्यासका पात्रहरू देशप्रेमको भावनाले ओतप्रोत भएका छन् । बुढाथोकीले उपन्यासका पात्रहरूलाई राष्ट्रबाट विमुख गराएर विदेशतिर पलायन गराएका छैनन् । स्वदेशी माटोमा नै उनका पात्रहरू रमाएका छन् । विदेश गएका पात्रहरूलाई अन्त्यमा स्वदेशमै फर्किएको देखाएका छन् । **सन्तान** उपन्यासमा बूढी आमैले ठूलीलाई विदेशीसँग बेचिदिँदा ठूली म पतिव्रता नभए पनि नेपालव्रता अवश्य छु भन्छे र नेपालको माटोमा जन्मी यहींको माटोमा मिल्ने इच्छाले ऊ विदेशीसँग नगएर राति नै बूढीको घर छोडेर भागेकी छ । नेपाली गरेर खान्छ, मागेर खान जान्दैन (सन्तान, पृ. १४०) । ठूलीको उक्त भनाइमा नेपाल र नेपालीप्रति गौरव भाव उत्पन्न भएको छ । **बहुरूपी साधु**को इन्सपेक्टर नेपाल र नेपालीको सेवामा खटिएको देशभक्त प्रहरी हो । ऊ नेपाली चेलीहरूलाई विदेशमा बेच्ने दलालहरूलाई पक्रने, समाजबाट अपराधिक कार्यलाई हटाउने कार्यमा कम्मर कसेर लागेको छ । त्यस्तै बम्बईको स्टुडियोको जेलमा परेको बिमल स्टुडियोको कर्मचारीका

सहयोगले स्वदेश फर्किएको छ । **आरतीका आँसु** उपन्यासमा उच्चशिक्षाको अध्ययनका लागि रुमानिया गएको सेवकले अध्ययन समाप्त गरी स्वदेश नै फर्किएर आफ्नो अध्ययनको उपयोग गरेको छ । **मनसराको चिहान** उपन्यासमा दीपकले मातृभूमि छोड्दाको उसको पीडालाई मार्मिक रूपमा उपन्यासकारले प्रस्तुत गरेका छन् । उपन्यासमा उपन्यासकारले दीपकमार्फत देशभक्तिको भावना यसरी प्रकट गरेका छन्-

जब जब मातृभूमिको सम्झना र विदेशको उदासीपनले सताउँथ्यो तबतब म त्यही माटोको टीका लगाएर मनलाई शान्त पार्ने प्रयास गर्थे । मातृभूमिबाट उठाइ लगेको त्यो माटोको डल्ला साँच्चै नै मेरो गौरवको डल्ला थियो । धेरै मान्छेले हेरे त्यो डल्लालाई । बुद्ध जन्मेका देशको पवित्र डल्लो भनी बयान गरे । धेरैले पवित्र बिगुत सम्झेर टीका लगाए । वास्तवमा यो डल्लो त्यही स्थानको नभए पनि यही देशको थियो, मेरो मातृभूमिको थियो जुन भूमिमा विश्व शान्तिका अग्रदुत बुद्ध भगवान साँच्चै नै जन्मेका थिए । त्यसैले त अतीत गौरववान्वित हुन्थे त्यस बेला (मनसराको चिहान, पृ. ४२) । नेपालको सीमाना काटेर जाँदा दीपकले नेपाली माटोको टीका लगाएको छ र एक डल्लो माटो बिगुत सम्झेर साथै लगेको छ । विदेशमा मातृभूमिको सम्झना र विदेशको उदासीपनले सताउँदा ऊ त्यही माटोको टीका लगाएर मनलाई शान्त पारेको छ र आफू गौतम बुद्ध जन्मेको देशमा जन्मेकाले गौरव महसुस गरेको छ । त्यस्तै १६ वर्ष भारतको जेलमा बसेर दीपक स्वदेशमै आएर मरेको छ । यसरी देशप्रतिको मोहले बुढाथोकीका पात्रहरू तानिएका छन् । राष्ट्रको कला, संस्कृति, धर्म, प्राकृतिक परिवेशलाई पनि उपन्यासकारले प्रस्तुत गरेका छन् । नेपाल र नेपालीहरूको जातीय गौरवलाई बुढाथोकीले प्रत्येक उपन्यासमा उठाएका छन् । उपर्युक्त आधारमा बुढाथोकीका चारओटै उपन्यास देशप्रेमको भावनाले भरिएकाले उनी देशप्रेमी उपन्यासकार हुन् भन्न सकिन्छ ।

### ६. कारुणिकता

हरिभक्त बुढाथोकीका सबै उपन्यासहरूमा कारुणिक घटनाहरूको वर्णन गरिएको छ । उनका उपन्यासका पात्रहरूको जीवन दुःखपूर्ण, पीडादायक रहेको देखिन्छ । उनका उपन्यास सुखान्तमा टुङ्गिए पनि उपन्यासमा रञ्जनाले निसन्तान ठूलीसँग निहुँ खोजेर झगडा गरी उसलाई तथानाम गाली गर्दा ठूलीको अवस्थामा कारुणिता पैदा भएको छ । ठूली गाउँको सामन्तबाट बलात्कृत हुनु, रामदललाई सजाय दिन नसक्नु, भएको एउटा सन्तानलाई पनि विक्रमले मार्न खोज्दा घर छोडेर जानु, पैसाका लागि बूढी आमैले ठूलीलाई विदेशीसँग

बेचिदिनु र केही सिप नलागी अन्त्यमा छोरा पारसलाई नै छोडेर भाग्नु पर्ने अवस्था आउनु जस्ता घटनाले ठूलीको जीवन कारुणिक बनेको छ । त्यस्तै उपन्यासको अन्त्यमा घृणा र आवेशमा आएर पारसलाई मार्न खोज्दा भूलवश कालुलाई मार्न पुगेको विक्रम जेल पर्नुले उसको जीवन पनि कारुणिक बन्न पुगेको छ । **सन्तान** उपन्यासमा बुढाथोकीले सन्तान नहुँदाको पीडालाई कारुणिक रूपमा प्रस्तुत गरेका छन् । **आरतीका आँसु** उपन्यासमा आमा नभएकी आरतीले सानै उमेरमा भोग्नु परेको छ दुःख पीडाबाट उपन्यासमा कारुणिकताको सञ्चार भएको छ । त्यस्तै प्रकाशले गर्भवती बनाएर अलपत्र छोडेर भागेपछि सुशीलाले आत्महत्या गर्दा उपन्यासमा दुःखद वातावरण सिर्जना भएको छ । प्रकाश र आरतीबीचको दाजु बहिनीको प्रतिज्ञापूर्ण सम्बन्ध समयमै नखुल्दा सेवक र आरतीबीचको दाजु बहिनीको प्रेम सम्बन्धमा सङ्कट उत्पन्न हुँदा आरती र सेवकले दुःख बेहोर्नु परेको छ । त्यस्तै **मनसराको चिहान** उपन्यासमा जीवनबहादुर जन्मँदै दीर्घ रोगी हुनु, सन्तानेच्छाका कारण दोस्रो विवाह गर्नु, उसकै कारणबाट सन्तान नभएकाले उसकी स्वास्नी सन्तान प्राप्तिका लागि परपुरुषसँग सल्किनु, दुवै श्रीमतीको बस दुर्घटनामा मृत्यु हुनु, अन्त्यमा जीवनदेखि नै हरेश खाएर रक्सी पिएर बेवारिसे अवस्थामा मर्नु जस्ता घटनाले जीवनबहादुरको जीवन कारुणिक बनेको छ । त्यस्तै आवेशमा आएर अशेषले हेमन्तलाई मार्नु, मनसराले जन्मँदैको छोरालाई समाजका डरले जंगलमा फाल्न बाध्य हुनु, पृथीलालले कैलाशलाई मारेर जेल पर्नु जस्ता घटनाहरूले उपन्यास कारुणिक बनेको छ । उपन्यासमा समयमा यथार्थबोध नभएकाले पात्रहरूको जीवन कारुणिक बन्न पुगेको छ । यसरी बुढाथोकीले उपन्यास सुखान्तमा टुङ्ग्याए पनि उपन्यासका सबैजसो घटनावली कारुणिक रहेकाले उनलाई कारुणिक उपन्यासकार भन्न सकिन्छ ।

### ७. परिवेश चित्रणमा विविधता

हरिभक्त बुढाथोकीले आफ्ना उपन्यासहरूमा ग्रामिण र सहरिया परिवेशको चित्रण गरेका छन् । उनका **सन्तान** र **मनसराको चिहान**मा ग्रामीण परिवेशको चित्रण ज्यादा र सहरी परिवेशको कम चित्रण पाइन्छ भने **बहुरूपी साधु** र **आरतीका आँसु** उपन्यासमा सहरी परिवेशको चित्रण ज्यादा र ग्रामीण परिवेशको कम चित्रण गरिएको पाइन्छ । उपन्यासमा ग्रामीण परिवेशमा उनको जन्मथलो तेरथुमका विभिन्न स्थानहरूका साथै ताप्लेजुङ, बागलुङ, तानसेन, बुटवल, धनकुटा आदि विभिन्न स्थानहरू रहेका छन् । उनको सन्तान उपन्यासमा ज्यादाजसो तेरथुम जिल्लाको परिवेशको चित्रण भए तापनि काठमाडौं, पाटन, रक्सौल,

कलकता र आसामसम्मको ग्रामीण तथा सहरी परिवेशको चित्रण गरिएको छ । **बहुरूपी साधु** उपन्यासमा मुख्य रूपमा काठमाडौँको सहरी परिवशेको चित्रण गरिएको छ भने बम्बई, सुर्खेत र ताप्लेजुङको ग्रामीण परिवेशको पनि चित्रण गरिएको छ । **आरतीका आँसु** उपन्यासमा बागलुङ, तानसेन, बुटवलको ग्रामीण परिवेशका साथै पोखरा र काठमाडौँको सहरी परिवेशको चित्रण पाइन्छ । त्यस्तै **मनसराको चिहान** उपन्यासमा बुटवल, लुम्बिनी, तेरथुम, धनकुटा, धरान, काठमाडौँ लखनउको ग्रामीण तथा सहरी दुवै परिवेशको चित्रण गरिएको छ । सहरी परिवेशहरूमा पोखरा, काठमाडौँ, भारतको लखनउ, बम्बईको चित्रण उपन्यासमा पाइन्छ । **बहुरूपी साधु** र **आरतीका आँसु** उपन्यासमा सहरी परिवेशको ज्यादा चित्रण गरिएको छ । **सन्तान** र **मनसराको चिहान** उपन्यासहरूमा कुनै प्रसङ्गमा सहरी परिवेशको चित्रण पाइन्छ । यसरी बुढाथोकीका उपन्यासमा ग्रामीण तथा सहरिया दुवै परिवेशको चित्रण गरिएको पाइन्छ ।

**८. सरल भाषाशैलीको प्रयोग**

हरिभक्त बुढाथोकीका उपन्यासहरू पढ्न र बुझ्नका लागि बौद्धिक कसरतको आवश्यकता नपर्ने भएकाले पढ्नमा कठिनाई देखिदैन् । उपन्यासमा नेपाली ग्रामीण तथा तत्कालीन परिवेशको बोलचालको भाषाको प्रयोग गरिएको छ । उनका उपन्यासहरूमा ठाउँठाउँमा पूर्वेली भाषिकाको छनक पाइए पनि मूलतः मानक भाषाको परिवृत्तमा उपन्यासहरूको रचना गरेका छन् । सरल, सहज, सुबोध र स्तरीय भाषाको प्रयोग गरिएको भए पनि उपन्यासका कतिपय ठाउँमा आलङ्कारिक भाषाको प्रयोगले अझ रोचकता थपेको पाइन्छ । जस्तै- “बाबुको मृत्युपछि उनको निम्ति माइती पनि त्यस्तै भयो । आमाका घामहरू रोएरै अस्ताउन थाले । आकाशका ताराहरू नसुतेरै विलाउन लागे । ईश्वरीका निम्ति पनि ती दिन र रातहरू त्यस्तै भए, जस्तो आमाका थिए । आमाका श्रीमान् नभएर थिएनन् अनि ईश्वरीका श्रीमान् भएर पनि थिएनन् । आमाले बाबुबाट पाउने माया ममताको अन्त्य भए जस्तै ईश्वरीको लागि पनि त्यस्ता ममताहरू अस्ताइसकेका थिए । फरक यति थियो कि ईश्वरीले आमाको जस्तो सेतो साडी लगाएर चुरा फुटाउनु परेको थिएन । (मनसराको चिहान, पृ. ७) ।” उखान, टुक्काका साथै आगन्तुक शब्दहरूको अधिक प्रयोग गरिएका उनका उपन्यासमा हिन्दी भाषाको पनि प्रशस्त प्रयोग गरिएको पाइन्छ । “अच्छा मै बहुत खुस हुँ । नेपाल पहुँचकर मैने दिए हुए ठिकानेमे चिठी लिखना, मैभी लिखुँगा । तुम्हारा कल्याण हो । जीते रहो । मै भगवानसे यही प्रार्थना करता हुँ” (सन्तान, पृ. १६९) । आपका

नन्दकुमार घर मे ही था । लेकिन आप तक आनेको साफ साफ इन्कार करदिया । मैने बहुत बोला या समझाया भी लेकिन नही माना (मनसराको चिहान, पृ. ४८) । यस्ता हिन्दी भाषाको प्रयोग भारतीय परिवेशमा नेपाली र भारतीय पात्रहरूले गरेका छन् । झट्ट हेर्दा हिन्दी भाषाको प्रयोग अस्वाभाविक जस्तो लागे पनि भारतीय परिवेशको प्रसङ्गमा गरिएकाले यसले स्थानीयताको दिग्दर्शन गरेको हुँदा खासै अस्वाभाविक देखिदैन । त्यसैगरी बुढाथोकीले आगन्तुक शब्दको प्रयोग पनि गरेका छन् । बुढाथोकीका सबै उपन्यासमा ठाउँठाउँमा प्रयोग भएका गीतले थप रोचकता प्रदान गरेका छ । उनका उपन्यासमा संवादात्मक, वर्णनात्मक तथा पत्रात्मक शैलीको प्रयोग गरिएको पाइन्छ । उपन्यासमा ठाउँठाउँमा पात्रद्वारा प्रेषित पत्रहरूले पत्रात्मकशैलीको प्रयोग भएको छ । उनका उपन्यासहरू बोलचालको भाषा, रसिलो शैली र साना-साना वाक्यहरूको प्रयोगबाट निर्माण गरिएका छन् । भाषा प्रयोगका दृष्टिले उपन्यास अस्वाभाविक नभएर स्वाभाविक रहेका छन् । तसर्थ यिनै भाषा र शैलीका आधारमा बुढाथोकीलाई सरल भाषाशैलीका उपन्यासकार हुन् भन्न सकिन्छ ।

## ५.३ निष्कर्ष

हरिभक्त बुढाथोकी मूलतः सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनले समाजको चित्र जस्ताको त्यस्तै आफ्ना उपन्यासहरूमा उतारेका हुनाले उनलाई सामाजिक यथार्थवादी उपन्यासकार भनिएको हो । निम्नवर्गीय नेपाली परिवेशको दुःख, पीडा, सङ्घर्षको यथार्थ कथा उनले उपन्यासमा प्रस्तुत गरेका छन् । ज्ञानविक्रम, ठूली, रञ्जना, चम्पाकली, आरती, सेवक, प्रकाश, जीवनबहादुर, अशेष, मनसरा जस्ता निम्नवर्गीय ग्रामीण पात्रहरूको चयनले उनका उपन्यास यथार्थ बनेका छन् । बुढाथोकीले आफ्ना उपन्यासहरूमा सन्तान नहुँदाको पीडा, अशिक्षा, बेरोजगारी र आर्थिक विपन्नताको कारण युवायुवतीहरूले विदेशिनु परेको अवस्था, युवायुवतीबीचको शारीरिक र आत्मिक प्रेम, सामन्तहरूको शोषण, सामाजिक विकृति विसङ्गति, समाजले नारीलाई हेर्ने दृष्टिकोण, नारीले भोग्नुपरेको पीडा, संस्कृति धर्म, रीतिरिवाज, अन्धविश्वास, देशप्रेम आदि विभिन्न प्रसङ्गहरूलाई यथार्थ रूपमा प्रस्तुत गरेको पाइन्छ । यस्तो हुनपर्छ भनेर सुधारवादी चिन्तन अगि सार्ने नैतिक औपदेशिक शिक्षा दिने बुढाथोकीका उपन्यासमा आदर्शवादी प्रवृति पनि पाइन्छ । त्यस्तै उनका उपन्यासहरूमा अस्तित्ववादी चिन्तन, देशप्रेम, सुधारवादी दृष्टिकोण, नारी चिन्तन पनि रहेको छ । विविध उखान, सूक्ति, अलङ्कारमय काव्यात्मक भाषाको प्रयोग भए पनि उपन्यास सरल, सरस सम्प्रेषणीय भाषामा लेखिएकाले बुढाथोकीलाई सरल भाषाशैलीका उपन्यासकार

मानिएको छ । उपन्यासमा कारुणिक घटनाहरूको प्रस्तुतिले पात्रहरूको दुःखद जीवन भोगेकाले बुढाथोकी कारुणिक उपन्यासकारका रूपमा देखापरेका छन् । समग्रमा सामाजिक प्रमप्रयणमूलक विषयवस्तुलाई त्यसै अनुरूपको सहभागी र परिवेशको निर्माण गरी सोद्देश्यमूलक ढङ्गले प्रायः तृतीय पुरुष दृष्टिबिन्दु तथा सरल भाषिक विन्यासका माध्यमबाट उपन्यासको सिर्जना गर्ने हरिभक्त बुढाथोकी सामाजिक यथार्थवादी उपन्यासकार हुन् ।[५९] यिनै प्रवृतिलाई अङ्गालेर बुढाथोकीले नेपाली सामाजिक यथार्थवादी उपन्यास परम्परामा आफ्नै शैली र मौलिक पहिचानको स्थापना गरेको देखिन्छ ।

[५९]. ऐजन ।

# छैटौँ परिच्छेद

# उपसंहार

प्रस्तुत शोधपत्रमा पहिलो परिच्छेदमा यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा विषयपरिचय, समस्याकथन, शोधपत्रको उद्देश्य पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्रीसङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा हरिभक्त बुढाथोकीको संक्षिप्त परिचय र औपन्यासिक यात्रा प्रस्तुत गरिएको छ । हरिभक्त बुढाथोकीको जन्म वि.सं. १९९७ असार २४ गते तेरथुम जिल्ला सिम्ले गा.वि.स. वडा नं. ३, बयरबुङ गाउँमा भएको हो । पिता सनकसिंह बुढाथोकी र माता भगवती बुढाथोकीका सात भाइ छोरा र दुई बहिनी छोरीमध्ये हरिभक्त बुढाथोकी दोस्रो सन्तान हुन् ।

हरिभक्त बुढाथोकीको बाल्यकाल तेरथुममै बितेको थियो । छोराहरूमा जेठा छोरा भएकाले घाँस दाउरा काट्नु, गोबर सोहोर्नु जस्ता घरायसी काम बुढाथोकीले नै गर्नु पर्दथ्यो । एघार वर्षको उमेरमा अक्षरारम्भ गरेका बुढाथोकीले आफ्ना बाबुबाटै घरमै साउँ अक्षर पढ्न लेख्न सिकेका थिए । उनले १५ वर्षको उमेरमा कक्षा तीनमा भर्ना भई विद्यालयीय जीवन सुरु गरेका हुन् । २०२० सालमा महेन्द्र रात्री विद्यालय विराटनगरबाट प्रवेशिका उत्तीर्ण गरी २०२३ सालमा महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसबाट आइ.ए. पूरा गरेका हुन् । त्यसैगरी २०२९ सालमा त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस धरानबाट बी.ए. उत्तीर्ण गरेपछि उनले आफ्नो औपचारिक अध्ययनलाई विश्राम गरेका हुन् । उनको पहिलो विवाह १२ वर्षको उमेरमा खेमादेवी बोहोरासँग र दोस्रो विवाह तीसवर्षको उमेरमा २०२७ सालमा मीना महर्जनका साथ भएको थियो । कमजोर आर्थिक स्थितिका कारण बुढाथोकीले विद्यार्थी जीवनदेखि नै विभिन्न क्षेत्रमा काम गरेका थिए । शिक्षक पेसादेखि लिएर चलचित्र हलमा टिकट बेच्नेसम्मको काम बुढाथोकीले गरेका थिए । २०२४ सालमा प्रहरीको असइ पदमा जागिर खाई इन्सपेक्टरसम्म भएर २०४० सालमा राजिनामा दिई हालसम्म स्वतन्त्र लेखनकार्यमा जीवन बिताइरहेका छन् ।

साहित्यका प्रायः सबै विधामा कलम चलाएका हरिभक्त बुढाथोकीका नाटककार, कवि, गीतकार, उपन्यासकार, कथाकार, निबन्धकार, सम्पादक व्यक्तित्वहरू रहेका छन् ।

विद्यार्थी जीवनदेखि नै साहित्य क्षेत्रमा प्रवेश गरेका बुढाथोकी हालसम्म पनि साहित्य क्षेत्रमा लागि रहेका छन् । उनको २०१७ सालमा **वसन्त कोपिला** एकमात्र नाटक प्रकाशित भएको छ । हालसम्म बुढाथोकीका **हाम्रो देश हाम्रै भविष्य** (२०६२) र **मूलको सङ्लो पानी** (२०६४) गीतिसंग्रह प्रकाशित छन् । उनको पहिलो संग्रहमा १८ ओटा कविता र ६५ ओटा गीत रहेका छन् भने दोस्रो संग्रहमा १७६ ओटा गीत रहेका छन् । बुढाथोकीका कविता तथा गीतहरूमा देशप्रेम तथा प्रणय मुख्य रूपमा आएका छन् । उनका हालसम्म बाह्रओटा कथा, सात ओटा निबन्धात्मक लेखहरू तथा एउटा यात्रा संस्मरण प्रकाशित भएका छन् । त्यस्तै उनका **सन्तान** (२०२९), **आमाको उपहार** (२०२९), **बहुरूपी साधु** (२०३०), **आँसुको सौगात** (२०३९) र **मनसराको चिहान** (२०४०) गरी पाँचओटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । उपर्युक्त पाँचओटा उपन्यासलाई आधार मानेर उनको औपन्यासिक यात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

तेस्रो परिच्छेदमा हरिभक्त बुढाथोकीको औपन्यासिक यात्राको बारेमा चर्चा गरिएको छ । **सन्तान**, **आमाको उपहार**, **बहुरूपी साधु**, **आरतीका आँसु**, **मनसराको चिहान** गरी उनका पाँचओटा उपन्यासहरू प्रकाशित भएका छन् । उनको समग्र उपन्यासकारितालाई दुई चरणमा विभाजन गरिएको छ ।

चौथो परिच्छेदमा हरिभक्त बुढाथोकीका उपन्यासहरूको औपन्यासिक विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ । **सन्तान** उपन्यास २०२४ सालमा लेखेर २०२९ सालमा प्रकाशनमा आएको उनको पहिलो उपन्यास हो । सामाजिक विषयवस्तुलाई आधारमा बनाएर लेखिएको यो उपन्यासमा पूर्वी पहाडको सेरोफेरोमा त्यहाँको यथार्थ जीवनको चित्रण गरिएको छ । पूर्वदीप्ति शैलीमा लेखिएको यस उपन्यासको पहिलो परिच्छेदमा विक्रम जेल परेको चौध वर्ष भइसकेको घटना र ऊ किन जेल पर्‍यो भन्ने प्रश्नको जवाफ त्यसपछिका अन्य परिच्छेदहरूमा वर्णनात्मक रूपमा गरिएको छ । उपन्यासको मूल कथानक विक्रम, ठूली र रञ्जनासँग सम्बन्धित रहेको छ । उपन्यासको कथानक वर्तमानबाट भूतकालतर्फ हिँडेर फेरि वर्तमानमा आएर टुङ्गिए पनि उपन्यासका घटनाहरू सुव्यवस्थित रूपले अगाडि बढेको छ । उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । उपन्यासमा नेपाली समाजका सबै वर्ग, स्तरका पुरुष तथा स्त्री पात्रको चयन गरिएको छ । उपन्यासमा नेपालको पूर्वी पहाडी जिल्ला तेरथुमको रहन सहन, परम्परा, त्यहाँको जीवनशैलीका साथै काठमाडौँ पाटन, वीरगञ्ज, कलकत्ता, आसामसम्मको परिवेशको चित्र

उतारिएको छ । मूल रूपमा तेरथुमको परिवेश त्यहाँको रीतिरिवाज, संस्कृति, भाषा, सभ्यता र प्राकृतिक वातावरणको चित्र उपन्यासमा पाइन्छ । मानव जीवनमा सर्वाधिक महत्त्व सन्तानको हुन्छ भन्ने मुख्य उद्देश्य रहेको यस उपन्यासमा बहुविवाहबाट उत्पन्न समस्या, सौतेनी डाह, सन्तान नहुँदाको पीडा, राष्ट्रप्रेम, समाजमा व्याप्त रुढिवादी अन्धविश्वास, सामन्त वर्गको शोषण अत्याचार जस्ता कुराको यथार्थ रूपमा चित्रण गरिएको छ । पात्रहरूको आफ्नै मानवीय कमजोरीले उपन्यास दुःखद र त्रासद बन्न पुगेको छ । रुढिवादी अन्धविश्वासले गाँजिएको विक्रमले आफू मर्ने डरले पारसलाई मार्ने षड्यन्त्र रचेको छ । विक्रमको गलत कामको विरोध गर्न नसकी ठूली घर छोडेर हिडेकी छ । अहम् र अपराधबोधले रञ्जनाले घर छोडेकी छ र आवेशमा आएर विक्रमले पारस हो भन्ने ठानेर कालुलाई मार्न पुगेको छ । यहाँ पात्रमा भएको डर, त्रास, घृणा र आवेशमा आउने कमजोरीले उपन्यासमा दुर्घटना निम्त्याएको यथार्थको प्रस्तुति गरिएको छ । सरल, सरस बोलचालको स्थानीय भाषाको प्रयोग गरिएको तथा सामाजिक रीतिरिवाज, संस्कार, संस्कृतिको चित्रण भएको **सन्तान** यथार्थवादी उपन्यास हो ।

**बहुरूपी साधु** २०३० सालमा प्रकाशीत भएको उपन्यास हो । जासुसी घटनाको वर्णन भएको यस उपन्यासमा मानवबेचबिखनको घटनालाई कथा बनाइएको छ । नेपाली चेलीहरूलाई ललाइफकाई जागिरको आश्वासन दिएर बम्बई लगि बेच्ने बहुरूपीहरूको चित्रण उपन्यासमा गरिएको छ । शिक्षा, रोजगारी, गरिबीका कारण विदेशिनुपर्ने नेपालीहरूको कारुणिक अवस्थाको चित्र उपन्यासले देखाउन खोजेको छ । उपन्यासको प्रमुख पात्र ‘म’ र चम्पाको जीवनसँग सम्बन्धित घटनाहरू यसको मुख्य कथानकको रूपमा रहेको छ । उपन्यासमा चम्पा गरिबीका कारण आफ्नो पारिवारिक आवश्यकता पूर्तिका लागि केटी बेच्ने कार्यमा लागेकी छ । गरिबी र अशिक्षा कारण नेपाली चेलीहरू बम्बईको कोठीमा बेचिने गरेको नेपाली समाजको यथार्थको उद्घाटन उपन्यासले गरेको छ । नेपालका गाउँहरू शिक्षित भए, गाउँको विकास भए मात्र गरिबी र अशिक्षाका कारण उत्पन्न हुने सबै खालका अपराधहरू समाप्त हुने कुरा उपन्यासमा व्यक्त भएको छ । यसरी अशिक्षा, बेरोजगारी, आर्थिक विपन्नताका कारण नेपाली युवायुवतीहरू कामको खोजीमा भारततिर जाने र एकै पटक धेरै पैसा कमाउने सुरमा चेलीबेटी बेचबिखन जस्तो कार्यमा संलग्न हुने गरेको यथार्थ उपन्यासले उद्घाटन गरेको छ । सामाजिक विषयवस्तुमा लेखिएको यो उपन्यास आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । उपन्यासमा काठमाडौँ

उपत्यकाका विभिन्न क्षेत्र, सुर्खेत, ताप्लेजुङ र भारतका बम्बई, लखनउ, पञ्जाबसम्मको परिवेशको चित्रण गरिएको छ । काठमाडौँ उपत्यकाको जीवनशैली, प्रहरी कर्मचारीहरूको जीवन, उनीहरूको आफ्नो कामप्रतिको निष्ठा, सहरमा बढ्दै गरेको अपराधिक घटनाहरू उपन्यासमा आएको छ । उपन्यासमा 'म' पात्र समाख्याताको रूपमा आई सम्पूर्ण घटनाको वर्णन गरेकाले उपन्यास प्रथम पुरुष दृष्टिबिन्दुमा संरचित छ । उपन्यासमा सरल, सहज पात्रअनुसारको भाषाको प्रयोग गरिएकाले उपन्यास सहज र पठनीय बनेको छ । तत्सम, तद्भव र आगन्तुक शब्दको उचित संयोजन एवम् वर्णनात्मक तथा पत्रात्मक शैलीको प्रयोगले उपन्यास रोचक बनेको छ ।

**आरतीका आँसु** सामाजिक यथार्थवादका साथै मनोवैज्ञानिक यथार्थवादको प्रयोग गरि लेखिएको उपन्यास हो । सामाजिक विषयवस्तुमा लेखिएको यो उपन्यास आदि मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । उपन्यासको मूल कथानक आरती, सुशीला, सेवक र प्रकाशसँग सम्बन्धित रहेको छ । निम्नवर्गीय परिवारको जीवन आमा नहुँदा बालकमा पर्ने मनोवैज्ञानिक असर, युवायुवतीबीचको शारीरिक र आत्मिक प्रेम, ड्राइभरहरूको कामुक प्रवृति, आफ्नो कामवासना पूरा गरी अलपत्र छोडेर हिड्ने युवाको दुष्प्रवृति, सामाजिक रुढिवादी अन्धविश्वास जस्ता यथार्थ कुराको चित्रण उपन्यासले गरेको छ । उपन्यास सुखान्तमा टुङ्गिए पनि यसका घटनाहरू दुःखद वातावरणमा घटित भएका छन् । उपन्यासमा तत्कालीन समाजका सबै वर्ग क्षेत्र र स्तरका नारी तथा पुरुष पात्रको चयन गरी निम्नवर्गीय परिवारको चित्र उपन्यासले उतारिएको पाइन्छ । ग्रामीण तथा सहरीया दुवै किसिमको परिवेश उपन्यासमा रहेको छ । उपन्यासको कथानक वागलुङ, तानसेन, बुटवल, भैरहवा, पोखरा हुँदै काठमाडौँसम्मको सेरोफेरोमा घुमेको छ । उपन्यासमा रूमानियाको प्रसङ्ग पनि आएको छ । उपन्यासका प्रायजसो पात्रहरू शिक्षित रहेको छन् । सरल, सहज, सुबोध र स्तरीय भाषाको प्रयोग भएको उपन्यासमा संवादात्मक शैलीका साथै वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । छोटाछोटा संवाद र विभिन्न किसिमका उखान, सूक्ति र आलङ्कारिक भाषाले उपन्यास रोचक बनेको छ ।

सामाजिक विषयवस्तुमा लेखिएको **मनसराको चिहान** यथार्थवादी उपन्यास हो । उपन्यास आदि मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । उपन्यासका कथानक पनि सरल किसिमको छ । निम्नवर्गीय पात्रहरूको चयन गरी उनीहरूले जीवनमा गर्नुपरेको सङ्घर्ष, दुःख, पीडाको कथा उपन्यासमा रहेको छ । उपन्यासमा समाजमा यथार्थबोध

नभएकाले पात्रहरूको जीवन कारुणिक बन्न पुगेको छ । हेमन्त र स्नेहलता दाजु बहिनी हुन भन्ने थाहा नहुँदा जीवनबहादुरले उनीहरूको विवाह गरिदिनु, स्नेहलताले प्रेम गर्ने अशेषले आवेशमा आएर हेमन्तलाई मार्नु जस्ता दुःखद घटनाहरू उपन्यासमा आएका छन् । परिस्थितिवश उपन्यासका पात्रहरूको जीवन दुःखद र त्रासद बनेको छ । उपन्यास सुखान्तमा टुङ्गिए पनि उपन्यासका प्रायः सबै घटनाहरू दुःखद वातावरणमा घटित भएका छन् । मिलनमा पनि सुखानुभूति गर्न नसकिने स्थिति उपन्यासमा रहेको छ । मानिसमा हुने सन्तान प्राप्तिको चाहना, बुहविवाह, सौतेनी डाह, राष्ट्रप्रेमको भावना, विदेशमा नेपाली कामदारले भोग्नु परेको दुःख, जातीय संस्कार, नारीको कारुणिक अवस्था, मातृत्व, मानवीय बाध्यता जस्ता यथार्थ कुराको चित्रण उपन्यासमा गरिएको छ । उपन्यासमा प्रायः सबैजसो अनुकूल पात्रहरू रहेका छन् । परिस्थितिवश नराम्रो काम गर्न पुगे पनि ती पात्रहरू प्रतिकूल स्वभावका छैनन् । कैलाश र नन्दकुमार प्रतिकूल स्वभावका पात्रहरू हुन भने अरू सबै अनुकूल खालका पात्रहरू हुन् । उपन्यासमा धरान, धनकुटा, काठमाडौँ, कीर्तिपुर, भारतको लखनउसम्मको परिवेश समेटिएको छ । उपन्यासमा पात्रानुकूल सरल, सहज र स्वाभाविक भाषाको प्रयोग गरिएको छ । ठाउँठाउँमा पूर्वेली भाषिकाको प्रयोग पनि भएको छ । मूलतः सरल भाषाकै प्रयोग भएको यस उपन्यासमा आलङ्कारिक भाषाको प्रयोग पनि गरिएको छ । वर्णनात्मक र संवादात्मक शैलीका साथै पत्रात्मकशैलीले उपन्यासलाई रोचक बनाएको छ । सामाजिक जीवनको यथार्थ घटनाको प्रस्तुति गरिएको यो यथार्थवादी उपन्यास हो ।

पाँचौं परिच्छेदमा हरिभक्त बुढाथोकीका औपन्यासिक प्रवृतिको चर्चा गरिएको छ । उनका चारओटा उपन्यासमा केन्द्रित रहेर विविध औपन्यासिक प्रवृतिहरूको किटान गरी अध्ययन गरिएको छ । विभिन्न वाद, प्रणाली, भाषा, पात्र, परिवेश आदिका आधारमा प्रवृतिहरू खुट्याइएको छ ।

हरिभक्त बुढाथोकी मूलतः समाजिक यथार्थवादी उपन्याकार हुन् । उनका सबै उपन्यासहरू सामाजिक पृष्ठभूमिमा रचिएका छन् । निम्नवर्गीय परिवेशको दुःख, पीडा सङ्घर्षका साथै अशिक्षा, बेरोजगारी आर्थिक विपन्नताका कारण युवायुवतीहरू विदेशिनु परेको अवस्था, सामन्तवर्गको शोषण, अन्याय, अत्याचार, समाजिक रुढिवादी अन्धविश्वास, नारीले भोग्नुपरेको पीडा, सामाजिक संस्कृति, परम्परा, राष्ट्रप्रेम आदि विभिन्न प्रसङ्गहरूलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा सत्पात्रको विजय देखाएर सुधारवादी चिन्ता अघि सार्ने, नैतिक औपदेशिक शिक्षा दिने बुढाथोकीका उपन्यासमा आर्दशवादी प्रवृति पनि

रहेको पाइन्छ । त्यस्तै अस्तित्ववादी चिन्तन, देशप्रेम, उदारवादी दृष्टिकोण, नारी चिन्तन उपन्यासमा देखिन्छ । विभिन्न उखान, सूक्ति, अलङ्कारमय काव्यात्मक भाषाको प्रयोग भए पनि उनका उपन्यास सरल, सरस र सम्प्रेषणीय भाषामा लेखिएकाले बुढाथोकी सरल भाषाशैलीका उपन्याकार हुन् । उपन्यासमा ग्रामीण तथा सहरिया दुवै परिवेशको चित्रण गर्ने बुढाथोकी मूलतः सामाजिक यथार्थवादी उपन्यासकार हुन् ।

छैटौँ परिच्छेदमा यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा हरिभक्त बुढाथोकी २०२९ सालदेखि नेपाली उपन्यास जगत्मा देखपरेका सामाजिक यथार्थवादी उपन्यासकार हुन् । हालसम्म उनका पाँचओटा उपन्यासहरू प्रकाशित भएका छन् ।

यो शोधकार्य उपन्यासकार हरिभक्त बुढाथोकीको उपन्यासकारितामा केन्द्रित रहेको छ । भविष्यमा उनका औपन्यासिक कृतिहरूका विविध पक्षहरूलाई केलाएर शोध गर्न चाहने इच्छुक व्यक्तिहरूले निम्नलिखित शीर्षकमा शोध गर्न सक्नेछन् :

१. हरिभक्त बुढाथोकीका उपन्यासमा पात्रविधान

२. हरिभक्त बुढाथोकीका उपन्यासमा परिवेशविधान

३ हरिभक्त बुढाथोकीका उपन्यासमा सामाजिकता

# सन्दर्भग्रन्थसूची


कार्की, गङ्गादेवी, **तेरथुम जिल्लाका उपन्यासकारका उपन्यासहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग कीर्तिपुर, २०६९ ।

पौडेल, दुर्गा, **हरिभक्त बुढाथोकीको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६५ ।

बुढाथोकी, हरिभक्त, **आरतीका आँसु**, दोस्रो संस्करण, काठमाडौँ : कमला सरुप, २०६१ ।

———, **मनसराको चिहान**, दोस्रो संस्करण, काठमाडौँ : जितेन्द्र बुढाथोकी, २०६१ ।

———, **हाम्रो देश हाम्रै भविष्य**, काठमाडौँ : विराज बुढाथोकी, २०६२ ।

———, **मूलको सङ्लो पानी**, वासिङ्टन डि.सि.: अन्तर्राष्ट्रिय साहित्य समाज, २०६४ ।

———, **सन्तान**, कम्प्युटर टाइप गरिएको प्रति ।

———, **बहुरूपी साधु**, कम्प्युटर टाइप गरिएको प्रति ।

लुइटेल, खगेन्द्रप्रसाद, **नेपाली उपन्यासको इतिहास**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०६९ ।

———, 'तेरथुम जिल्लाको साहित्यिक सर्वेक्षण', **तीनजुरे** (वर्ष २, अङ्क १, २०६६ वैशाख/जेष्ठ), पृ. २४-३२ ।